वेद ६०५

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां
कात्यायन-त्रिकण्डिक-स्नानसूत्राद्यनुसारिणी

ब्रह्मयज्ञपद्धतिः

(नैपालीयभाषानिबद्ध-सप्रमाणवचन-विवेचनात्मक-
विस्तृतभूमिकायुता)

स्वाध्यायशाला
२०३६

प्रणेता
शिवराज आचार्यः कौण्डिन्न्यायनः

वेद
६०५

स्वाध्यायशाला
५०६७ (२०५९)

पे५-६०५

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिनां द्विजानां
कात्यायन-त्रिकण्डिक-स्नानसूत्राद्यनुसारिणी

ब्रह्मयज्ञपद्धतिः

(नैपालीयभाषानिबद्ध-सप्रमाणवचन-विवेचनात्मक-विस्तृतभूमिकायुता)

प्रणेता

शिवराज आचार्यः कौण्डिन्न्यायनः

आचार्यः, एम्.ए., विद्यावारिधिः (पिएच्.डि.), वाचस्पतिः (डि.लिट्.)

सम्पादकाः

आमोदवर्धनः कौण्डिन्न्यायनः शुक्लयजुर्वेदाचार्यः

प्रमोदवर्धनः कौण्डिन्न्यायनः धर्ममीमांसाचार्यः

सुमोदवर्धनः कौण्डिन्न्यायनः ब्रह्ममीमांसाचार्यः

स्वाद्ध्यायशाला

५०६७ (२०५९)

प्रकाशिकाः

(नारायणी) देवी आचार्यानी घृतकौशिकी

वेदवती आचार्यानी काश्यपी

श्रुतिमती आचार्यानी कौशिकी

स्वाद्ध्यायशालाकुटुम्बस्य कृते।

प्रथमं संस्करणम्– ५०० पुस्तकानाम्।

प्रकाशनदिनम्–

वैदिकेषु पञ्चाब्दकेषु द्वादशसु युगेषु षष्ठस्य आहिर्बुध्न्यस्य युगस्य विजया-परनामकस्य परिवत्सराख्यस्य चान्द्रस्य द्वितीयस्य वर्षस्य दक्षिणायनस्य वर्षाणाम् ऋतोः नभस्यस्य मासस्य शुक्लस्य पक्षस्य प्रतिपत् तिथिः।

(२०५९।३।२७)

मूल्यम्– २५।-

पुस्तकप्राप्तिस्थानम्–

स्वाद्ध्यायशाला, च २/४१९, सरस्स्वतीमार्गः,
लाजिम्पाट्, काष्ठमण्डपमहानगरम्–२,
नेपालदेशः, ☎ ४३३३२७।

सुसङ्गमकाक्षरयोजकः

सुमोदवर्धनः कौण्डिन्न्यायनः ब्रह्ममीमांसाचार्यः।

१५-६०५

विषयानुक्रमणिका

भूमिका ५-१०४
उपक्रम ५
धर्म ५
धर्मको आवश्यकता ७
धर्मज्ञानको साधन शास्त्र नै हो ७
शास्त्रमा वेदको प्रधानता ७
वेदमा पनि स्वशाखावेदको विशेष अनुसरणीयता ८
श्रुति-स्मृति-पुराणमा विरोध परेमा व्यवस्था ११
देश-जाति-कुल-धर्मको र राजकृत धर्मको मान्यताको व्यवस्था १२
वैदिक परम्पराका अनुयायिहरुमा धार्मिक जागरणको आवश्यकता १३
शास्त्रोक्त धर्मको आचरण गर्ने आवश्यकता १५
वर्णवर्णका व्यक्तिले आँफ्नाआँफ्ना वर्णका धर्मको सेवन गर्ने आवश्यकता १६
आश्रमआश्रमका व्यक्तिले आँफ्नाआँफ्ना आश्रमका धर्मको सेवन गर्ने आवश्यकता .. १७
वर्णाश्रमव्यवस्थाको अनादर गर्नेहरुको पुराणादिकृत निन्दा १८
स्वधर्मत्यागको र परधर्मसेवनको स्मृति-पुराणादिकृत निन्दा १९
वर्णवर्णका र आश्रमआश्रमका धर्ममा अतिप्रमुख धर्महरुको विशेष सेवनीयता २०
ब्राह्मणको लक्षण २२
वैदिक-सनातन-वर्णाश्रम-धर्ममा र वैदिक समाजमा ब्राह्मणको स्थान २३
श्रोत्रिय ब्राह्मण नभएको ग्रामको कुग्रामता र कुग्रामवासबाट पातित्यको प्राप्ति
तथा तेसको परिहारको व्यवस्थाको आवश्यकता २६
सदाचार र वैदिक-सनातन-वर्णाश्रमधर्ममा सदाचारको स्थान २९
सदाचारमा शौचव्यवस्था ३३
सदाचारमा स्नानव्यवस्था ३४
सदाचारमा सन्ध्योपासनव्यवस्था ३५
सदाचारमा भक्ष्याऽभक्ष्य-व्यवस्था ३५
सदाचारमा पेयाऽपेयव्यवस्था ३७
सदाचारमा स्पृश्याऽस्पृश्य-व्यवस्था ३८
सदाचारमा सम्भाष्याऽसम्भाष्यव्यवस्था ३९
सदाचारमा मान्याऽमान्य-व्यवस्था ४०
सदाचारमा कार्याऽकार्यव्यवस्था ४३
सदाचारमा धर्मको अनुकूल धनोपार्जनको व्यवस्था ४४

सदाचारमा बेच्न हुने र बेच्न नहुने कुराको व्यवस्था ४८
वैदिक धर्मका आचरणमा धर्मको यथाशक्ति सेव्यता ४९
धर्मको आचरणमा श्रद्धाको महत्त्व ५१
वैदिक धर्ममा ऋषि-ऋणादि ऋणको धारणा ५१
पञ्चमहायज्ञको महत्त्व र पञ्चमहायज्ञहरु ५२
पञ्चमहायज्ञ गर्न नसकेमा पनि अवश्य गर्न पर्ने कृत्य ५४
गृहस्थ ब्राह्मणका धर्ममा वेदाध्ययनको अत्यावश्यकता ५५
गृहस्थ ब्राह्मणका धर्ममा वेदाध्यापनको महत्त्व ५८
वेदको अध्ययनको शास्त्रीय विधि ६१
ब्रह्मयज्ञ र ब्रह्मयज्ञको महत्त्व ६५
ब्रह्मयज्ञको विधायक मूल ग्रन्थ ७७
ब्रह्मयज्ञ नहुने अवस्था ८०
ब्रह्मयज्ञको काल ८१
ब्रह्मयज्ञको देश ८५
ब्रह्मयज्ञमा पडिने ग्रन्थहरु ८७
ब्रह्मयज्ञको (स्वाध्यायाध्ययनको) विशेष माहात्म्य ९१
पण्यवीथिमा (बजारमा) पाइने ब्रह्मयज्ञपद्धतिहरु ९२
कात्यायनोक्त ब्रह्मयज्ञका पदार्थहरुको सङ्क्षिप्त परिशीलन ९६
आसन ९६
दर्भग्रहण ९७
वेदाध्ययनमा ब्रह्माञ्जलि ९७
न्यास ९७
ओङ्कारको र सावित्र गायत्रीको प्रयोग ९८
स्वाध्याय १००
अनिराकरणमन्त्र १०१
ब्रह्मयज्ञाङ्ग तर्पण १०२
प्रस्तुत ब्रह्मयज्ञपद्धतिको प्रकाशनको आवश्यकता १०३
आस्तिक सज्जन विद्वान्हरुबाट कृपाको आशा १०३
ब्रह्मयज्ञपद्धतिः १०५-११८
परिशिष्टम् ११९-१२०
(क) वैदिक-कालज्ञानम् ११९
(ख) सङ्कल्परचनाप्रकारनिदर्शनम् १२०

भूमिका

न ब्रह्मयज्ञादधिकोऽस्ति यज्ञो न तत्प्रदानात् परमस्ति दानम्।
सर्वे तदन्ताः क्रतवः सदाना नाऽन्तो दृष्टः कैश्चिदस्य द्विकस्य॥
—कात्यायनस्मृति (१४।८)।

उपक्रम

वैदिक-सनातनवर्णाश्रमधर्ममा धर्मको मूल वेद हो। वेदको परिपालनमा ब्रह्मयज्ञको अद्वितीय स्थान छ। अरु आह्निक नित्यकर्म गर्न नसकेमा सामान्य सदाचारको पालना गर्दै यथाशक्ति स्नान तथा सन्ध्योपासन र ब्रह्मयज्ञ तथा ब्रह्मयज्ञाङ्गतर्पणसम्म मात्र गरेपनि ब्राह्मण कृतकृत्य हुने कुरा धर्मसूत्र-स्मृति-पुराणादिशास्त्रबाट देखिञ्छ। तसर्थ यथासम्भव रूपमा नै भनेपनि जानिबुजि श्रद्धाभक्तिपूर्वक यथाविधि ब्रह्मयज्ञ गर्न छोडि ब्राह्मणहरुले अरु वैश्वदेवकर्म तथा आफ्ना शाखाका वेदमन्त्रसंहिता-ब्राह्मणग्रन्थ-श्रौतसूत्र-गृह्यसूत्र-श्रौतगृह्यपरिशिष्ट-धर्मसूत्रहरुमा, मनुस्मृति-याज्ञवल्क्यस्मृति-पराशरस्मृति इत्यादि प्रधान अनुस्मृति-हरुमा र प्रमुख महापुराणहरुमा पनि विधान नभएका, मुख्य वैदिक मार्गका अधिकारि ब्राह्मणहरुले गर्नै नपर्ने वा नगरे पनि हुने, ऐच्छिक अवैदिक तन्त्रमूलक पञ्चायतनदेवतापूजा-शालग्रामशिलापूजा-विष्णुपूजादि अरु कर्म गर्नु त अत्यन्त अनुचित देखिञ्छ। तेसैले वैदिकपरम्पराका मूलशास्त्रमा तथा प्रमुख मूल कुराहरू-मा विशेष ममता आस्था जिज्ञासा र श्रद्धा भएका वैदिक धार्मिक सज्जनहरुलाइ उपनयन (व्रतबन्ध) भएर गायत्री मन्त्र सुनेदेखि नै नित्त्य गर्न पर्ने ब्रह्मयज्ञका सम्बन्धमा मुख्यमुख्य कुराहरुको राम्ररि नै परिचय दिन र ब्रह्मयज्ञको महत्त्व स्पष्ट पार्दै स्वशाखासूत्रानुसार शुद्ध रूपमा ब्रह्मयज्ञको अनुष्ठान गर्नमा उक्त प्रकारका सज्जनहरुको ध्यान आकृष्ट गर्न पनि ब्रह्मयज्ञपद्धतिका भूमिकाका रूपमा याँहाँ केइ विस्तृतै चर्चा प्रस्तुत गरिंदै छ।

धर्म

धर्म भन्नाले वैदिक परम्परामा वेदले गर्नु भनेको कर्म बुजिञ्छ। वेदले नगर्नु भनेको कर्मलाइ अधर्म वा पाप भनिञ्छ। वेदले गर्नु पनि नभनेको नगर्नु पनि नभनेको कर्म धर्म पनि भनिंदैन, पाप पनि भनिंदैन। तेस्तो कर्म साधारण लौकिक

कर्म मानिञ्छ। याँहाँ वेद भन्नाले वेद र वेदका अनुयायि तथा वेदका/अनुकूल वा अविरोधि वेदाङ्ग-वेदोपाङ्ग-अनुस्मृति-पुराणहरु समेत बुजिञ्छन्। एस विषयमा विशेष प्रतिपादन वैदिक धर्म मूल रूपमा भन्ने ग्रन्थमा गरिएको छ। कोइ "अहिंसा परमो धर्मः", "परोपकारः पुण्याय पापाय परपीडनम्" इत्यादिलाइ नै मुख्य धर्म-लक्षण भञ्चन्, किन्तु वैदिक परम्परामा ति धर्मका लक्षण मानिँदैनन्, ति धर्मका उपलक्षण मात्र हुन्, ति कतै मिल्चन् कतै मिल्दैनन्। यो कुरा गीतामा श्रीकृष्णले अर्जुनलाइ वेदशास्त्रोक्त स्वधर्म (क्षत्रियधर्म) पालना गर्न अराउँदै बाउ-बुडाबाउ-आचार्य-गुरु-मामा-दाजु-भाइ-छोरा-नाति-मित्र-ससुराहरुलाइ मार्नमा प्रवृत्त गराएको भन्ने कुरा उल्लिखित भएकाले पनि स्पष्ट हुञ्छ। छलि-जालि-ठग-चोर-डाँका-खुनि-आततायि इत्यादिको उपकार गर्नुलाइ त कसैले पनि धर्म मान्दैन होला। तसर्थ वैदिक परम्परामा वेदविहित अर्थलाइ नै धर्म मानिञ्छ। तेसैले "चोदना-लक्षणोऽर्थो धर्मः" भनिएको हो। एस सम्बन्धमा तल लेखिएका वचन विशेष स्मरणीय छन्—

(क) यतोऽभ्युदयनिश्श्रेयससिद्धिः स धर्मः।—वैशेषिकसूत्र १।१।२।

(ख) चोदनालक्षणोऽर्थो धर्मः।—जैमिनीयधर्ममीमांसासूत्र १।१।२।

(ग) श्रुतिस्मृतिविहितो धर्मः, तदलाभे शिष्टाचारः प्रमाणम्।
—वासिष्ठधर्मसूत्र १।४५।

(घ) वेदोक्तः परमो धर्मः स्मृतिशास्त्रगतोऽपरः।
शिष्टाचारोऽपरः प्रोक्तस् त्रयो धर्माः सनातनाः॥—महाभा.अनु.१४१।६५।

(ङ) श्रुतिस्मृतिभ्यां कथितं यत् स धर्मः प्रकीर्तितः।
अन्यशास्त्रेण यः प्रोक्तो धर्माभासः स उच्यते॥—देवीभाग.७।३९।१५।

(च) श्रुतिस्मृती उभे नेत्रे पुराणं हृदयं स्मृतम्।
एतत्त्रयोक्त एव स्याद् धर्मो नाऽन्यत्र कुत्र चित्॥—देवीभा.११।१।२१।

(छ) वेदप्रणिहितो धर्मो ह्यधर्मस् तद्विपर्ययः।
वेदो नारायणः साक्षात् स्वयम्भूरिति शुश्रुम॥—भागवत ६।१।४०।

(ज) श्रुतिस्मृतिपुराणेषु प्रोक्तो धर्मः सनातनः।
वर्णाश्रमस्वरूपेण निषेव्यः सर्वदा जनैः॥—स्कन्दपु.ब्राह्मखण्ड ३।११।१७।

धर्मको आवश्यकता

शासककृतदण्डव्यवस्थाले वा सामाजिक असम्मतिले मात्र राष्ट्रमा समाजमा र कुटुम्बमा पनि पापाचरण वा अपराध रोक्न राम्ररि नसक्ने हुनाले र तिनले सुखका वा दुःखका समयमा पनि मनुष्यलाइ सुमार्गमा चल्न र धैर्य गर्न पनि राम्ररि काम दिन नसक्ने हुनाले बाँच्ता न्याय्यवृत्तिपरायण भएर बाँच्न र मोर्दा स्वर्गनिष्ठ वा ब्रह्मनिष्ठ भएर मोर्न पनि मानवहृदयलाइ तत्पर बनाउनका लागि लोकमा धर्मविचार अत्यावश्यक छ। एस विषयमा तलको उक्ति स्मरणीय छ—

न्यायसंस्थापनार्थं च सुखशान्त्यर्थमेव च।
लोके धर्मविचारस्याऽऽवश्यकत्वमिति स्थितिः॥

धर्मज्ञानको साधन शास्त्र नै हो

यद्यपि वैदिक परम्परामा पूर्त धर्मका रूपमा लिइएका बाटो, चौतारो, पाटि, पौन्ना, फड्के, साँघु, पुस्तकालय, विद्यालय, औषधालय इत्यादि बनाउने परोपकारि कामका रूपमा गरिने धर्म लोकबाट पनि जान्न सकिञ्छ, तथापि एस्ता कामलाइ मुख्य रूपमा धर्म नभनेर सुकृत (सुकर्म वा राम्रो काम) मात्र भनिञ्छ। धर्म भन्नाले त श्रुति-स्मृति-पुराणले विधान गरेका यागादि कर्म नै बुजिञ्छन्। तसर्थ धर्मज्ञान गर्ने साधन वेद-वेदाङ्गादि शास्त्र नै मानिञ्छन्। याज्ञवल्क्यस्मृतिमा पुराण-हरु, तर्कशास्त्र, मीमांसान्याय, मन्वादिस्मृतिरूप धर्मशास्त्र, श्रौतसूत्रगृह्यसूत्रादि-रूप कल्प, शिक्षा, व्याकरण, निरुक्त, छन्दशास्त्र, ज्योतिष एति दस विद्याले सहित ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद नै धर्मका ज्ञापक शास्त्र हुन् भनि चौद विद्याको धर्मका ज्ञापकका रूपमा निर्धारण गरिएको छ। जस्तै—

पुराण-तर्क-मीमांसा-धर्मशास्त्रा-ऽङ्गमिश्रिताः।
वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश॥—याज्ञवल्क्यस्मृति १।३।

शास्त्रमा वेदको प्रधानता

याज्ञवल्क्यस्मृतिका उक्त वचनमा पुराणादिशास्त्र विशेषणका रूपमा उल्लिखित भएकाले र वेद चाहँ विशेष्यका रूपमा उल्लिखित भएकाले धर्मज्ञानमा वेदको नै प्रधानता मानिञ्छ भन्ने कुरा तेसै वचनबाट पनि स्पष्ट हुञ्छ।

एस्तै वेदप्रधानशास्त्रबाट नै धर्म-अधर्मको व्यवस्थित ज्ञान हुञ्छ, व्यक्तिपिच्छे विभिन्न रूपमा प्रस्तुत हुने अव्यवस्थित मानवीय तर्कका वा भनाइका मात्र आधारमा तेस्तो ज्ञान हुन सक्तैन भन्ने कुरा भर्तृहरिले वाक्यपदीयग्रन्थमा खोलेर लेखेका छन्। जस्तै–

न चाऽऽगमादृते धर्मस् तर्केण व्यवतिष्ठते।
ऋषीणामपि यज् ज्ञानं तदप्यागमहेतुकम्॥–१।३०।

हस्तस्पर्शादिवाऽन्धेन विषमे पथि धावता।
अनुमानप्रधानेन विनिपातो न दुर्लभः॥–१।४७।

महाकवि भारविले पनि किरातार्जुनीयमा भनेका छन्–

मतिभेदतमस्तिरोहिते गहने कृत्यविधौ विवेकिनाम्।
सुकृतः परिशुद्ध आगमः कुरुते दीप इवार्थदर्शनम्॥–२।३३।

उक्त वेदादिशास्त्रहरुको परिचय वैदिक धर्म मूल रूपमा भन्ने ग्रन्थमा केइ विस्तृतै रूपमा दिइएको छ। त्यो तिँहिँ हेर्नुहोला।

वेदमा पनि स्वशाखावेदको विशेष अनुसरणीयता

चार वेदमध्ये ऋग्वेदका एक्काइस शाखा, यजुर्वेदका एक सए एक शाखा, सामवेदका हजार शाखा र अथर्ववेदका नौ शाखा भएको कुरा पाणिनीय-व्याकरणभाष्यमा लेखेको पाइञ्छ। तिमध्ये ऐले ऋग्वेदका मुख्य दुइ शाखा, यजुर्वेदमा शुक्लयजुर्वेदका दुइ शाखा र कृष्णयजुर्वेदमा मुख्य तिन शाखा, साम-वेदका मुख्य दुइ शाखा र अथर्ववेदका पनि मुख्य दुइ शाखा मात्र पाइञ्चन्। तेसमा नेपालका अधिकांश ब्राह्मणहरु माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका अध्येता भएका बुजिञ्छन्। आँफ्ना ब्याउबाजेले पड्दै आएको वा नामकरण, अन्न-प्राशन, चूडाकर्म, उपनयन, विवाह इत्यादि कर्ममा अँगाल्दै आएको शाखाको वेद-लाइ स्वशाखावेद भञ्चन्। उपनयन-विवाहादिकृत्यका सङ्कल्पमा "माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायी" इत्यादि उच्चारण गर्ने गरिएको-नगरिएको कुराबाट समेत ब्राह्मणले आफ्नो वेदशाखाको निश्चय गर्नपर्छ। निश्चित वेदशाखा नभएको व्यक्तिको ब्राह्मणत्व नै सन्देहमा पर्छ। तेस्तो वेदशाखा नभएको व्यक्ति ब्राह्मणै हुँदैन।

उक्त प्रकारले आँफ्नो वेदशाखा छुट्टिने हुनाले ब्राह्मणले व्रतबन्ध भएपछि मुख्य रूपमा आफ्नै वेदशाखाका मन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, परिशिष्टग्रन्थ इत्यादि ग्रन्थ पडेर तिनैमा बताइएका विधानले धर्मकृत्य गर्नपर्छ। व्रतबन्ध गरेर वेद-वेदाङ्ग पड्ने व्यवस्था गरिएको नै तेसरि पडिएका ग्रन्थका विधानअनुसार नै धर्मकर्मादि गर्न हो। पड्दा तेसरि ति ग्रन्थ पड्ने धर्मकर्मादि अरु नै ग्रन्थका विधानअनुसार गर्ने गर्न ति ग्रन्थ तेसरि पड्ने-पडाउने व्यवस्था गरिएको हैन। आँफ्ना शाखासूत्रादिको अनादर गरि अरु ग्रन्थतिर दकुर्दा शाखारण्ड भइञ्च, भ्रूणहत्यातुल्य पातक लाग्छ, नरकका कालकोठरिमा पर्न पर्ने हुञ्च भन्ने समेतका शास्त्रवचन पाइञ्छन्। जस्तै—

हित्वा स्वस्य द्विजो वेदं यस्त्वधीते परस्य तु।
शाखारण्डः स विज्ञेयः सर्वधर्मबहिष्कृतः॥—लघ्वाश्वलायनस्मृति २४।१९।

न जातु परशाखोक्तं बुधः कर्म समाचरेत्।
आचरन् परशाखोक्तं *शाखारण्डः* स उच्यते॥
—वसिष्ठवचन, संस्कारगणपति, पृ.१०।

स्वशास्त्रे विद्यमाने यः परशास्त्रेण वर्तते।
भ्रूणहत्यासमं तस्य स्वशास्त्रमवमन्यतः॥—बौधायनश्रौतसूत्र २९।८।

यः स्वशाखोक्तमुत्सृज्य परशाखोक्तमाचरेत्।
अप्रमाणमृषिं कृत्वा *सोऽन्धे तमसि मज्जति॥*
—वसिष्ठवचन, संस्कारगणपति, पृ.१०।

यः स्वसूत्रमतिक्रम्य परसूत्रेण वर्तते।
अप्रमाणमृषिं कृत्वा सोऽप्यधर्मेण युज्यते॥
—विष्णुधर्मोत्तरपुराण २।१२७।४८-४९।

स्वगृह्यचोदितं कर्म द्विजः कुर्वन् कृती भवेत्।
अन्यथा पतितो भूयात् सर्वधर्मबहिष्कृतः॥—नारदीयमहापु.१।२४।१०।

शाखां शिखां च सूत्रं च समयाऽऽचारमेव च।
पूर्वैराचरितं कुर्यादन्यथा पतितो भवेत्॥
—मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ-६, पृ.७२।

स्वगृह्योक्तमनल्पं वाऽप्यल्पं यस्य प्रचोदितम्।
तावदेव तु कर्तव्यं तेन सर्वं कृतं भवेत्॥

यावदुक्तं स्वस्वगृह्ये न कृतं तावदेव तत्।
परोक्तं वा विमिश्रं वा कृतमप्यकृतं भवेत्॥

—कातीयमन्त्रभ्रान्तिहरसूत्र, श्लो.९२,९३।

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाको मन्त्रसंहिता (४० अध्यायको) प्रसिद्धै छ। शतपथब्राह्मण ग्रन्थ (१०० अध्यायको) अगि सारै दुर्लभ थियो। आजभोलि छापिएकाले केइ महँकै भए पनि दिल्लिमा वाराणसीमा किन्न पाइञ्छ। कात्यायनश्रौतसूत्र (२६ अध्यायको) पनि छापिएको छ। पारस्करगृह्यसूत्र (३ काण्डको) भाष्यपञ्चकसहित, भाष्यद्वयसहित र हरिहरभाष्यसहित वा मूल मात्र पनि किन्न पाइञ्छ। शतपथब्राह्मणादिग्रन्थ गुरुमुख गरेर पडेका शुद्धकुलीन ब्राह्मण भने आजभोलि सुदुर्लभ छन्। अरु कात्यायन-त्रिकण्डिक-स्नानसूत्र, कात्यायनश्राद्धकल्पसूत्र इत्यादि केइ श्रौतगृह्यपरिशिष्टग्रन्थहरु पनि छापिएका छन्। याज्ञवल्क्यस्मृति माध्यन्दिनीय-वाजसनेयिशाखाको नभए पनि जाबाल-वाजसनेयिप्रभृतिका कुनै शुक्लयजुर्वेदशाखाको नै भएकाले सामान्यतया धर्मसूत्रको काम तेसैबाट चलाइञ्छ। इनै ग्रन्थ माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका लागि धर्म-मोक्षमा परम प्रमाण हुन्। आँफुलाइ माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि भनि व्रतबन्ध-विवाहादिमा सङ्कल्प गर्नेहरुले इ ग्रन्थमा बताइएका स्नान-सन्ध्योपासनादि नित्यकर्म, नामकरण-अन्नप्राशन-चूडाकर्म-व्रतबन्ध-विवाहादि संस्कारकर्म, उदककर्म-(अन्त्येष्टिकर्म)-श्राद्धकर्महरु, तथा गृह्यअग्न्याधान, सायम्प्रातर् अग्निपरिचरण-पञ्चमहायज्ञादि गृह्यकर्म र श्रौतअग्न्याधान अग्निहोत्र-दर्शपूर्णमासयागादि श्रौतकर्महरु पनि मुख्य रूपमा इनै ग्रन्थका विधानअनुसार गर्नपर्छ; इ ग्रन्थका विधानहरुको बेन्नास्ता वा जानिजानि स्वेच्छाले अनादर गर्ने शाखारण्डहरुले आँफुलाइ माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि भन्न मिल्दैन। निर्णयसिन्धु-धर्मसिन्धुजस्ता प्रचलित धर्मशास्त्रनिबन्धग्रन्थहरु अन्यशाखाका व्यक्तिले बनाएका हुनाले तिनमा बताइएका कुरा आँफ्ना शाखासूत्रका अनुकूल भए मात्र ग्राह्य हुञ्छन्, नत्र हुँदैनन्। अन्य शाखाका वेद-स्मृति-पुराणहरुका कुरा आँफ्ना शाखाका अनुकूल वा अविरोधि भए मान्य हुञ्छन्, प्रतिकूल वा विरोधि भए मान्य हुँदैनन्। स्मृति-पुराणहरुमा पनि स्वशाखाका अनुकूल चाहिँ नै विशेष ग्राह्य हुञ्छन्। एसरि स्वशाखाश्रुतिसूत्रादि मूलशास्त्रको महत्त्व धेरै छ र तिनको ज्ञानका र अभ्यासका दृष्टिले ब्रह्मयज्ञको महिमा पनि सारै नै धेरै छ। यो कुरा तल अज्झै स्पष्ट गरिँदै छ।

श्रुति-स्मृति-पुराणमा विरोध परेमा व्यवस्था

श्रुति-स्मृति-पुराणमा विरोध परे सामान्यतया श्रुति नै प्रमाण हुञ्छ, स्मृतिमा र पुराणमा विरोध परे स्मृति नै प्रमाण हुञ्छ। भनिएको पनि छ—

श्रुतिस्मृती उभे नेत्रे पुराणं हृदयं स्मृतम्।
एतत्त्रयोक्त एव स्याद् धर्मो नाऽन्यत्र कुत्र चित्॥
विरोधो यत्र तु भवेत् त्रयाणां च परस्परम्।
श्रुतिस् तत्र प्रमाणं स्याद् द्वयोर् द्वैधे स्मृतिर् वरा॥
श्रुतिद्वैधं भवेद् यत्र तत्र धर्मावुभौ स्मृतौ।
स्मृतिद्वैधं तु यत्र स्यात् विषयः कल्प्यतां पृथक्॥
पुराणेषु क्वचिच् चैव तन्त्रदृष्टं यथातथम्।
धर्मं वदन्ति तं धर्मं गृह्णीयान् न कथञ्चन॥—देवीभा.११।१।२१-२४।

माथि देवीभागवतका वचनमा श्रुति-स्मृति-पुराणमा बताइएको कुरा मात्र धर्म हो भन्ने कुरा मूल वैदिक मार्गलाइ लिएर भनिएको हो। मूल वेदमार्गमा अधिकार नभएकाहरुका लागि उपदिष्ट हैरण्यगर्भ, वैष्णव, शैव, शाक्त, सौर, गाणपत्य, कौमार इत्यादि तन्त्रका कुरा पनि वैदिक मार्गका अनुकूल वा अविरोधि भएमा वैदिकहरुले पनि ति लिन सक्ने देखिए पनि वास्तवमा वेदनिष्ठहरुका लागि ति तन्त्रका कुरा सामान्यतया अग्राह्य नै मानिञ्छन्। भनिएकै पनि छ—

सर्वथा वेदभिन्नार्थे नाऽधिकारी द्विजो भवेत्।
वेदाधिकारहीनस्तु भवेत् तत्राऽधिकारवान्॥—देवीभा.७।३९।३२-३३।

यत् तु तन्त्रानुरोधेन कथितं तत् परित्यजेत्।
धर्मशास्त्रे पुराणे च यत्नतो वैदिको जनः॥—पराशरपुराण ६।३१।

वेदाङ्गं धर्मशास्त्रं च पुराणं भारतं तथा।
देशजातिकुलाचारमपरं च समासतः॥
विरोधे सति वेदेन वेदमार्गैकसंस्थितः।
ब्राह्मणः क्षत्रियोऽन्यो वा निश्शङ्कं परिवर्जयेत्॥-पराशरपु.१०।६३,६४।

स्मृतिसन्दर्भका षष्ठभागमा प्रकाशित मार्कण्डेयस्मृतिमा (पृ.६६), वैक्रमाब्दका बारौं शतकका वल्लालसेनका दानसागरका उपक्रमणिकामा (पृ.७), नेपाल-राष्ट्रिय-पुस्तकालयले प्रकाशित गरेका वैक्रमाब्दका चौदौं शतकतिर

लेखिएका जगन्मोहन भन्ने ग्रन्थका तिथिफलाध्यायमा (पृ.२०७), वैक्रमाब्दका सत्रौं शतकमा लेखिएका वीरमित्रोदयका संस्कारप्रकाशमा (पृ.६५५), बलदेव उपाध्यायका पुराणविमर्श भन्ने ग्रन्थमा (सन्.१९८७; पृ.५३०), काशिका प्रख्यात पण्डित बदरीनाथ शुक्लका मार्कण्डेयपुराण एक अध्ययन भन्ने ग्रन्थका प्राक्कथनमा (पृ.९-१०) पनि पुराणहरुमा प्रक्षेपहरु भएको र पुराणहरुका पाठ वेदका पाठजस्ता व्यवस्थित नभएको कुरा बताइएकाले रं हरिहरानन्द करपात्रिले पनि "व्यासोक्त-पुराणानां श्रुतिस्मृत्यनुसारेणैव व्यवस्था युक्ता" (चातुर्वर्ण्यसंस्कृतिविमर्श, द्वितीय भाग, पृ.९५) इत्यादि भनेकाले पनि स्मृति-पुराणादिका मात्र भरमा सर्वदा धर्म-निर्णय हुन नसक्ने हुँदा वैदिक परम्परामा धर्म-मोक्ष-निर्णयमा मूल रूपमा वेदको नै आश्रय लिन पर्ने देखिञ्छ र अनादिकालदेखि नै यो व्यवस्था मान्य रैआएको छ भन्ने कुरा पनि याँहाँनेर सम्जन पर्छ।

देश-जाति-कुल-धर्मको र राजकृत धर्मको मान्यताको व्यवस्था

माथि लेखिएका पराशरपुराणका वचनबाट देशधर्म, जातिधर्म, कुलधर्म इत्यादि पनि वेदादिशास्त्रका अविरोधि भएमा मात्र अनुसरणीय हुञ्छन् नत्र हुँदैनन् भन्ने कुरा स्पष्ट हुञ्छ। यो कुरा "देशजातिकुलधर्माश्चाऽऽम्नायैरविरुद्धाः प्रमाणम्" (२।२।२०) भनि गौतमधर्मसूत्रमा र *"निजधर्माऽविरोधेन* यस्तु सामयिको भवेत्। सोऽपि यत्नेन संरक्ष्यो धर्मो राजकृतश्च यः" (२।१८६) भनि याज्ञवल्क्यस्मृतिमा पनि जनाइएकै छ। एस्तै प्रकारको कुरा "समयाचारिका धर्मा जातिदेशकुलोद्भवाः। ग्रामाचाराः परिग्राह्या ये च *विद्याऽविरोधिनः"* भनि लौगाक्षिस्मृतिमा (स्मृतिसन्दर्भ-६, पृ.२७०; द्र.- गोपीनाथभट्टकृत संस्काररत्नमाला, पूर्वार्ध, प्रथमखण्ड, पृ.१३) पनि प्रति-पादित देखिञ्छ। "यस्य देशस्य यो धर्मः प्रवृत्तः सार्वकालिकः। *श्रुति-स्मृत्यवि-रोधेन* देशदृष्टः स उच्यते" (पराशरमाधवीय, व्यवहारकाण्ड, पृ.३१) भन्ने कात्यायनको वचन पनि पाइञ्छ। तसर्थ "येनाऽस्य पितरो याताः" (मनु.४।१७८) इत्यादि भनाइको तात्पर्य पनि स्वकुलपरम्पराले अँगालेको वेदशाखाविशेषको अनुकूल आचरण गर्दा नै कल्याण हुञ्छ भन्ने हो, स्वशाखा-वेदसूत्रादिप्रतिकूल भ्रममूलकादि परम्पराको वा श्रुतिस्मृतिपुराणोक्त-वर्णाश्रमव्यवस्थाको विरोधि नियमको पनि पालनै गर्दा कल्याण हुञ्छ भन्ने त हुँदैहैन भन्ने कुरा राम्ररि बुज्नपर्छ। याँहाँनेर पूर्वज मूढ थिए भने आँफु पनि मूढ नै हुनपर्छ भन्ने केइ प्रमाण छैन भन्ने शाङ्करभाष्यको "न हि

पूर्वजो मूढ आसीदित्यात्मनाऽपि मूढेन भवितव्यमिति किञ्चिदस्ति प्रमाणम्" (ब्रह्ममीमांसासूत्र २।१।११) भन्ने उक्ति पनि विशेष स्मरणीय छ।

वैदिक परम्पराका अनुयायिहरुमा धार्मिक जागरणको आवश्यकता

आजभोलि पश्चिमा राजनीति अर्थनीति समाजनीति शिक्षानीति इत्यादिका प्रभावले हाम्रो वैदिक जीवनपद्धति नराम्ररि आक्रान्त हुँदै गएको पाइञ्छ। सबै क्षेत्रमा विकृतिले जरा गाड्दै गएको देखिञ्छ। परचक्रिहरु भूमण्डलमा आँफ्नो आर्थिक र सैनिक सर्वश्रेष्ठताका साथै धार्मिक सांस्कृतिक तथा शैक्षिक सर्वश्रेष्ठता पनि स्थापित गर्नका लागि नानाप्रकारले प्रयासरत रहेको बुजिञ्छ। धार्मिक-सांस्कृतिक-दार्शनिक रूपमा वैदिक परम्पराको नै सर्वश्रेष्ठता मान्ने ब्राह्मणहरु तिनको उक्त प्रयासको सफलतामा ठुला बाधकका रूपमा रहेका देखिञ्छन्। तेसैले तिनिहरुले भागवतमा वर्णित हिरण्यकशिपुका पक्षले (७।२।१०-१२) र कंसका पक्षले (१०।४।३९-४२) भैँ ब्राह्मणहरु नै वैदिक अध्यात्मवादका र वैदिक-सनातन-वर्णाश्रमधर्मका मूल भएकाले तिनलाइ नसिद्याइ वैदिक आध्यात्मिक सभ्यतालाइ सिद्याउन नसकिने कुरा बुजि वैदिक-शास्त्रका र वैदिक-परम्पराका वाहक वैदिक-मूलधाराका ब्राह्मणहरुका विरुद्ध हाम्रै समाजमा आक्रोश बडाउन र तिनलाइ सिद्याउन अनेक उपायको प्रयोग पनि गरिरहेको प्रतीत हुञ्छ। हाम्रा निकट भूतकालका इतिहासमा पनि आँफ्ना आचरणको अशास्त्रीयता छिपाउनका लागि शास्त्रको प्रकाशलाइ र धर्मको अनुशासनलाइ नसहने प्रभावशालि व्यक्तिले तन्त्रमार्गको विशेष प्रचार गरि वैदिकशास्त्रको अनुशासन भङ्गगर्न र वर्णव्यवस्था मास्न देशमा भैरवीचक्रको प्रवर्तन गर्ने प्रयास गरेको भन्ने कुरा पनि समाजमा चर्चित पाइञ्छ। त्यो प्रयास तेस वेला तेति सफल हुन सकेको भने पाइँदैन। सए-डेडसए वर्ष एता भने भारतवर्षमा इसाइ धर्म फैलाउन चाहाने परचक्रिहरुले र तिनबाट प्रभावित भएका कथित समाज-सुधारकहरुले श्रुति-स्मृति-पुराणशास्त्र-विरुद्ध र वैदिक-सनातन-वर्णाश्रमधर्मव्यवस्था-विरुद्ध धेरै क्रियाकलाप गरेको र तेसको प्रभाव ऐले पनि समाजमा गम्भीरै रूपमा परिरहेको पाइञ्छ। अरु कुरा परै छ, नेपालि भाषाको व्याकरण पनि यास्क-पाणिनि-कात्यायन-पतञ्जलि-वररुचि-भर्तृहरिहरुका शाश्वत सिद्धान्तमा चलेका हजारन् वर्षका भाषा-व्याकरण-चिन्तन-

लाइ पाखा लगाइ पश्चिमाहरुको अनुकरण गरेर बनाउने र बलजफत लाद्ने गरिएकाले प्रस्तुत लेखकले तेसका विरुद्ध पनि निरन्तर सङ्घर्ष गर्न परिराखेको छ। वैदिकशास्त्रको प्रकाशलाइ, वैदिकधर्मको अनुशासनलाइ र वैदिक-ब्राह्मण-हरुको धर्म-अर्थ-काम-मोक्ष-समन्वय-परक-जीवन-पद्धतिगत आदर्शलाइ समाप्त गरिदिन सकेमा आँफ्नो अनाचार-दुराचार-भ्रष्टाचार आलोचनाको विषय बन्ने सम्भावना नै समाप्त हुने, अँध्यारामा स्वच्छन्द लुट मच्चाउन पाइने, आँफ्नो भ्रष्टाचार-मूलक सुखसयल निरापद हुने र आँफुलाइ पश्चिमाहरुबाट प्राप्त संरक्षण र प्रोत्साहन पनि निरन्तर प्राप्त भैरहन सक्ने ठानि ऐले पनि नेपालमा सबै क्षेत्रमा पश्चिमा आदर्शका वाहकका रूपमा परिणत हुनपुगेका, पश्चिमा शिक्षा पाएका, अनाचारि दुराचारि भ्रष्टाचारि अर्थकामपरायण प्रभावशालि व्यक्तिहरुले नेपालमा वैदिक-शास्त्रको प्रकाशलाइ, वैदिक धर्मको अनुशासनलाइ र वैदिक-सनातन-वर्णाश्रम-धर्म-व्यवस्थालाइ पनि समाप्त गरिदिनका लागि नानाप्रकारका वैदिकशास्त्रविरुद्ध चरित्रलाइ र क्रियाकलापलाइ अँगाल्ने र प्रोत्साहित गर्ने गरि आँफ्नो प्रयास तीव्र गरेको देखिञ्छ। पश्चिमाहरुले पनि भारतवर्षका राजनीतिक सैनिक प्राशासनिक आर्थिक शैक्षिक र सामाजिक क्षेत्रका प्रभावशालि प्रत्येक व्यक्तिका वा कुटुम्बका सन्ततिलाइ पश्चिमि देशहरुमा लगि धन-मान दिलाइ आँफ्ना सांस्कृतिक दास बनाउने र भूमण्डलशोषकसामन्तप्रेष्यवर्गमा सम्मिलित गर्ने प्रयास समेत धूर्तता-पूर्ण रीतिले तीव्र रूपमा गरिरहेको बुजिञ्छ। जानिजानि विपन्नताले गर्दा वा लोभ-लालचले गर्दा वा नजानेर नबुजेर तेसै हाहाका भरमा पनि तेस्तै क्रियाकलापबाट घसेटिन पुग्नेहरु पनि नेपाल-भारतमा धेरै नै भएका बुजिञ्चन्।

एस अवस्थामा वैदिक शास्त्रका, धर्मका र परम्पराका प्रमुख वाहक ब्राह्मणहरुले आँफ्नो मौलिक परम्परालाइ राम्ररि बुजेर तदनुकूल मनस्स्थिति बनाइ, भावनात्मक पतन त्यागि, परचक्रिहरुका र तिनका आदर्शका अनुयायि अन्यायि-अनाचारि-दुराचारि-भ्रष्टाचारि प्रभावशालि व्यक्तिहरुका आशामुखि सेवक र धर्मविनाशमा सहयोगि उपकरण हुनबाट बचि, अरुको दास भएर रसिलो गास खाने आस छोडि, आँफ्नै धर्म्य उपार्जनका सुक्खा रोटिमा सन्तोष गर्दै त्यक्तभोग-प्रधान न्याय्य वृत्तिमा रमाएर मोर्न तत्पर भै सदाचारद्वारा चरित्रबल बडाइ आँफ्नो, वैदिक-समाजको र लोकको पनि उद्धार गर्न अगि सर्न सक्ने बन्नु आवश्यक हुन आएको छ। एस विषयमा जागरण ल्याउन प्रस्तुत-ब्रह्मयज्ञपद्धतिकारले 'वैदिक

धर्म मूल रूपमा' भन्ने ग्रन्थ पनि प्रकाशमा ल्याइसकेको छ (२०४५) र तेस ग्रन्थको परिष्कृत परिवर्धित द्वितीय संस्करण प्रकाशित गर्न प्रयास पनि गर्दै छ। वैदिक-धर्मका मूलभूत सबै कुराको बोध त तेसै ग्रन्थबाट हुनसक्छ। धर्मको मूल जरो वेद भएकाले र वेदको मूल जरो सन्ध्योपासन भएकाले तेसका विषयमा चेतनाको विस्तार भएमा नै वैदिक धार्मिक जागरणका लागि जग बस्न सक्ने हुनाले उक्त चेतनाको विस्तार गर्न र धर्मको आर्को जरो सदाचारको पालनमा ध्यान आकृष्ट गर्न पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखासूत्रको पूर्णअनुकूल सन्ध्यो-पासनपद्धतिग्रन्थ पनि केइ विस्तृतै भूमिकाका साथमा समाजका समक्ष प्रस्तुत गरिसकिएको छ (२०५६)। ब्राह्मणहरुका लागि देवकार्यभन्दा पनि पितृकार्य विशिष्ट मानिएकाले (मनु.३।२०३) र ब्राह्मणत्वको रक्षामा सन्ध्योपासनको जस्तै क्षयाहश्राद्धको (क्षयतिथिश्राद्धको) पनि प्रमुख स्थान रहने कुरा मानिएकाले (स्मृतिसन्दर्भ-६, पृ.२२०) पनि तेसै प्रसङ्गमा एकोद्दिष्टश्राद्धपद्धतिको प्रकाशनलाइ प्राथमिकता दिएर एकोद्दिष्टश्राद्धपद्धति पनि प्रकाशित गरिसकिएको छ (२०५८)। तेसै प्रसङ्गमा वेदको र वैदिक-परम्पराको परिपालनका लागि अत्यावश्यक र अतिमहत्त्वपूर्ण तथा व्रतबन्ध भएदेखि नै स्नान-सन्ध्योपासन भैं नै नित्य गर्न पर्ने ब्रह्मयज्ञको यो पद्धति पनि प्राथमिकता दिएर प्रकाशित गर्न लागिएको हो।

शास्त्रोक्त धर्मको आचरण गर्ने आवश्यकता

वैदिक परम्परामा राजादेखि रङ्कसम्म सबैलाइ अनुशासित गर्ने तत्त्वका रूपमा रहेको शास्त्रको महत्त्व सारै धेरै भएकाले र शास्त्रोक्त धर्मको ज्ञानपूर्वक आचरण गर्ने कुरा उत्तम र आवश्यक भएकाले तथा हाम्रा वैदिक मूल परम्परामा श्रुति-स्मृति-पुराण-शास्त्रको अध्ययन गर्ने, तिनका विधानको राम्ररि ज्ञान (बोध) गर्ने, अनि शास्त्रोक्त धर्मलाई शास्त्रोक्त रूपमा नै आचरणमा ल्याउने र समाजमा शास्त्रोक्त धर्मको प्रचार गर्ने कुरालाइ धेरै महत्त्व दिइएकाले पनि वैदिक-परम्पराको सर्वस्व वेदको संरक्षणमा जागरूक समेत बनाउने र नित्यै गर्न पर्ने ब्रह्मयज्ञ शास्त्रोक्त रूपमा आचरणमा ल्याउन वैदिक-परम्पराका श्रद्धालु द्विजमुख्यहरुलाइ समर्थ गराउन यो ब्रह्मयज्ञपद्धति याँहाँ प्रस्तुत गर्न लागिएको हो। श्रुति-स्मृति-पुराणशास्त्रको आँफै पर्याप्त अध्ययनादि गर्ने अवसर नपाएका र तेसो गर्न असमर्थ रहेका भए पनि तेसो गर्न चाहाने धार्मिक सज्जनहरुलाइ शास्त्रोक्त

एउटा प्रमुख धर्मको शास्त्रोक्त रूपमा आचरण गर्न सम्म भनेपनि समर्थ बनाउन विशेष उपयोगि हुने गरि केइ विस्तृतै भूमिकाका साथमा माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखासूत्रको पूर्ण अनुकूल रूपमा प्रयोगमा ल्याउन सजिलो पर्ने यो ब्रह्मयज्ञपद्धति याँहाँ प्रस्तुत गर्न लागिएको हो।

वर्णवर्णका व्यक्तिले आँफ्नाआँफ्ना वर्णका धर्मको सेवन गर्ने आवश्यकता

ब्राह्मण क्षत्रिय वैश्य शूद्र वर्णहरुले राष्ट्रस्थितिका लागि आँफ्नाआँफ्ना धर्मको आचरण गर्नपर्छ भन्ने कुरा वेदमा साङ्केतिक रूपमा भनिएको छ। जस्तै—

ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः।
ऊरू तदस्य यद् वैश्यः पद्भ्यां शूद्रो अजायत॥

—शै.शा.ऋग्वेद-मन्त्रसंहिता १०।९०।१२, मा.वा.शु.य.वे.म.सं.३१।११।

एस कुराको स्मृति-पुराण-इतिहासहरुमा विशेष स्पष्टीकरण गरिएको छ। वेद पड्नु-पडाउनु, यज्ञ गर्नु-गराउनु, दान लिनु-दिनु इ छओडा ब्राह्मणका कर्म मानिएका छन्; वेद पड्नु, यज्ञ गर्नु, दान दिनु, शस्त्राऽस्त्र भिरेर लोकको रक्षा गर्नु क्षत्रियका कर्म मानिएका छन्; वैश्यका पनि वेद पड्नु, यज्ञ गर्नु, दान दिनु, कृषि-पशुपालन-वाणिज्य (बेपार) गर्नु कर्म मानिएका छन्। क्षत्रियले र वैश्यले वेद पडाउन, यज्ञ गराउन र दान लिन सामान्यतया हुँदैन। यो कुरा अन्य स्मृति-पुराणादिमा पनि प्रतिपादित छ। मनुस्मृतिमा पनि छ। जस्तै—

अध्यापनमध्ययनं यजनं याजनं तथा।
दानं प्रतिग्रहश्चैव षट् कर्माण्यग्रजन्मनः॥
षण्णां तु कर्मणामस्य त्रीणि कर्माणि जीविका।
याजनाध्यापने चैव विशुद्धाच् च प्रतिग्रहः॥
त्रयो धर्मा निवर्तन्ते ब्राह्मणात् क्षत्रियं प्रति।
अध्यापनं याजनं च तृतीयश्च प्रतिग्रहः॥
वैश्यं प्रति तथैवैते निवर्तेरन्निति स्थितिः।
न तौ प्रति हि तान् धर्मान् मनुराह प्रजापतिः॥
शस्त्राऽस्त्रभृत्त्वं क्षत्रस्य वणिक्पशुकृषिर् विशः।
आजीवनार्थं धर्मस्तु दानमध्ययनं यजिः॥—मनुस्मृति १०।७५-७९।

इज्या-ऽध्ययन-दानानि सर्वेषां च द्विजन्मनाम्।
प्रतिग्रहोऽध्यापनं च ब्राह्मणस्यैव याजनम्॥–भागवत ११।१७।४०।

शूद्रका पनि द्विजातिको सेवा, शिल्पकार्य, नृत्य-गीत-वाद्यवादनकार्य, पशुपालन, बेपार इ काम वैदिक शास्त्रमा मानिएका देखिञ्छन्। जस्तै–

शुश्रूषैव द्विजातीनां शूद्राणां धर्मसाधनम्।
कारुकर्म तथाऽऽजीवः पाकयज्ञादिधर्मतः॥
–कूर्मपुराण १।२।४०-४१, मूल गरुडपुराण १।४९।४।

वाणिज्यं पाशुपाल्यं च तथा शिल्पोपजीवनम्।
शूद्रस्याऽपि विधीयन्ते यदा वृत्तिर् न जायते॥-महाभा.शान्ति.२९४।४।

आश्रम-आश्रमका व्यक्तिले आँफ्ना-आँफ्ना आश्रमका धर्मको सेवन गर्ने आवश्यकता

आश्रमधर्ममा वैदिक-ब्रह्मचारिका गुरुले व्रतबन्धका अवसरमा निर्धारित गरेअनुसार आचमनादिबाट शुद्धिगर्नु, स्नान-सन्ध्योपासनादि गर्नु, दिनमा नसुत्नु, वाणीलाइ संयत गर्नु, अग्निको र गुरुको परिचर्या (सेवा) गर्नु, भिक्षा माग्नु, मधु-मांसवर्जन गर्नु इत्यादि व्रतको पालन गरेर वेद पढ्नु धर्म हुन्; वैदिक-गृहस्थका सदाचारपालन गरि शुद्ध सन्ततिको उत्पादन-भरणपोषण-शिक्षण गर्नु, वेदादिशास्त्र-को अध्ययन गर्नु र यथाशक्ति इष्टकर्म (यज्ञहरु) र पूर्तकर्म (बाटो बनाउनु चौतारो लाउनु इत्यादि) गर्नु धर्म हुन्; वैदिक-वानप्रस्थका स्वाध्यायाध्ययन गर्नु, यथाशक्ति वन्य साधनले यज्ञ गर्नु, वन्य फल वा मूल वा फुल वा पात वा जल वा वायु मात्र खाने इत्यादि प्रकारका व्रत गरेर शरीर सुकाइ वैराग्य जागरित गर्नु धर्म हुन्; वैदिक-सन्न्यासिका भिक्षा मागेर खानु, रुखका फेदमा एकान्तमा वास गर्नु, अरुले फालेका थोत्रा अनाकर्षक वस्त्र धोइ-पखालि गेरुवा पारि लाउनु, असहाय एक्लो रूपमा विचरण गर्नु, सम्पूर्ण प्राणिको उपेक्षा गर्नु, आरण्यकग्रन्थको पाठ गर्नु, परमात्म-चिन्तन गर्नु धर्म हुन्। एस विषयमा गृह्यसूत्रहरु, धर्मसूत्रहरु, मनुस्मृति, याज्ञवल्क्य-स्मृति, पुराणहरु, महाभारत इत्यादि ग्रन्थमा प्रशस्त र स्पष्ट प्रतिपादन भएको छ।

व्रतहरुको पालन नगर्नु ब्रह्मचारिको, यथाशक्ति कर्म नगर्नु गृहस्थको, ग्रामको र ग्राम्य वस्तुको आश्रय र उपभोग गर्नु वानप्रस्थको र शास्त्रनिषिद्ध

प्रवचनादि वाक्चापल, लेखनादि विविधकर्मकरणरूप हस्तचापल, नानादेश-तीर्थादिभ्रमणशीलतादिरूप पादचापल इत्यादि इन्द्रियचापल गर्नु सन्यासिका ठुला दुष्कर्म मानिञ्छन्। तेस्ता दुष्कर्मि ब्रह्मचारि-गृहस्थ-वानप्रस्थ-सन्यासिहरुले ब्रह्म-चर्याश्रमादि आश्रमलाइ उपहास्य रूपमा प्रस्तुत गर्ने र देवमायाले गर्दा विमूढ भएका तेस्ता अत्यन्त निन्द्य आश्रमि हुन पुगेका ति आश्रमविडम्बकहरुलाइ सज्जनहरुले दया गरेर उपेक्षा (बेवास्ता) गर्न पर्ने कुरा भागवतमा बताइएको छ। जस्तै—

गृहस्थस्य क्रियात्यागो व्रतत्यागो वटोरपि।
तपस्विनो ग्रामसेवा भिक्षोरिन्द्रियलोलता॥
आश्रमापसदा ह्येते खल्वाश्रमविडम्बकाः।
देवमायाविमूढांस् तानुपेक्षेताऽनुकम्पया॥—७।१५।३८,३९।

वर्णाश्रमव्यवस्थाको अनादर गर्नेहरुको पुराणादिकृत निन्दा

वर्णाश्रमव्यवस्थाको अपमान वा अनादर गर्ने व्यक्तिहरु नारकीय जन्तु हुन्, तिनिहरु आदरणीय वा मान्य हुँदैनन् भन्ने कुरा पुराणहरुमा विशेष जोड दिएर बताइएको छ। जस्तै—

(क) वर्णाश्रमविरुद्धानि क्रोधहर्षसमाकुलाः।
कर्माणि ये तु कुर्वन्ति सर्वे निरयवासिनः॥
—मूल गरुडपुराण २।३।७३; विष्णुपुराण २।६।३२; वायुपुराण २।३९।१७४।

(ख) वर्णाश्रमविरुद्धं च कर्म कुर्वन्ति ये नराः।
कर्मणा मनसा वाचा निरये तु पतन्ति ते॥
—शिवपुराण ५।१६।२४, द्र.- स्कन्द.आवन्त्य.१।२९।२७।

(ग) वर्णाश्रमोक्तं वर्तन्ते धर्मं त्यक्त्वा तु ये नराः।
वहिश्शास्त्रं महाभाग ते वै निरयगामिनः॥-विष्णुधर्मोत्तरपु.२।११८।७।

(घ) स्वकर्मविच्युताः पापा वर्णाश्रमदिवर्जिताः।
नरके पूयसम्पूर्णे क्लिश्यन्ते ह्ययुतं समाः॥
—स्कन्दपुराण, आवन्त्यखण्ड ३।१५५।९३-९४।

(ङ) चातुराश्रम्यबाह्याश्च श्रुतिबाह्याश्च ये नराः।
विकर्मभिश्च जीवन्ति ते वै निरयगामिनः॥—महाभा.अनु.२३।७३।

(च) वर्णाश्रमविहीनानां कुर्यात् सेवां न मानवः।
सहवासं न तैः कुर्यात् सहसम्भाषणं तथा॥
—स्कन्दपुराण, सूतसंहिता, यज्ञवैभवखण्ड १६।२९।

(छ) यस् तिष्ठेद् वायुभक्षश्च चातुराश्रम्यबाह्यतः।
अनाश्रमी तपस्तेपे न तं तत्र निमन्त्रयेत्॥—ब्रह्माण्डपुराण ३।१५।३८-।

स्वधर्मत्यागको र परधर्मसेवनको स्मृति-पुराणादिकृत निन्दा

वैदिक परम्परामा मुख्य रूपमा स्वधर्मको सेवन गर्ने व्यवस्था छ। स्वधर्म भनेको वर्णवर्णका र आश्रमिआश्रमिका आँफ्नाआँफ्ना धर्म नै हुन् भन्ने कुरा पुराणका, मनुस्मृतिका र गीताका वचनहरुबाट स्पष्ट हुञ्छ। जस्तै—

(क) वर्णानामाश्रमाणां च सदाचारः पृथक्पृथक्।
सामान्यः सविशेषश्च स्वधर्मः स उदीर्यते॥—स्कन्दपु.वैष्णव.९।२०।११।

(ख) वरं स्वधर्मो विगुणो न पारक्यः स्वनुष्ठितः।
परधर्मेण जीवन् हि सद्यः पतति जातितः॥—मनु.१०।९७।

(ग) श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः॥—गीता ३।३५।

(घ) यतः प्रवृत्तिर् भूतानां येन सर्वमिदं ततम्।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः॥
श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम्॥-गीता १८।४६,४७।

(ङ) स्वधर्ममपि चाऽवेक्ष्य न विकम्पितुमर्हसि।
धर्म्याद् धि युद्धाच् छ्रेयोऽन्यत् क्षत्रियस्य न विद्यते॥
यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम्।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम्॥
अथ चेत् त्वमिमं धर्म्यं सङ्ग्रामं न करिष्यसि।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि॥—गीता २।३१-३३।

(च) यः स्वधर्मं परित्यज्य परधर्मं समाचरेत्।
पाखण्डः स हि विज्ञेयः सर्वधर्मबहिष्कृतः॥—नारदीयमहापु.१।२२।२।

वर्णवर्णका र आश्रमआश्रमका धर्ममा अतिप्रमुख धर्महरुको विशेष सेवनीयता

वर्ण-वर्णका र आश्रम-आश्रमका धर्महरुमा पनि कतिपय धर्महरु अति प्रमुख र अत्यावश्यक मानिएका छन्। प्रतिकूल परिस्थितिमा पनि अरु अप्रधान धर्मको पालना गर्न नसके पनि जासरितसरि विकर्म गरेर पनि आँफ्ना-आँफ्ना प्रधान धर्मको पालन गर्नु प्रशंसनीयै मानिएको छ। वर्णसाङ्कर्य, वृत्तिसाङ्कर्य, धर्मसाङ्कर्य गर्नु सर्वथा निन्द्य कुरा मानिएको छ। एस विषयमा पनि शास्त्रम वचनहरु पाइञ्छन्। जस्तै—

(क) वेदाभ्यासो ब्राह्मणस्य क्षत्रियस्य च रक्षणम्।
वार्ताकर्मैव वैश्यस्य विशिष्टानि स्वकर्मसु॥—मनुस्मृति १०।८०।

(ख) परिनिष्ठितकार्यस्तु स्वाध्यायेनैव ब्राह्मणः।
कुर्यादन्यन् न वा कुर्यान् मैत्रो ब्राह्मण उच्यते॥
—महाभारत, शान्तिपर्व ६०।१२, २३८।१३; द्र.- मनुस्मृति २।८७

(ग) नित्योदकी नित्ययज्ञोपवीती नित्यस्वाध्यायी पतितान्नवर्जी।
ऋतौ गच्छन् विधिवच् च जुह्वन् न ब्राह्मणश्च्यवते ब्रह्मलोकात्॥
—वासिष्ठधर्मसूत्र ८।१७महाभारत, उद्योगपर्व ४०।२५

(घ) यो ब्रह्म जानाति यथाप्रदेशं स्वाध्यायनित्यः शुचिरप्रमत्तः।
स वै पारं देवलोकस्य गन्ता सहामरैः प्राप्नुयात् प्रीतियोगम्॥
—महाभारत, वनपर्व १८६।५(२७)

(ङ) नित्यस्वाध्यायिता धर्मो धर्मो यज्ञः सनातनः।
दानं प्रशस्यते चाऽस्य यथाशक्ति यथाविधि॥—अनुशासनपर्व १४१।६९।

(च) परिनिष्ठितकार्यस्तु नृपतिः परिपालनात्।
कुर्यादन्यन् न वा कुर्यदिन्द्रो राजन्य उच्यते॥—शान्तिपर्व ६०।२०।

(छ) तपोधर्मदमेज्याभिर् विप्रा यान्ति यथा दिवम्।
दानातिथ्यक्रियाधर्मैर् यान्ति वैश्याश्च सद्गतिम्॥
सम्यक्प्रणीतदण्डा हि कामद्वेषविवर्जिताः।
अलुब्धा विगतक्रोधाः (क्षत्रिया यान्ति सद्गतिम्)॥—वनपर्व १५०।५१-

(ज) ब्राह्मणस्य तपो ज्ञानं तपः क्षत्रस्य रक्षणम्।
वैश्यस्य तु तपो वार्ता तपः शूद्रस्य सेवनम्॥
–मनुस्मृति ११।२३५, द्र.- भागवत १०।२४।२०।

(झ) कर्म शूद्रे कृषिर् वैश्ये सङ्ग्रामः क्षत्रिये स्मृतः।
ब्रह्मचर्यं तपो मन्त्राः सत्यं च ब्राह्मणे सदा॥
–महाभारत वनपर्व २०७।२५; द्र.- शान्तिपर्व ९१।४।

(ञ) क्षात्रेण कर्मणा जीवेद् विशां वाऽऽप्यापदि द्विजः।
निस्तीर्य तामथात्मानं पावयित्वा न्यसेत् पथि॥–याज्ञवल्क्यस्मृति ३।३५।

(ट) क्षात्रं कर्म द्विजस्योक्तं वैश्यं कर्म तथाऽऽपदि।
राजन्यस्य च वैश्योक्तं शूद्रकर्म न चैतयोः॥
सामर्थ्ये सति तत् त्याज्यमुभाभ्यामपि पार्थिव।
तदेवाऽऽपदि कर्तव्यं न कुर्यात् कर्मसङ्करम्॥
–विष्णुपुराण ३।८।३९,४०; ब्रह्मपुराण ११४।१९,२०।

(ठ) सीदन् विप्रो वणिग्वृत्त्या पण्यैरेवाऽऽपदं तरेत्।
खड्गेन वाऽऽपदाऽऽक्रान्तो न श्ववृत्त्या कथञ्चन॥
वैश्यवृत्त्या तु राजन्यो जीवन् मृगययाऽऽपदि।
चरेद् वा विप्ररूपेण न श्ववृत्त्या कथञ्चन॥
शूद्रवृत्तिं भजेद् वैश्यः शूद्रः कारुकटक्रियाम्।
कृच्छ्रान् मुक्तो न गर्ह्येण वृत्तिं लिप्सेत कर्मणा॥-भाग.११।१७।४७-४९।

(ड) वृत्तसङ्करदोषेण जायते धर्मसङ्करः।
धर्मस्य सङ्करे जाते नूनं स्याद् वर्णसङ्करः॥–देवीभागवत ६।११।५१-५२।

(ढ) अधर्माभिभवात् कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्करः॥
सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः॥
दोषैरेतैः कुलघ्नानां वर्णसङ्करकारकैः।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः॥
उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन।
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम॥–गीता १।४१-४४।

ब्रह्मचर्याश्रमादि आश्रम-आश्रमका प्रधानकर्महरु माथि नै भागवतको वचन देखाइ बताइसकिएकै छन्। ब्रह्मचारि-गृहस्थहरुले आफ्नो मुख्य धर्म वेदाध्ययन-सन्तानोत्पादन-भरण-पोषण-शिक्षणादि गर्न आवश्यक परेमा निषिद्ध कुराहरु पनि आपद्धर्मका रूपमा गर्न उचित हुने भए पनि वानप्रस्थ-सन्यासिहरुले वैराग्यसाधन र ज्ञानसाधन मात्र गरे पुग्ने हुनाले वैराग्यसाधन-ज्ञानसाधनका लागि अनावश्यक कर्म तिनले आपद्धर्म भनेर पनि गर्न उचित नहुने देखिञ्छ।

ब्राह्मणको लक्षण

"ब्रह्म जानाति ब्राह्मणः" भन्ने उक्ति प्रसिद्ध छ। एसबाट ब्रह्म जान्ने ब्राह्मण भनिञ्छ भन्ने बुजिञ्छ। ब्रह्म शब्दब्रह्म र परब्रह्म गरि दुइ प्रकारको मानिएको छ। भनिएको छ– "द्वे ब्रह्मणी वेदितव्ये शब्दब्रह्म परं च यत्" (मैत्रायणीयोपनिषद् ६।२२)। शब्दब्रह्म भनेको वेद हो। यो कुरा "वेदस् तत्त्वं तपो ब्रह्म ब्रह्मा विप्रः प्रजापतिः" भन्ने अमरकोशका (३।३।११४) उल्लेखबाट पनि बुजिञ्च। याँहाँ कोइ 'परब्रह्म जल्ले जान्दछ तेइ ब्राह्मण हो' भञ्छन्। किन्तु "नाऽवेदविन् मनुते तं बृहन्तम्" (तैत्तिरीयब्राह्मण ३।१२।९।७) "तं त्वौपनिषदं पुरुषं पृच्छामि" (का.वा.बृहदारण्यकोपनिषद् ३।१२।६), "शब्दे ब्रह्मणि निष्णातः परं ब्रह्माऽधिगच्छति" (मैत्रायणीयोपनिषद् ६।२२), "शास्त्रयोनित्वात्" (ब्रह्ममीमांसासूत्र १।१।३), "अतीन्द्रियेऽर्थे धर्मे च तथाऽधर्मे परात्मनि। प्रमाणं वेद एवैकः खलु नाऽन्यत् तपोधन" (पराशरपुराण १७।१९), "परमेश्वरविज्ञानं वेदादेव न चाऽन्यतः। आगमान्तरजन्यं तु ज्ञानं न ज्ञानमास्तिकाः" (सूतसंहिता, यज्ञवैभवखण्ड ४५।५२), "अतीन्द्रियार्थे धर्मादौ शिवे परमकारणे। श्रुतिरेव सदा मानं स्मृतिस्तदनुसारिणी" (सूतसंहिता, यज्ञवैभवखण्डोपरिभाग, सूतगीता ८।१९), "स्वाध्यायधर्मपठितं निजवेदशाखावेदान्तभूमिगतमादरपालितं च। सन्यासिना परदृशा गुरुणोपदिष्टं *(ब्रह्मिष्ठवर्यगुरुणा विधिनोपदिष्टं)* साक्षान् महावचनमेव विमुक्तिहेतुः" (संक्षेपशारीरक ३।२९५) इत्यादि शास्त्रशिष्टवचनबाट वेदवाक्यदेखिबाएक अरु वाक्यबाट ब्रह्मको ज्ञान हुन नसक्ने सिद्धान्त ज्ञात भएकाले शब्दब्रह्म नजान्नेले परब्रह्म जान्ने भन्ने कुरा नै वैदिक परम्परामा मान्य नभएको हुँदा वेद नजाने पनि परब्रह्म जान्ने ब्राह्मण हुञ्छ भन्ने कुरा वैदिक परम्परामा मान्य छैन। तसर्थ वेद पढ्ने जन्मसिद्ध शास्त्रीय अधिकार भएको मनुष्य मात्र ब्राह्मण हुन सक्छ। तेसैले पराशरस्मृतिको व्याख्यारूप पराशरमाधवीय भन्ने धर्मशास्त्रनिबन्धग्रन्थमा "ब्रह्म

वेदः, तमधीत्यार्थं चाऽवगत्य येऽनुतिष्ठन्ति मुख्यास्ते ब्राह्मणाः" भन्ने व्याख्या पनि गरिएको देखिञ्छ (८।३, द्वितीय-तृतीयभाग, पृ.१५८)। तसर्थ अनादिपरम्परासिद्ध शुद्ध ब्राह्मण मातापिताबाट अनिन्द्य वैवाहिक सम्बन्धले जन्मेको, ब्राह्मणोचित वैध शास्त्रीय संस्कार भएको, साधारणतया ब्राह्मणाचारको शास्त्रानुकूल पालना गर्ने, धर्ममोक्षप्रवणता न्याय्यवृत्तिपरायणता शमदमादिपरायणता सन्तोषपरायणता अनपाश्रित्यजीविता स्वातन्त्र्यप्रियता वेदाध्ययनपरायणता आस्तिकता इत्यादि गुणलाइ अँगाल्ने व्यक्तिमा रहने, वेद-स्मृति-पुराणका र परम्पराका सहायताले जानिने जातिविशेष ब्राह्मणत्व भनिञ्छ। तेस्तो ब्राह्मणत्व भएको व्यक्ति ब्राह्मण भनिञ्छ। एस विषयमा तल लेखिएका शास्त्रवचन विशेष स्मरणीय छन्—

जन्म-शारीर-विद्याभिराचारेण श्रुतेन च।
धर्मेण च यथोक्तेन ब्राह्मणत्वं विधीयते॥
चित्रकर्म यथानेकै रङ्गैरुन्मील्यते शनैः।
ब्राह्मण्यमपि तद्वदधि संस्कारैर् मन्त्रपूर्वकैः॥
—आङ्गिरसस्मृति (२) ४।९,१०; द्र.- पराशरस्मृति ८।१९।

क्षमा दया च विज्ञानं सत्यं चैव दमः शमः।
अध्यात्मनित्यता ज्ञानमेतद् ब्राह्मणलक्षणम्॥
—पद्मपु.स्वर्ग.५४।२५, द्र.- गीता १८।४२।

वागीश्वरेण देवेन नाभेयेन भवच्छिदा।
ब्राह्मणाः कृतमर्यादास्त एव ब्राह्मणाः स्मृताः॥
बृहत्त्वाद् भगवान् ब्रह्मा नाभेयस् तस्य ये जनाः।
भक्त्यासक्ताः प्रपन्नाश्च ब्राह्मणास्ते प्रकीर्तिताः॥-भविष्यपु.१।४४।७,९।

वैदिक-सनातन-वर्णाश्रम-धर्ममा र वैदिक समाजमा ब्राह्मणको स्थान

वैदिक समाजमा ब्राह्मणहरुले विद्याबलले र चरित्रबलले राजाहरुभन्दा पनि माथि उठेर राजाहरुलाइ पनि सन्मार्ग देखाउन पर्ने, समाजमा चारित्रिक आदर्श स्थापित गर्न पर्ने, धर्मकोषरूप वेदविद्याको र धर्मको पनि संरक्षण गर्न पर्ने, विद्याबल-चरित्रबलका प्रभावले ब्राह्मणका नै डरले क्षत्रियादिले पनि सन्मार्ग पक्रन पर्ने स्थिति समाजमा बनाउन पर्ने तथा गृहस्थ ब्राह्मणहरुले नै मुख्यतया

सबै वर्णका गुरु भै सबैलाइ पुरुषार्थसाधनका सदुपायहरुको उपदेश गर्न पर्ने हुनाले पनि वैदिक सनातन-वर्णाश्रमधर्मिसमाजमा ब्राह्मणको सारै धेरै महत्त्व छ। यो कुरा वैदिक धर्मको संरक्षण ब्राह्मणको संरक्षण भएमा नै हुन सक्ने हुनाले ब्राह्मणको रक्षाका लागि नै नारायणले कृष्ण अवतार लिनुभएको हो भन्ने उल्लेख गरि गीताव्याख्याका प्रारम्भमा शङ्करभगवत्पादले पनि जनाएको देखिञ्छ। त्याँहाँ "जगतः स्थितिं परिपिपालयिषुः स आदिकर्ता नारायणो विष्णुर् भौमस्य ब्रह्मणो ब्राह्मणत्वस्य रक्षार्थं देवक्यां वासुदेवाद् अंशेन कृष्णः किल सम्बभूव, ब्राह्मणत्वस्य हि रक्षणेन रक्षितः स्याद् वैदिको धर्मस् तदधीनत्वाद् वर्णाश्रमभेदानाम्" भनिएको छ। शङ्करभगवत्पादले तैत्तिरीयोपनिषद्का "असन्नेव स भवति" (२।६) इत्यादि वचनका व्याख्यामा 'ब्रह्मप्राप्तिको मार्गका रूपमा रहेको एक मात्र सन्मार्ग वर्णाश्रमादिव्यवस्थारूप भएकाले ब्रह्मप्राप्तिमा श्रद्धा नगर्ने नास्तिक असत्पुरुषले वर्णाश्रमादिव्यवस्था मान्दैन, ब्रह्मप्राप्तिमा श्रद्धा भएका सत्पुरुषले वर्णाश्रमादि-व्यवस्थारूप सन्मार्गमा श्रद्धा गरेर तेस वर्णाश्रमादिव्यवस्थारूप सन्मार्गको राम्ररि अनुसरण गर्छ, एस्तै वर्णाश्रमादिव्यवस्थारूप सन्मार्गमा रहने व्यक्तिलाइ नै सत्पुरुष वा सन्त वा साधु भनेर सज्जनहरुले मान्दछन्' भन्ने कुरा जनाइ वैदिक-सनातनवर्णाश्रमव्यवस्थाको महत्त्व पनि स्पष्ट गरेको पाइञ्छ। त्याँहाँ भनिएको छ— "यो नाऽस्ति ब्रह्मेति मन्यते स सर्वस्यैव सन्मार्गस्य वर्णाश्रमादिव्यवस्था-लक्षणस्याऽश्रद्दधानतया नास्तित्वं प्रतिपद्यते ब्रह्मप्रतिपत्त्यर्थत्वात् तस्य अतो नास्तिकः सोऽसन्नसाधुरुच्यते लोके, तद्विपरीतः सन् योऽस्ति ब्रह्मेति चेद् वेद स तद्ब्रह्मप्रतिपत्तिहेतुं सन्मार्गं वर्णाश्रमादिव्यवस्थालक्षणं श्रद्दधानतया यथावत् प्रतिपद्यते यस्मात् ततस् तस्मात् सन्तं साधुमार्गस्थमेनं विदुः साधवः" (२।६)।

उक्त प्रकारले वैदिकपरम्परामा वर्णाश्रमव्यवस्थाको महत्त्व अत्यन्त धेरै भएको र वर्णाश्रमव्यवस्था ब्राह्मणमूलक भएकाले वैदिक धर्ममा वा वैदिक समाजमा ब्राह्मणको स्थान अति नै महत्त्वपूर्ण छ।

एस सम्बन्धमा तल लेखिएका शास्त्रवचन विशेष मननीय छन्—

(क) ब्राह्म्मणो राजानमात्मनोऽबलीयांसङ् कुरुते।

—माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शतपथब्राह्मण ५।४।४।१५।

(ख) यद्यपि राजा परमताङ् गच्छति ब्रह्म्मैवाऽन्तत उपनिश्श्रयति।

—मा.वा.शु.य.वे.शतपथब्राह्मण १४।४।२।२३।

(ग) तपस् तप्त्वाऽसृजद् ब्रह्मा ब्राह्मणान् वेदगुप्तये।
तृप्त्यर्थं पितृदेवानां धर्मसंरक्षणाय च॥–याज्ञवल्क्यस्मृति १।१९८।

(घ) तस्माद् बिभेमि बलवद् ब्राह्मणव्याहृतादहम्।
एते हि सोमराजान ईश्वराः सुखदुःखयोः॥–महाभारत, कर्णपर्व ४२।४२।

(ङ) स्वधर्मनिरतो विप्रः परमाच् च हुताशनात्।
पवित्रश्चाऽतितेजस्वी तस्माद् भीताः सुराः सदा॥
–ब्रह्मवैवर्तपुराण, कृष्णजन्मखण्ड ८५।२०५-२०६।

(च) सर्वाधिको ब्राह्मणस् तु जायते हि स्वकर्मणा।
तत्तेजसोऽनु तेजांसि सन्ति च क्षत्रियादिषु॥
स्वधर्मस्थं ब्राह्मणं हि दृष्ट्वा बिभ्यति चेतरे।
क्षत्रियाद्या नाऽन्यथा स्व-धर्मं चाऽतः समाचरेत्॥
–शुक्रनीति, ३।२७४,२७५, ने.रा.प्रज्ञाप्रतिष्ठान पृ.१५२।

(छ) मन्त्रानुष्ठानसम्पन्नस् त्रैविद्यः कर्मतत्परः।
जितेन्द्रियो जितक्रोधो लोभमोहविवर्जितः॥
षडङ्गवित् साङ्गधनुर्वेदविच् चाऽर्थधर्मवित्।
यत्कोपभीत्या राजाऽपि धर्मनीतिरतो भवेत्॥
नीतिशास्त्राऽस्त्रविद्यादिकुशलस् तु पुरोहितः।
सैवाऽऽचार्यः पुरोधा यः शापानुग्रहयोः क्षमः॥–शुक्रनीति २।७७-७९।

(ज) यथा मातरमाश्रित्य विवर्धन्ते प्रजा इमाः।
तथा ब्राह्मणमाश्रित्य जगदेतद् विवर्धते॥–पराशरपुराण ७।३५।

(झ) धारयन्ति जगत् कृत्स्नं ब्राह्मणा वेदपारगाः।
देवानाप्याययन्तीह ब्राह्मणा भृगुनन्दन॥–विष्णुधर्मोत्तरपुराण २।३२।३२।

(ञ) देवेभ्यश्च पितृभ्यश्च यो दद्याद् यज्ञकर्मसु।
दानं होमं बलिं चैव विना विप्रेण निष्फलम्॥–पद्मपु.सृष्टिखण्ड ४६।११७।

एस लोकमा र परलोकमा पनि जनताको सुखशान्तिको अभिवृद्धिका लागि ब्राह्मणका आदर्श चरित्रको उक्त प्रकारको महत्त्व भएकाले नै स्वतन्त्र विद्वान् ब्राह्मणका आदर्श चरित्रको त्यो महत्त्व बुजेर राजाको वा शासकको मात्र हैन राजाका वा शासकका साथसाथै सच्चरित्र स्वतन्त्र विद्वान् ब्राह्मणको पनि समुचित सम्मान वेदादिशास्त्रोक्त रीतिले गर्ने गर्नाले नै तिनिहरु परस्पर संनियन्त्रित

हुँदा राष्ट्रमा सुखशान्ति बड्ने, सच्चरित्र विद्वान् ब्राह्मणको अपमान गर्ने वा उचित सम्मान नगर्ने गर्नाले ब्राह्मणहरुको प्रभाव घट्न गै शासकहरु अनियन्त्रित (निरङ्कुश) र भ्रष्ट हुन पुग्ने तथा राष्ट्रमा जनताले दुःख पाउने र जनता विनाशतिर अगि बड्ने कुरा मार्मिक रूपमा महाभारतमा पनि देखाइएको छ। जस्तै—

ब्रह्मक्षत्रस्य सम्मानात् प्रजा सुखमवाप्नुयात्।
विमाननात् तयोरेव प्रजा नश्येयुरेव हि॥—शान्तिपर्व ७३।४-५।

एतौ हि नित्यं संयुक्तावितरेतरधारणे।
क्षत्रं वै ब्रह्मणो योनिर् योनिः क्षत्रस्य वै द्विजाः॥—शान्तिपर्व ७३।११।

कच्चिल् लोकेषु कुशलं कच्चिद् धर्मः स्वनुष्ठितः।
ब्राह्मणानां त्रयो वर्णाः कच्चित् तिष्ठन्ति शासने॥—उद्योग.८३।६६।

ब्राह्मणका महिमाका विषयमा पद्मपुराणको यो उक्ति विशेष मननीय देखिञ्छ—

सर्वं शुभं जगति धर्मत एव लभ्यं धर्मे गतिर् निगमतो नृप धर्मशास्त्रात्।
नूनं तयोरपि गतिर् भुवि भूमिदेवास् तैरर्चितैरिह जगत्पतिरर्चितः स्यात्॥
—पद्मपुराण, पातालखण्ड ८५।७१।

उक्त पुराणको उक्तिकै अनुगामिजस्तो राजा भोजको भनिएको तलको उक्ति पनि स्मरणीय छ—

उच्चैर् गतिर् जगति सिद्ध्यति धर्मतश् चेत् तस्य प्रमा च वचनैः कृतकेतरैश् चेत्।
तेषां प्रकाशनदशा च महीसुरैश् चेत् तानन्तरेण निपततेत् क्व नु मत्प्रणामः॥

श्रोत्रिय ब्राह्मण नभएको ग्रामको कुग्रामता र कुग्रामवासबाट पातित्यको प्राप्ति तथा तेसको परिहारको व्यवस्थाको आवश्यकता

वैदिक स्नान-सन्ध्योपासनादि सदाचारकर्मको, जातकर्म-नामकरण-अन्नप्राशन-चूडाकर्म-व्रतबन्ध-विवाहादि वैदिक-संस्कारकर्मको, एकोद्दिष्टश्राद्ध पार्वणश्राद्ध इत्यादि वैदिक श्राद्धकर्मको, आशौचनिर्णय-काजक्रिया इत्यादि वैदिक-सनातन-वर्णाश्रमधर्मका अत्यावश्यक कुराको स्वशाखाश्रुति-सूत्र-स्मृति-पुराणादिमूलशास्त्रअनुसार निर्णय दिन र ति धर्मकर्म आवश्यकताअनुसार गराउन

सक्ने र वेद-वेदाङ्ग-वेदोपाङ्ग-अनुस्मृति-पुराणादि शास्त्र पडाउन सक्ने गरि वेद पडेका श्रोत्रिय ब्राह्मण, राम्रो जलाशय, पर्याप्त घाँसपात, इन्धन, कुलीन बन्धुवर्ग, चिकित्साशास्त्रको विद्वान् वैद्य, गर्ज पर्दा गर्ज टार्न ऋण दिन सक्ने धनि व्यक्ति एति कुरा नभएको गाम कुग्राम भनिञ्छ। एस्ता कुग्राममा बस्नाले नएँ विद्या आउँदैन, भएको विद्या पनि हराउँदै जाञ्च, हव्य-कव्य धर्मकर्म लोप हुँदै जाञ्चन्, महापातकले घेर्च, जात जाञ्च, तसर्थ तेस्ता कुग्राममा नबस्नु भन्ने वैदिक परम्पराको मान्यता छ। तेस्तै गरि ब्राह्मणले स्वधर्मपालनामा बाधा पर्न सक्ने हुनाले धेरै कालसम्म राजाका आश्रयमा र नगरमा पनि नबस्नु भन्ने पनि मान्यता छ। तथापि गाम-गाममा वा नगर-नगरमा पनि स्व-स्वधर्मपालनादिको व्यवस्था मिलाउनु, ति कुरामा त्रुटि हुन नदिनु र श्रोत्रिय ब्राह्मणको निवास पनि सुनिश्चित गर्नु पनि राजाको वा वैदिक परम्पराका कुनै पनि शासकको कर्तव्य मानिएको छ। तसर्थ वैदिकसमाजमा श्रोत्रिय ब्राह्मणको विशेष स्थान छ। गामका वा नगरका निवासि ब्राह्मण-क्षत्रि-वैश्य-शूद्र सबै भद्र-भलाद्मिहरुले पनि आफ्ना धर्मकर्मपरम्पराको रक्षाका लागि श्रोत्रिय (वेदादि शास्त्र पडेका) ब्राह्मणको आदर-सत्कार-सम्मान गरि तिनलाइ वेदादिशास्त्र पड्न-पडाउन, सदाचारको पालन गर्न-गराउन, हव्य-कव्य-धर्मकर्म गर्न-गराउन पूर्ण सहयोग पनि गर्नपर्छ। वैदिक-सनातन-वर्णाश्रम-सदाचारको पालनामा एस विषयमा पनि राम्ररि ध्यान दिनपर्छ। एस विषयमा तल लेखिएका श्रुति-स्मृति-पुराणादिवचन विशेष मननीय छन्—

(क) **ब्राह्म्मणमद्य बिदेयम् पितृमन्तम् पैतृमत्यमृषिमार्षेयꣳ सुधातु-दक्षिणम्।**—माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-मन्त्रसंहिता ७।४६।

(ख) **ब्राह्म्मणमद्य बिदेयम् पितृमन्तम् पैतृमत्यमिति यो वै ज्ञातो ज्ञातकुलीनः स पितृमान्न् पैतृमत्यो या वै ज्ञातायाऽपि कतिपयीर् द्दक्षिणा ददाति ताभिर् म्महज् जयति, ऋषिमार्षेयमिति यो वै ज्ञातोऽनूचानः सऽऋषिरार्षेयः सुधातुदक्षिणमिति स हि सुधातु-दक्षिणः।**—मा.वा.शु.य.वे.शतपथब्राह्मण ४।३।४।१९।

(ग) **राजा कृत्वा पुरे स्थानं ब्राह्मणान् न्यस्य तत्र तु।**
त्रैविद्यान् वृत्तिमद् ब्रूयात् स्वधर्मः पाल्यतामिति॥—याज्ञवल्क्य.२।१८५।

(घ) **वेदविद्याविदो विप्रान् श्रोत्रियाँश्चाग्निहोत्रिणः।**
आहृत्य स्थापयेत् तत्र तेषां वृत्तिं प्रकल्पयेत्॥

अनाच्छेद्यकरास् तेभ्यः प्रदद्याद् गृहभूमयः।
मुक्तभाव्याश्च नृपतिर् लेखयित्वा स्वशासनम्॥
नित्यं नैमित्तिकं काम्यं शान्तिकं पौष्टिकं तथा।
पौराणां कर्म कुर्युस् ते सन्दिग्धेऽर्थे च निर्णयम्॥

–बृहस्पतिवचन, पराशरमाधवीय, व्यवहारकाण्ड, पृ.२४७-२४८।

(ङ) ब्राह्मणाश्च कृतस्थाना नानाधर्मोपदेशनैः।
समुद्धरन्ति वर्णांस् त्रींस् ततः पूज्यतमा द्विजाः॥-स्कन्दपु.माहेश्वर.२।२।८९।

(च) एवं कृत्वा महाराज नमस्या एव ते द्विजाः।
भौमं ब्रह्म द्विजश्रेष्ठा धारयन्ति समर्चिताः॥

–महाभारत, शान्तिपर्व ५६।२६ (पुना-चित्रशालासंस्करण)।

(छ) श्रोत्रियश्च तटाकादिस् तृणपर्णं तथेन्धनम्।
बान्धवाश्च कुलीनाश्च विद्वान् वैद्यो महाधनी॥
न सन्ति यत्र ग्रामे च स कुग्राम इतीरितः।

–मरीचिवचन, हेमाद्रिको चतुर्वर्गचिन्तामणि, प्रायश्चित्ताध्याय, पृ.३५९।

(ज) कुग्रामवासिनां पुंसां द्वावनर्थौ प्रकीर्तितौ।
अपूर्वस्याऽऽगमो नास्ति पूर्वविद्या विनश्यति॥

–देवलवचन, हेमाद्रिको चतुर्वर्गचिन्तामणि, प्रायश्चित्ताध्याय, पृ.३५९।

(झ) यत्र विद्याऽऽगमो नास्ति न तत्र दिवसं वसेत्।
तत्र ग्रामे द्विजो यस्तु हव्यकव्यपराङ्मुखः॥
एकं वै दिवसं तिष्ठन् महापापमवाप्नुयात्।
तस्यैषा निष्कृतिर् दृष्टा वर्षे चान्द्रायणव्रतात्॥
मासि पराकं षण्मासे प्राजापत्यं समाचरेत्।
तस्मादमुं परित्यज्य बन्धुमध्ये वसेत् सदा॥

–मरीचिवचन, हेमाद्रिको चतुर्वर्गचिन्तामणि, प्रायश्चित्ताध्याय, पृ.३५९।

(ञ) न सन्ति सज्जना यत्र श्रोत्रिया मन्त्रवित्तमाः।
कर्मण्याः कर्मकुशलाः स देशोऽसभ्य एव वै॥
त्याज्य एव भवेन् नूनं वसँस् तत्र नराधमः।
कर्मभ्रष्टो भवेन् नूनं परलोकाच् च हीयते॥

–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२७४।

(ट) यत्र ऋत्विग्जनाऽभावो वेदशास्त्राऽश्रुतिस् तथा।
वसँस् तत्र कथं मूढस् च्युतिं जातेर् न गच्छति॥
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ षष्ठभाग, पृ.२७४।

(ठ) तत्र पुत्र न वस्तव्यं यत्र नास्ति चतुष्टयम्।
ऋणदाता च वैद्यश्च *श्रोत्रियः* सुजला नदी॥
–ब्रह्मपुराण ११३।१०४, मार्कण्डेयपुराण ३१।११५-११६।

(ड) धनिकः *श्रोत्रियो* राजा नदी वैद्यस् तु पञ्चमः।
पञ्च यत्र न विद्यन्ते न कुर्यात् तत्र संस्थितिम्॥-मूल गरुडपु.१।११०।२६।

(ढ) चतुर्णां यत्र वर्णानां धर्मव्यतिकरो भवेत्।
न तत्र वासं कुर्वीत श्रेयोर्थी वै कथञ्चन॥
यत्र संलोडिता लुब्धैः प्रायशो धर्मसेतवः।
प्रदीप्तमिव चैलान्तं कस् तं देशं न सन्त्यजेत्॥
कर्मणा यत्र पापेन वर्तन्ते जीवितेप्सवः।
व्यवधावेत् ततस् तूर्णं ससर्पाच् छरणादिव॥
अशुचीन् यत्र पश्येत ब्राह्मणान् वृषलीकर्षितान्।
त्यजेत् तद् राष्ट्रमासन्नमुपसृष्टमिवामिषम्॥-शान्ति.२८७।३७,४४,४७,५२।

सदाचार र वैदिक-सनातन-वर्णाश्रमधर्ममा सदाचारको स्थान

ब्रह्मयज्ञपरायण ब्राह्मणले पनि सामान्य सदाचारको पालना गरेरै ब्रह्मयज्ञ गर्ने गर्नपर्ने हुनाले याँहाँ सदाचारका कतिपय कुराको पनि संक्षेपमा प्रतिपादन गरिञ्छ।

जसका लागि वेद-वेदाङ्गशास्त्रहरुमा जेजस्ता आचारहरु विहित छन्, तेसका लागि तिनै आचारहरु सदाचार भनिञ्छन्। यो कुरा पुराणमा स्पष्ट गरिएको छ। जस्तै–

यस्य यद् विहितं कर्म वेदे शास्त्रे च वैदिकैः।
तस्य तेन समाचारः सदाचारो न चेतरः॥–शिवपुराण ७।२।१४।५७।

तेसै कुरालाइ मनुस्मृतिमा ब्रह्मावर्तदेशमा अनादि अविच्छिन्न परम्पराले चलिआएको आचार नै सदाचार भनिञ्छ भनेर बुजाइएको छ। जस्तै–

सरस्वतीदृषद्वत्योर् देवनद्योर् यदन्तरम्।
तं देवनिर्मितं देशं ब्रह्मावर्तं प्रचक्षते॥

तस्मिन् देशे य आचारः पारम्पर्यक्रमागतः।
वर्णानां सान्तरालानां स सदाचार उच्यते॥–मनुस्मृति २।१७,१८।

कहिँ तेसै कुरालाइ रागद्वेष क्षीण भएका सज्जनहरुको आचरण सदाचार हो भनेर बुजाउन खोजिएको पाइञ्छ। जस्तै–

साधवः क्षीणदोषाश्च सच्छब्दः साधुवाचकः।
तेषामाचरणं यत् तु सदाचारः स उच्यते॥
–विष्णुपुराण ३।११।३; वाचस्पत्यम्-शब्दकोश, सदाचारशब्द।

स्कन्दपुराणमा पनि एस्तैएस्तै कुरा पाइञ्छ। जस्तै–

विद्वेषरागरहिता अनुतिष्ठन्ति यं द्विजाः।
विद्वांसस् तं सदाचारं धर्ममूलं विदुर् बुधाः॥–काशीखण्ड ३५।२५।

सदाचारलाइ वैदिक–परम्परामा अत्यन्तै महत्त्व दिइएको छ, आचारबाट मात्र धर्मको र वेदको पनि पालना हुनसक्ने मानिएको छ, आचार नै सबै धर्मको मूल हो भनिएको छ। जस्तै–

आचारसम्भवो धर्मो धर्मे वेदाः प्रतिष्ठिताः।
वेदैर् यज्ञाः समुत्पन्ना यज्ञैर् देवाः प्रतिष्ठिताः॥–वनपर्व १५०।२८।

चतुर्णामपि वर्णानामाचारो धर्मपालकः।
आचारभ्रष्टदेहानां भवेद् धर्मः पराङ्मुखः॥–पराशरस्मृति १।३७।

आचार नभएकालाइ षडङ्गसहित वेदले पनि पवित्र गराउन नसक्ने कुरा शास्त्रमा स्पष्ट गरिएको छ। जस्तै–

आचारहीनं न पुनन्ति वेदा यद्यप्यधीताः सह षड्भिरङ्गैः।
छन्दांस्येनं मृत्युकाले त्यजन्ति नीडं शकुन्ता इव जातपक्षाः॥
–वासिष्ठधर्मसूत्र ३।३, बृहद्योगियाज्ञवल्क्यस्मृति ११।२०, देवीभागवत ११।२।१।

आचार नै धर्मको र कुलको मूल हो, आचारबाट च्युत व्यक्ति वैदिक समाजमा कुलीन मानिन पनि सक्तैन र धार्मिक मानिन पनि सक्तैन भन्ने कुरा पुराणमा पनि स्पष्ट गरिएको छ। जस्तै–

आचार एव धर्मस्य मूलं राजन् कुलस्य च।
आचाराद् हि च्युतो जन्तुर् न कुलीनो न धार्मिकः॥-भविष्यपु.४।२०५।२०।

आचारहीन व्यक्तिले दिएको वस्तु देवता-पितृ-ऋषिहरुले स्वीकारै नगर्ने कुरा पनि पुराणमा बताइएको छ। जस्तै—

दत्तमाचारहीनेन न प्रतीच्छन्ति देवताः।
पितरश्च महाभाग ऋषयश्च तपोधनाः॥—विष्णुधर्मोत्तरपु. ३।२५०।३।

आचारबाट आँफुलाइ स्वर्ग, कीर्ति, आयु र धन मिल्ने तथा लोकलाइ पनि सुख समेत मिल्ने कुरा देखाइ सदाचारको पालना गर्न पुराणशास्त्रले सबैलाइ प्रेरणा गरेको छ। जस्तै—

आचारः स्वर्गजनन आचारः कीर्तिवर्धनः।
आचारश्च तथाऽऽयुष्यो धन्यो लोकसुखावहः॥
—विष्णुधर्मोत्तरपुराण ३।२७१।१-४।

सदाचारको उल्लङ्घन गरेर काम गर्ने व्यक्तिलाइ यज्ञ, दान, तपस्या केइले पनि माथि लैजान नसक्ने कुरा पनि शास्त्रमा सम्जाइएको छ। जस्तै—

यज्ञ-दान-तपांसीह पुरुषस्य न भूतये।
भवन्ति यः सदाचारं समुल्लङ्घ्य प्रवर्तते॥
—ब्रह्मपुराण ११३।७, वामनपुराण १४।१५।

हरिभक्तिलाइ महत्त्व दिने पुराणमा पनि आँफ्ना वर्णका र आश्रमका लागि वेदले बताएका आचारहरुको उल्लङ्घन नगरिकन वेदोक्त धर्म गर्दै हरिभक्ति गर्नेले मत्रै विष्णुलोक प्राप्त गर्नसक्ने; हरिभक्ति-परायण भएपनि हरिध्यानपरायण भएपनि आँफ्ना आश्रमका आचारबाट भ्रष्ट व्यक्ति त पतितै भनिने कुरा स्पष्ट गरिएको छ। जस्तै—

स्वाचारमनतिक्रम्य हरिभक्तिपरो हि यः।
स याति विष्णुभवनं यद् वै पश्यन्ति सूरयः॥
कुर्वन् वेदोदितान् धर्मान् मुनीन्द्र स्वाश्रमोचितान्।
हरिध्यानपरो यस् तु स याति परमां गतिम्॥
हरिभक्तिपरो वाऽपि हरिध्यानपरोऽपि वा।
भ्रष्टो यः स्वाश्रमाचारात् पतितः सोऽभिधीयते॥
—नारदीयमहापुराण १।४।२०,२१,२४।

आचारको त्याग गर्ने व्यक्तिलाइ वेदले वा हरिभक्तिले वा शिवभक्तिले वा पुण्यक्षेत्रगमनले वा तीर्थयात्राले वा विविध यज्ञले पनि रक्षा नगर्ने कुरा पनि पुराणमा खोलेर बताइएको छ। जस्तै–

वेदो वा हरिभक्तिर् वा भक्तिर् वाऽपि महेश्वरे।
आचारात् पतितं मूढं न पुनाति द्विजोत्तम॥
पुण्याश्रमाभिगमनं पुण्यतीर्थनिषेवणम्।
यज्ञो वा विविधो ब्रह्मँस् त्यक्ताचारं न रक्षति॥
–नारदीयमहापुराण १।४।२५,२६।

आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त एव च।
तस्मादस्मिन् सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः॥–मनु.१।१०८।

आचाराद् विच्युतो विप्रो न वेदफलमश्नुते।
आचारेण तु संयुक्तः सम्पूर्णफलभाग् भवेत्॥–मनुस्मृति १।१०९।

एवमाचारतो दृष्ट्वा धर्मस्य मुनयो गतिम्।
सर्वस्य तपसो मूलमाचारं जगृहुः परम्॥
–मनुस्मृति १।११०, भविष्यपुराण १।१।८२-८३।

मङ्गलाचारयुक्तानां नित्यं च प्रयतात्मनाम्।
जपतां जुह्वतां चैव विनिपातो न विद्यते॥–मनुस्मृति ४।१४६।

आचाराल् लभते ह्यायुराचारादीप्सिताः प्रजाः।
आचाराद् धनमक्षय्यमाचारो हन्त्यलक्षणम्॥–मनुस्मृति ४।१५६।

सर्वलक्षणहीनोऽपि यः सदाचारवान् नरः।
श्रद्दधानोऽनसूयश्च शतं वर्षाणि जीवति॥–मनुस्मृति ४।१५८।

आचाराल् लभते ह्यायुराचाराल् लभते श्रियम्।
आचारात् कीर्तिमाप्नोति पुरुषः प्रेत्य चेह च॥-अनुशासन.१०४।१५५।

आगमानां हि सर्वेषामाचारः श्रेष्ठ उच्यते।
आचारप्रभवो धर्मो धर्मादायुर् विवर्धते॥–महाभा., अनु.१०४।१५६।

दुराचारो हि पुरुषो लोके भवति निन्दितः।
दुःखभागी च सततं व्याधितोऽल्पायुरेव च॥–मनुस्मृति ४।१५७।

दुराचारा दुर्विचेष्टा दुष्प्रज्ञाः प्रियसाहसाः।
असन्तस्त्विति विख्याताः सन्तस्त्वाचारलक्षणाः॥–शान्तिपर्व १९३।२।

सदाचारपरो विप्रः कृपालुः श्राद्धकृत् तथा।
आत्मनिष्ठोऽथ लोकेषु तारयेत् तरति स्वयम्॥
–लघ्वाश्वलायनस्मृति२४।३१, स्मृतिसन्दर्भ, पृ.१७६६।

सदाचारमा शौचव्यवस्था

दिसा–पिसाप गरेपछि र अरु वेलामा पनि आवश्यकतानुसार गर्न–पर्ने शौचका विषयमा स्मृति–पुराणहरुमा धेरै प्रकारका कुरा पाइञ्छन् तापनि गन्ध र लेप हटाउने गरेर शरीरको शुद्धि गर्ने, यथाशक्ति स्नान गर्ने र भावना शुद्ध गर्ने, आँफ्ना धर्ममा दरोगरि अडिने कुरामा जोड दिइएको छ। जस्तै–

गन्धलेपक्षयो यावत् तावच्छौचं विधीयते।
सर्वेषामेव वर्णानामित्याह भगवान् मनुः॥–देवीभागवत ११।२।२८।

गन्ध-लेपाऽपनोदार्थं शौचं देहस्य कीर्तितम्।
द्वयस्याऽपगमात् पश्चाद् भावशुद्ध्या विशुध्यति॥
–स्कन्दपुराण, माहेश्वरखण्ड २।४२।५८।

अशौचात् तु वरं बाह्यं तस्मादाभ्यन्तरं वरम्।
उभाभ्यां तु शुचिर् यस्तु स शुचिर् नेतरः शुचिः॥–दक्षस्मृ.५।३-४।

सर्वाणि तस्य पुण्यानि भवन्त्यभ्यधिकानि तु।
मनश्शौचसमायुक्तो यानि मर्त्यो निषेवते॥
–विष्णुधर्मोत्तरपुराण ३।२७५।८-९।

शौचमाचमनं स्नानं सन्ध्योपासनमार्जवम्।
तीर्थसेवा तपोऽस्पृश्याऽभक्ष्याऽसम्भाष्यवर्जनम्॥
सर्वाश्रमप्रयुक्तोऽयं नियमः कुलनन्दन।
मद्भावः सर्वभूतेषु मनो-वाक्-काय-संयमः॥–भाग.११।१७।३४,३५।

अस्मिलँ लोके वर्तमानः स्वधर्मस्थोऽनघः शुचिः।
ज्ञानं विशुद्धमाप्नोति मद्भक्तिं वा यदृच्छया॥–भाग.११।२०।११।

अभक्ष्यपरिहारश्च संसर्गश्चाऽप्यनिन्दितैः।
स्वधर्मे च व्यवस्थानं शौचमेतत् प्रकीर्तितम्॥
–बृहस्पतिवचन, आह्निकसूत्रावलि, पृ.८; अत्रिसंहिता, श्लो.३५।

सदाचारमा स्नानव्यवस्था

ब्रह्मचारिले प्रातःस्नान गर्नपर्ने, गृहस्थले आवश्यकता र परिस्थिति हेरेर संक्षिप्त प्रातःस्नानसहित वा प्रातःस्नानरहित मध्याह्नस्नान गर्नपर्ने, मध्याह्नस्नान गर्न सम्भवै नभए गृहस्थले पनि प्रातःस्नान मात्र गर्ने व्यवस्था पनि शास्त्रमा देखिञ्छ। अस्वस्थले र अशक्तले स्नान नगर्नु भन्ने शास्त्रको आदेश छ। स्वस्थ अवस्थामा आँफ्नो शरीरको प्रकृति शक्ति हेरेर ठिक प्रकारले गरिएका स्नानले रूप, तेज, बल, शौच, आयुष्य, आरोग्य, अलोलुपता, दुस्स्वप्ननाश, तपस्या र मेधा एति दश गुण प्राप्त हुने कुरा ऋषिमुनिले बताएका छन्। मुख्य स्नान गर्न नसकिएमा विभिन्न प्रकारका स्नानहरुमध्ये यथाशक्ति यथासम्भव कुनै एक स्नान गरे पनि मुख्य स्नानको जत्तिकै फल पाइञ्छ भन्ने कुरा बृहद्योगियाज्ञवल्क्यस्मृतिमा छ (७।१६२-१६६)। दस प्रकारका स्नानमध्ये कुनै पनि स्नान नगर्ने ब्राह्मण नै विशेष निन्दित हुने कुरा पद्मपुराणका सृष्टिखण्डमा (४७।२-३) देखिञ्छ। स्नानका विषयमा अरु कुरा र प्रमाणहरु पनि प्रस्तुत ग्रन्थकारका सन्ध्योपासनपद्धतिका भूमिकामा देखाइसकिएका छन्। दस प्रकारका स्नानहरुमा कात्यायन-त्रिकण्डिक-स्नानसूत्र-का हरिहरभाष्यमा (१) वारुण (जलावगाहन), (२) आग्नेय (भस्मोद्धूलन), (३) वायव्य (गोखुररजोद्धूलन), (४) मान्त्र (द्रुपदादिवेत्यादि-मन्त्रोच्चारणपूर्वक कुशाग्रजलकृत शिरोऽभिषेक), (५) कापिल (आर्द्रवस्त्रकृत शरीरमार्जन), (६) ब्राह्म (आपो हिष्ठेत्यादिमन्त्रकृत जलाभिषेक), (७) पार्थिव (मृदालम्भन), (८) दिव्य (सातपवर्षजलकृत स्नान), (९) मानस (परमात्मस्मरणं), (१०) दैव (स्वेष्टदेवतास्नानजलाभिषेक) इ स्नान गनिएका पाइञ्छन्। दाक्षिणात्य सामवेदि पण्डित रामनाथदीक्षितले सम्पादन गरेको, श्रुति-स्मृति-पुराण-प्रकाशनसमितिले १९८० क्रैस्ताब्दमा माइलापुर-मद्रासमा मुद्रित गरेको स्मृतिमञ्जरी भन्ने ग्रन्थमा समाविष्ट गौतमधर्मशास्त्रम् भन्ने ग्रन्थका पञ्चम अध्यायमा त दस प्रकारका स्नान तल लेखिएअनुसार गनिएका देखिञ्छन्—

भस्मोद्धूलनमित्युक्तं प्रथमं मन्त्रसंयुतम्।
वारुणं मानसं मान्त्रं भौमस्नानं तु पञ्चमम्॥३॥
षष्ठं दिव्यं च वायव्यमष्टमं च कुशोदकम्।
गोमूत्रं नवमं ज्ञेयं विप्रपादोदकं दश॥४॥—पृ.१३।

सदाचारमा सन्ध्योपासनव्यवस्था

सन्ध्योपासन नगर्ने व्यक्ति अरु धर्मकर्मका लागि सर्वथा अयोग्य हुञ्च, गरेका अरु धर्मकर्मको पनि फल उसले पाउँदैन भन्ने स्मृति-पुराणहरुको उक्ति छ। जस्तै—

सन्ध्याहीनोऽशुचिर् नित्यमनर्हः सर्वकर्मसु।
यदन्यत् कुरुते कर्म न तस्य फलमश्नुते॥

—दक्षस्मृति २।१९-२०, लघुव्यासस्मृति १।२७, स्कन्दपु. काशीखण्ड २५।१११, आवन्त्यखण्ड ३।२००।२१; ब्रह्मवैवर्तपु. कृष्णजन्मखण्ड ७५।७१।

न तिष्ठति तु यः पूर्वां नोपास्ते यश्च पश्चिमाम्।
स शूद्रवद् बहिष्कार्यः सर्वस्माद् द्विजकर्मणः॥

—मनु.२।१०३; ब्रह्मवैवर्तपु.प्रकृतिखण्ड २३।२६, कृष्णजन्म. ७५।७०।

सन्ध्योपासन स्वशाखासूत्रानुसारै गर्नपर्छ। माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका मन्त्रसंहितादि पड्ने वेदविद्याश्रमका विद्यार्थिलाइ बिहान उठेदेखि नसुतेसम्म गर्न पर्ने दिनचर्याका कुरा सिकाउने भनि लेखिएको र पाठ्यक्रमविकासकेन्द्रले प्रकाशित गरेको (२०५८) 'अस्माकं कर्मकाण्डः कक्षा ६' भन्ने पुस्तकको सन्ध्याविधि सम्बद्धशाखासूत्रसित नमिल्ने, न्यास-मुद्रादि अनेक तान्त्रिक पदार्थले भोरिएको र कुनै पनि वैदिक आर्षग्रन्थको पूर्ण आधार नभएको विधि हुनाले सर्वथा अनुचित रूपको र माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायिहरुका लागि सर्वथा अनुपादेय रूपको पनि देखिञ्छ। वेदविद्याश्रमका विद्यार्थिलाइ एसरि जानेर वा नजानेर स्वशाखाश्रुतिसूत्रप्रतिकूल कर्ममा अभ्यस्त बनाउने व्यवस्था गर्नु सारै नै चिन्त्य विषय पनि देखिञ्छ।

एस विषयमा विस्तृत कुराहरु एसै ग्रन्थकारका सन्ध्योपासनपद्धतिका (२०५६) भूमिकामा हेर्नुहोला।

सदाचारमा भक्ष्याऽभक्ष्य-व्यवस्था

भक्ष्याऽभक्ष्यको अर्थात् खान हुने र नहुने कुराको नियमको ब्राह्मणका लागि विशेष महत्त्व छ। **"राजा घृणी ब्राह्मणः सर्वभक्ष्यः"** इत्यादि श्लोकमा (हितोपदेश, सुहृद्भेद, श्लो.१८२) जे पनि खाने जसको पनि खाने ब्राह्मणलाइ सर्वथा त्याज्य मानिएको छ। तिनै वेद पडेको भए पनि शास्त्रको मर्यादा नराख्ने सर्वाशी (जे पनि

खाने जसको पनि खाने) सर्वविक्रयि (जे पनि बेच्ने) ब्राह्मणभन्दा त केवल गायत्री मात्रको ज्ञानादि भएको भए पनि खानपानको र विक्रेय-अविक्रेयको नियममा बस्ने शास्त्रको मर्यादा राख्ने शास्त्रनियन्त्रित ब्राह्मण जाति हो भन्ने "सावित्रीमात्र-सारोऽपि" (मनु. २।११८) इत्यादि वचनबाट पनि ब्राह्मणले भक्ष्याऽभक्ष्य-नियमको विशेष पालना गर्न पर्ने कुरा देखिञ्छ। इन्द्रियलाइ वशमा राख्न नसक्ने जिह्वा-लौल्यादिले जाँहाँ जसको पनि जे पनि खाने ब्राह्मणबाट समाजमा आत्मसंयमादि-को कुनै चारित्रिक आदर्श स्थापित हुन नसक्ने समेत कुरालाइ ध्यानमा राखेर उक्त वचनहरु प्रवृत्त भएका होलान्।

ब्राह्मणका लागि सर्वथा अभक्ष्य मानिएका कुराहरुमा लशुन, प्याज, छ्यापि, च्याउ, घर-कुखुरा, सुँगुर प्रमुख छन्। ति पदार्थ खाएमा ब्राह्मण पतित हुने र नजानेर खाएमा पनि चोखिन सान्तपन कृच्छ्र गर्न पर्ने वा यतिचान्द्रायण गर्न पर्ने कुरा मनुस्मृतिमा छ। ति कुरा खाएमा चोखिन चान्द्रायणव्रत गर्न पर्ने कुरा याज्ञ-वल्क्यस्मृतिमा छ। लशुन प्याज इत्यादि अभक्ष्य खाने ब्राह्मणलाइ धार्मिक राजाले देशनिकाला नै गर्नु भन्ने कुरा मत्स्यपुराणमा र विष्णुधर्मोत्तरपुरणमा छ। जस्तै—

(क) छत्राकं विड्वराहं च लशुनं ग्रामकुक्कुटम्।
पलाण्डुं गृञ्जनं चैव मत्या जग्ध्वा पतेद् द्विजः॥
अमत्यैतानि षड् जग्ध्वा कृच्छ्रं सान्तपनं चरेत्।
यतिचान्द्रायणं वाऽपि शेषेषूपवसेदहः॥—मनुस्मृति ५।१९,२०।

(ख) पलाण्डुं विड्वराहं च छत्राकं ग्रामकुक्कुटम्।
लशुनं गृञ्जनं चैव जग्ध्वा चान्द्रायणं चरेत्॥—याज्ञवल्क्यस्मृति १।१७६।

(ग) लशुनं च पलाण्डुं च शूकरं ग्रामकुक्कुटम्।
तथा पञ्चनखं सर्वं भक्ष्यादन्यत् तु भक्षयेत्॥
विवासयेत् क्षिप्रमेव ब्राह्मणं विषयात् स्वकात्।
अभक्ष्यभक्षणे दण्ड्यः शूद्रो भवति कृष्णलम्॥
—मत्स्यपुराण २२७।१९१-१९२, विष्णुधर्मोत्तरपुराण २।७२।१७५-१७६।

रजस्वला, सुत्केरि, पतित, नास्तिक, विधर्मि, शूद्र, चण्डाल, म्लेच्छ इत्यादि अस्पृश्य अशुचि जनले छोएका, कुकुर-बिराला काग-मुसाहरुले मुख हालेका दाल-भात इत्यादि भोज्य पदार्थ पनि द्विजातिले खान हुँदैन। सर्वजात

सराबर हुने होटेलका तथा भोजभतेरका खाद्यहरु पनि द्विजातिले खान हुँदैन। एस विषयमा तल लेखिएका वचन स्मरणीय छन्–

(क) दिवाकीर्तिमुदक्यां च पतितं सूतिकां तथा।
शवं तत्स्पृष्टिनं चैव स्पृष्ट्वा स्नानेन शुध्यति॥–मनुस्मृति ५।८५।

(ख) चण्डालपुक्कसम्लेच्छभिल्लपारसिकादिकान्।
महापातकिनश्चैव स्पृष्ट्वा स्नायात् सचैलकम्॥
–वृद्धयाज्ञवल्क्यवचन, याज्ञवल्क्यस्मृतिको अपरार्कव्याख्या, पृ.९२३।

(ग) शैवान् पाशुपतान् स्पृष्ट्वा लोकायतिक-नास्तिकान्।
विकर्मस्थान् द्विजान् शूद्रान् सवासा जलमाविशेत्॥
–ब्रह्माण्डपुराणवचन, याज्ञवल्क्यस्मृति-मिताक्षरा ३।३०।

(घ) बिडालकाकाखूच्छिष्टं जग्ध्वा श्वनकुलस्य च।
केशकीटावपन्नं च पिबेद् ब्राह्मीं सुवर्चलाम्॥–मनुस्मृति ११।१५९।

(ङ) चण्डालाऽन्त्यस्त्रियो गत्वा भुक्त्वा च प्रतिगृह्य च।
पतत्यज्ञानतो विप्रो ज्ञानात् साम्यं तु गच्छति॥–मनुस्मृति ११।१७५।

(च) चण्डालपतितादीनामुच्छिष्टान्नस्य भक्षणे।
चान्द्रायणं चरेद् विप्रः क्षत्रः सान्तपनं चरेत्॥
–अङ्गिराको वचन, याज्ञवल्क्यस्मृति-मिताक्षरा ३।२८९, पृ.५९७।

(छ) अमेध्यपतितचण्डालपुल्कसरजस्वलावधूतकुणिकुष्ठिकुनखिसंस्पृष्टानि भुक्त्वा कृच्छ्रं चरेत्।-शङ्खवचन, याज्ञवल्क्यस्मृति-मिताक्षरा ३।२८९,पृ.५९७।

(ज) नाऽऽपणीयमन्नमश्नीयात्।–आपस्तम्बधर्मसूत्र १।५।३।१४ (१।१७।१४)।

सदाचारमा पेयाऽपेयव्यवस्था

द्विजोत्तमका (ब्राह्मणका) लागि मद्य अपेय मानिएको छ। मद्य भन्नाले गाँजा, भाङ, चरेस, धतुरो, अफिम, ताडि इत्यादि प्राकृतिक मदकारि (बुद्धिविभ्रम गराउने) वस्तुलाइ पनि लिन सकिञ्छ र सौवीर, काञ्जिक इत्यादि कृत्रिम मदकारि वस्तुलाइ पनि लिन सकिञ्छ; तथापि फल, फुल, जरिबुटि, मह, गुड, अन्न इत्यादिबाट सन्धान गरेर बनाइएका मादक पदार्थलाइ मद्य भन्ने शास्त्रको र लोकको पनि रूढि छ। कतै मद्यलाइ सुरा पनि भनिञ्छ ता पनि धर्मशास्त्रमा

सुरामा र मद्यमा भेद पनि गरिञ्छ। मद्य भन्नाले धर्मशास्त्रमा उक्त प्रकारक सबैथरि मद्य बुजिञ्छन् भने सुरा भन्नाले अन्नको मद्य (मदिरा) भन्ने बुजिञ्छ मुख्य रूपमा सुरा भन्नाले धर्मशास्त्रमा जाँड-रक्सि भन्ने बुजिञ्छ। युद्धमा पनि भा लिन पर्ने क्षत्रियादिका लागि पनि सुरा निषिद्ध छ ता पनि सुराबाहेकका अरु मद्य स्मृतिपुराणादिमा क्षत्रियादिका लागि अनुमत नै देखिञ्छन्। ब्राह्मणका लागि सौत्रामणी इष्टिदेखिबाहेक अन्त सुरापान मात्र हैन मद्यपान पनि सर्वथा निषिद्ध छ कुनै पनि मद्य पिएर मद चडेमा ब्राह्मणको ब्राह्मणत्व जाने र उ शूद्रत्वमा पुग कुरा मनुस्मृतिमा छ। एस विषयमा तल लेखिएका वचन स्मरणीय छन्—

(क) अशिव इव वा एष भक्षो यत् त्सुरा ब्राह्म्मणस्य।-मा.वा.शत.१२।८।१।५

(ख) अनादद्या वै ब्राह्म्मणेन परिस्रुत्।–मा.वा.शु.य.वे.शतपथ.१२।९।१।१।

(ग) सर्वं मद्यमपेयम्।–आपस्तम्बधर्मसूत्र १।५।१२।२१।

(घ) मद्यं नित्यं ब्राह्मणः (वर्जयेत्)।–गौतमधर्मसूत्र १।२।२५।

(ङ) गौडी पैष्टी च माध्वी च विज्ञेया त्रिविधा सुरा।
यथैवैका तथा सर्वा न पातव्या द्विजोत्तमैः॥–मनुस्मृति ११।९४।

(च) यस्य कायगतं ब्रह्म मद्येनाऽऽप्लाव्यते सकृत्।
तस्य व्यपैति ब्राह्मण्यं शूद्रत्वं च स गच्छति॥–मनुस्मृति ११।९७।

(छ) सुरा वै मलमन्नानां पाप्मा च मलमुच्यते।
तस्माद् ब्राह्मण-राजन्यौ वैश्यश्च न सुरां पिबेत्॥–मनुस्मृति ११।९३।

(ज) कामादपि हि राजन्यो वैश्यो वाऽपि कथञ्चन।
मद्यमेव सुरां पीत्वा न दोषं प्रतिपद्यते॥
–बृहद्योगियाज्ञवल्क्यस्मृतिवचन, याज्ञवल्क्यस्मृति-मिताक्षरा ३।२५३, पृ.५२९

सदाचारमा स्पृश्याऽस्पृश्य-व्यवस्था

पतित, सूतिका, रजस्स्वला, शवस्पर्शि, प्रेतधूम, देवद्रव्योपजीवि, ग्राम याजि, सोमविक्रयि, यूप, चिति, चण्डाल, पुल्कस, म्लेच्छ, पारसिक, रजक, चर्म कार, नट, वुरुड, कैवर्त, मेद, शैलूषक, मुखेभग, सर्ववर्णगा वेश्या, चक्रि (तैलिक) ध्वजि (शौण्डिक), शव, चिता, चिताकाष्ठ, मनुष्यको राम्ररि नसुकेको हाड, मद्य मद्यभाण्ड, लशुन, प्याज इत्यादि कुरा सदाचारि ब्राह्मणका लागि अस्पृश

मानिएका छन्। एस विषयमा मनुस्मृत्यादिका केइ वचन माथि भक्ष्याऽभक्ष्य-व्यवस्थाका प्रसङ्गमा देखाइसकिएका छन्। अरु धेरै वचन द्वितीय संस्करणका लागि परिष्कृत वैदिक धर्म मूल रूपमा भन्ने ग्रन्थका चाण्डालादि-जाति-निरूपणका प्रकरणका टिप्पणीमा सङ्गृहीत छन्। याज्ञवल्क्यस्मृतिका मिताक्षरा टीकामा पनि पाइञ्छन्। अरु एक-दुइ विशेष वचन तल देखाइञ्छन्—

(क) सर्वभक्ष्यरता मूढा म्लेच्छा गोब्रह्मघातकाः।
कुवाचकाः परे म्लेच्छा एते ये कूटयोनयः॥
तेषां पैशाचिकी भाषा लोकाचारो न विद्यते।
नास्ति शौचं तपो ज्ञानं न देवपितृतर्पणम्॥
दानश्राद्धादिकं यज्ञे देवानां च प्रपूजनम्।
पितृणां न च शुश्रूषा द्विजदेवतपस्विनाम्॥
ज्ञानलोपादतस् तेषां मलशौचं न विद्यते।
मातरं भगिनीं चाऽन्यां गृहिणीं कामयन्ति च॥
तेषां संसर्गतोऽन्ये च सम्बन्धादन्नभोजनात्।
मैथुनात् तस्य योषासु तद्भावं तु व्रजन्ति ते॥—पद्मपु.सृष्टि.७६।४२-४३।

(ख) सुरां स्पृष्ट्वा द्विजः कुर्यात् प्राणायामत्रयं शुचिः।
पलाण्डुं लशुनं चैव घृतं प्राश्य ततः शुचिः॥—कूर्मपुराण २।३४।७१।

सदाचारमा सम्भाष्याऽसम्भाष्यव्यवस्था

चाण्डालादि सामान्यतया असम्भाष्य (मिलोमतो गरेर दोहोरो बोलिचालि गर्न बोल्न नहुने) मानिएका छन्। स्नान, भोजन, जप, होम, अर्चन, स्वाध्यायाध्ययन, ध्यान इत्यादि सत्कर्मका समयमा रजक, चर्मकार, नट, वुरुड, कैवर्त, मेद, भिल्ल, स्वर्णकार, सौचिक, कारुक, लोहकार, शिलाभेदि, नापित, तक्षा (वर्धकि), तैलिक, सौनिक, चक्रि, ध्वजि (मद्य बनाउने र बेच्ने) इत्यादिसित सम्भाषण गर्नु उचित मानिँदैन भन्ने कुरा हेमाद्रिकृत चतुर्वर्गचिन्तामणिका प्रायश्चित्ताध्यायमा (पृ.३८) गरुडपुराणवचनका आधारमा प्रतिपादित छ। वेदादिशास्त्रमा कत्ति पनि श्रद्धा नभएका, मै जान्ने भन्ने, ब्रह्मघाति, गुरुतल्पगामि, रजस्वला, म्लेच्छ, पतित, व्रात्य, ब्राह्मणद्वेषि, वेदबाह्य इत्यादि मनुष्य पनि असम्भाष्य मानिएका छन्। एस विषयका केइ वचन तल देखाइञ्छन्—

(क) अश्रद्धधानो मानी च ब्रह्महा गुरुतल्पगः।
असम्भाष्या हि चत्वारो नैषां धर्मं प्रकाशयेत्॥–महाभा.अनु.१३०।५।

(ख) रजस्वलान्त्यजम्लेच्छपतितव्रात्यकैः सह।
द्विजद्विड्-वेदबाह्यैश्च न वदेच् च कथाव्रती॥
–हरिवंशमाहात्म्य ४।१८-१९, द्र.-भागवतमाहात्म्य ६।४
स्कन्दपु.वैष्णव.४।६।५

यथाशक्ति दक्षिणादान-सत्कार-दण्डवत्प्रणाम-नमस्कार इत्यादि ग
सकिनेसम्म सम्मान पनि नगर्नेसित र अनुचित रूपले प्रश्न गर्नेहरुसित प
धर्मका विषयमा प्रश्नोत्तर गर्नु पनि अकल्याणकारि मानिएको छ। जस्तै–

(क) दहत्यग्निर् यथा कक्षं ब्रह्म पृष्टमनादृतम्।
न तस्य ब्रह्म प्रब्रूयात् शक्यं मानमकुर्वतः॥–वासिष्ठधर्मसूत्र २।१२।

(ख) अधर्मेण च यः प्राह यश्चाऽधर्मेण पृच्छति।
तयोरन्यतरः प्रैति विद्वेषं वाऽधिगच्छति॥–मनु.२।१११।

सदाचारमा मान्याऽमान्य-व्यवस्था

मान्याऽमान्यव्यवस्थाका विषयमा पनि मनुस्मृत्यादि धर्मशास्त्रग्रन्थह
मा धेरै कुरा लेखिएका छन्। धन, नाता, वय (उमेर), धर्मकार्य र विद्या माननी
ताका कारण मानिएका छन्। तिनमा पनि धनभन्दा नाता बर्ता, नाताभन्दा व
(उमेर) बर्ता, वयभन्दा धर्मकार्य बर्ता, धर्मकार्यभन्दा विद्या बर्ता मान्यताका कार
मानिएका छन् (मनु.२।१३६)। धर्ममार्गमा चल्ने वेद-वेदाङ्ग पडाउने गुरु (आचार्य
पिता, माता, सहोदर दाजु इनलाइ आँफु आर्त अवस्थामा नै पर्दा पनि अपमान ग
हुँदैन (मनु.२।२२५)। विशेष गरेर ब्राह्मणले त तिनको अपमान गर्नै हुँदैन। दाजु
गर्न पर्ने कर्तव्य गर्ने दाजुलाइ आमा-बाउलाइ भैँ नै मान गर्नपर्छ, तेसो नगर्ने दाज
लाइ मामा-ठुलाबाउ-सानाबाउलाइजस्तो मान गर्नपर्छ। पतितै भए पनि बाउ-आम
लाइ खान-लाउन दिएर सामान्यं मान त गर्नपर्छ, तर आमैसित पनि सम्भाष
(मिलोमतो गरेर दोहोरो बोलचाल) भने गर्न हुँदैन। अधर्ममार्गमा चलेमा त बा
आमा भाइ छोरा पनि शत्रु नै मानिञ्छन्, सच्चा बाउ-आमा नै मानिँदैनन्। जाँ
दुर्जनहरुको सम्मान गरिञ्छ सज्जनहरुको अपमान गरिञ्छ त्याँहाँ अनिकाल प
देसान आउँच, जिउधनमा सँधै जगजगि भैरहञ्छ, तेस्ता सज्जनको अपमान गर्

हरुमा देवकृत दारुण दण्ड पनि बज्रन आउँछ भन्ने कुरा पनि स्मृतिपुराणहरुमा देखिञ्छ। अपूज्यको पूजा गर्दा र पूज्यको पूजा नगर्दा (अपमान गर्दा) माञ्छेलाइ ज्यानमारेकोजस्तो पाप लाग्छ भन्ने कुरा पनि महाभारतमा बताइएको छ। पाखण्डि, विकर्मि, बैडालव्रति (धर्मध्वजि), अगिल्तिर ठिक्क पार्ने पछिल्तिर बिगार गर्ने, वेदादिशास्त्रमा श्रद्धा नभएका केवल लौकिक तर्कका भरमा चल्ने, बकुल्लाभगत एति व्यक्तिलाइ त केवल बोलिले मात्र पनि सम्मान नगर्नु भन्ने मनुस्मृतिको आज्ञा छ। ऋषिहरुमा (ब्राह्मणहरुमा) धेरै वर्ष भएर वा सेतै फुलेर वा धेरै सम्पत्ति भएर वा ठुलो बलियो गोलबगाल भएर पनि व्यक्ति ठुलो (मान्य) हुँदैन, जसले कल्प, शिक्षा, व्याकरण, निरुक्त, छन्द, ज्योतिष इ छ वेदाङ्गसमेत सरहस्य वेद गुरुबाट राम्ररि पडेको छ (अनूचान भएको छ) तेइ ठुलो (मान्य) हुञ्छ भन्ने सिद्धान्त भएको कुरा पनि मनुस्मृतिमा छ। एस विषयमा केइ वचनहरु तल देखाइञ्छन्–

(क) वित्तं बन्धुर् वयः कर्म विद्या भवति पञ्चमी।
एतानि मान्यस्थानानि गरीयो यद्यदुत्तरम्॥–मनुस्मृति २।१३६।

(ख) यो भावयति या सूते येन विद्योपदिश्यते।
ज्येष्ठो भ्राता च भर्ता च पञ्चैते गुरवः स्मृताः॥
–कूर्मपुराण २।१२।३२-३३, पद्मपुराण, स्वर्गखण्ड ५१।३६-३७।

(ग) आचार्यश्च पिता चैव माता भ्राता च पूर्वजः।
नाऽऽर्तेनाऽप्यवमन्तव्या ब्राह्मणेन विशेषतः॥–मनुस्मृति २।२२५।

(घ) एकोदरसमुत्पन्नो ज्येष्ठो भ्राता पितुः समः।
भूयादिति श्रुतिर् लोके प्रसिद्धा सर्वतः स्थिता॥-स्कन्दपु.नागर.२०९।५७।

(ङ) पितेव पालयेत् पुत्रान् ज्येष्ठो भ्रातृन् यवीयसः।
पुत्रवच् चाऽपि वर्तेरन् ज्येष्ठे भ्रातरि धर्मतः॥
ज्येष्ठः कुलं वर्धयति विनाशयति वा पुनः।
ज्येष्ठः पूज्यतमो लोके ज्येष्ठः सद्भिरगर्हितः॥
यो ज्येष्ठो ज्येष्ठवृत्तिः स्यान् मातेव स पितेव सः।
अज्येष्ठवृत्तिर् यस्तु स्यात् स सम्पूज्यस्तु बन्धुवत्॥–मनु.९।१०८।११०।

(च) पतितः पिता परित्याज्यः, माता तु पुत्रे न पतति।-वासिष्ठध.सू.१३।४७।

(छ) न कर्हिचिन् मातापित्रोरवृत्तिः।–गौतमधर्मसूत्र ३।३।१५।

(ज) पतितामपि तु मातरं बिभृयादनभिभाषमाणः।–बौधायनधर्मसू.२।३।४३।

(झ) न पतितमाचार्यं ज्ञातिं वा दर्शनार्थो गच्छेत्, न चाऽस्माद् भोगानुपयुञ्जीत, यदृच्छासन्निपात उपसंगृह्य तूष्णीं व्यतिव्रजेत्, माता पुत्रत्वस्य भूयांसि कर्माण्यारभते तस्यां शुश्रूषा नित्या पतितायामपि, न तु धर्मसन्निवापः स्यात्।–आपस्तम्बधर्मसूत्र १।१०।१।६-१०।

(ञ) न माता न पिता न स्त्री न पुत्रस् त्यागमर्हति।
त्यजन्नपतितानेतान् राज्ञा दण्ड्यः शतानि षट्॥–मनुस्मृति ८।३८९।

(ट) ज्येष्ठो भ्राता पिता चाऽपि यश्च विद्यां प्रयच्छति।
त्रयस्ते पितरो ज्ञेया *धर्म्ये च पथि वर्तिनः॥*-वाल्मीकिरामायण ४।१८।१३।

(ठ) यावत् पिता च माता च द्वावेतौ *निर्विकारिणौ।*
तावत् सर्वं परित्यज्य पुत्रः स्यात् तत्परायणः॥-पद्मपु.स्वर्ग.५१।३८-३९।

(ड) माता वा जनको वाऽपि भ्राता वा तनयोऽपि वा।
अधर्मं कुरुते यस्तु स एव रिपुरिष्यते॥–नारदीयमहापुराण १।८।११५।

(ढ) गुरुर् न स्यात् स्वजनो न स स्यात् पिता न स स्याज् जननी न सा स्यात्।
दैवं न तत् स्यान् न पतिश्च स स्यान् न मोचयेद् यः समुपेतमृत्युम्॥
–भागवत ५।५।१८।

(ण) अपूज्या यत्र पूज्यन्ते पूजनीयो न पूज्यते।
त्रीणि तत्र भविष्यन्ति दुर्भिक्षं मरणं भयम्॥
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ-६, पृ.३६५, द्र.-शिवपुराण २।२।३५।९।

(त) अपूज्यपूजने चैव पूज्यानां चाऽप्यपूजने।
नरः पापमवाप्नोति महद् वै नाऽत्र संशयः॥
–कूर्मपु.१।१५।२६, स्कन्दपु.प्रभास.२।९।९१-९२; शिवपु.७।१।१९।१०।

(थ) अपूज्यपूजनाच् चैव पूज्यानां चाऽप्यपूजनात्।
नृघातकसमं पापं शश्वत् प्राप्नोति मानवः॥–महाभा., शान्ति.२८४।१७।

(द) असतां प्रग्रहो यत्र सतां चैव विमानना।
दण्डो दैवकृतस् तत्र सद्यः पतति दारुणः॥
–कूर्मपुराण १।१५।२७, ब्रह्माण्डपु.१।१२।२९-३०, वायुपु.२।१४।२९,
स्कन्दपु.प्रभास.२।९।९२-९३, शिवपु.७।१।१९।११।

(ध) पाषण्डिनो विकर्मस्थान् बैडालव्रतिकान् छठान्।
हैतुकान् वकवृत्तींश् च वाङ्मात्रेणाऽपि नाऽर्चयेत्॥–मनुस्मृति ४।३०।

(न) न हायनैर् न पलितैर् न वित्तेन न बन्धुभिः।
ऋषयश् चक्रिरे धर्मं योऽनूचानः स नो महान्॥
विप्राणां ज्ञानतो ज्यैष्ठ्यं क्षत्रियाणां तु वीर्यतः।
वैश्यानां धान्यधनतः शूद्राणामेव जन्मतः॥–मनुस्मृति २।१५४,१५५।

(प) ब्राह्मणं दशवर्षं तु शतवर्षं तु भूमिपम्।
पितापुत्रौ विजानीयाद् ब्राह्मणस्तु तयोः पिता॥–मनुस्मृति २।१३५।

सदाचारमा कार्याऽकार्यव्यवस्था

वेद-वेदाङ्ग-वेदोपाङ्ग-स्मृति-पुराणहरुले वर्ण-वर्णले र आश्रमि-आश्रमिले योयो काम गर्नु भनेका कुरा कार्य (गर्न पर्ने वा गर्न हुने) र योयो कार्य नगर्नु भनेका कुरा अकार्य (गर्न नहुने) हुन्। यो गर्नु पनि नभनेका नगर्नु पनि नभनेका कुरा गरे पनि हुने नगरे पनि हुने हुन्।

द्यूत (जुआ) कुनैकुनै अवसरमा शास्त्रविहित हुनाले तेसतेस अवसरमा शास्त्रविहित रूपमा कार्य हुञ्छ। अरु अवसरमा अकार्य हुञ्छ। जुआले नल-युधिष्ठिरहरुलाइ बिगारेको इतिहास देखाइ शास्त्रले जुआलाइ अकार्य रूपमा नै देखाएको छ।

परस्त्रीगमन-वेश्यागमनहरु ठुला अकार्य हुन्। परदारगमनलाइ मनुस्मृतिमा र अन्यत्र पनि अत्यन्त अनिष्टकारि मानिएको छ। जस्तै–

नहीदृशमनायुष्यं लोके किञ्चन विद्यते।
यादृशं पुरुषस्येह परदारोपसेवनम्॥–मनुस्मृति ४।१३४।

आयुषस् तपसः कीर्तेस् तेजसो यशसः श्रियः।
विनाशकारणं मुख्यं परदारप्रधर्षणम्॥-स्कन्दपु.माहेश्वर.२।११।२५-२६।

"न जनमियात् नाऽन्तमियात्" (का.वा.बृह.१।३।१०), "न गच्छेन् म्लेच्छविषयम्" (विष्णुधर्मसूत्र ८४।२) इत्यादि श्रुतिस्मृतिले निषेध गरेकाले र म्लेच्छदेश जानेहरु म्लेच्छानुग्रहापेक्षि र वेद-ब्राह्मणविद्वेषि हुने गरेको समेत देखिनाले विनाबाध्यता म्लेच्छदेश जानु पनि द्विजातिका लागि ठुलो अकार्य र पातक पनि देखिञ्छ।

सदाचारमा धर्मको अनुकूल धनोपार्जनको व्यवस्था

वैदिक-सनातन-वर्णाश्रमधर्म भौतिक उपभोगको र धनार्जनको पनि विरोधि छ भन्ने भ्रम पनि कतिपय व्यक्तिहरुमा रहेको पाइञ्छ। किन्तु वैदिक धर्ममा धर्मपूर्वक गरिने भौतिक उपभोग र धनार्जनको निषेध गरिएको छैन, केवल अधर्म्य उपायले उपभोग्यवस्तुको र धनको सङ्ग्रह गरेर उपभोग गर्ने कुराको मात्र निषेध गरिएको छ। कतिपय ऋषि-मुनिहरु पनि भौतिक धनवान् समेत भएको उल्लेख वैदिकशास्त्रमा पाइञ्छ। धर्मले राष्ट्रले र समाजले निन्दा वा निषेध नगरेका उपायले आर्जेका पवित्र धनको शास्त्रहरुमा प्रशंसा नै गरिएको छ। अनासक्ति-पूर्वक भोग्यपदार्थहरुको उपभोग गर्नु र आर्काका धनमा लोभ नगर्नु भन्ने कुरामा विशेष जोड वैदिक शास्त्रहरुमा दिइएको देखिञ्छ। केवल आत्मज्ञानपट्टि मात्र लाग्नपर्ने सन्न्यासिहरुका लागि मात्र सबै प्रकारका सङ्ग्रहहरुको परित्याग गर्नु भन्ने व्यवस्था शास्त्रहरुमा गरिएको पाइञ्छ। सन्न्यास आश्रम वैदिकधर्मको एक पक्ष मात्र भएको, तेसले वैदिकधर्मको समग्र रूपको प्रतिनिधित्व नगर्ने र गृहस्थाश्रम नै सबै आश्रमहरुको आधार तथा वैदिकधर्मका सम्पूर्ण पक्षलाइ समेट्ने आश्रम भएको हुँदा र गृहस्थाश्रम चल्नका लागि धनको आवश्यकता पर्ने हुनाले वैदिक शास्त्रहरुमा धनार्जन गर्ने उपायहरुको पनि व्यवस्था गरिएको पाइञ्छ। वैदिक-यज्ञहरु सम्पादन गर्नका लागि पनि प्रशस्त धनको अपेक्षा रहने हुँदा पनि धर्म्य उपायले धनार्जन गर्नु वैदिकधर्ममा प्रशंसनीय कुरा नै मानिएको देखिञ्छ। वैदिकधर्ममा धर्म-काम-मोक्षलाइ भैँ नै अर्थलाइ पनि पुरुषार्थ मानेर धर्म, अर्थ, काम, मोक्ष इ चार पुरुषार्थ मानिएका कुराबाट पनि वैदिकधर्ममा धर्म-सम्मत उपायले अर्थोपार्जन गर्ने कुरालाइ उचित महत्त्व दिइएको कुरा स्पष्ट हुञ्छ।

गृहस्थधर्मको पालन गर्नैपर्छ भन्ने शास्त्रमा व्यवस्था नभए पनि धर्म्य उपायले धन प्राप्त भएमा विवाह, सन्तानोत्पादन, दान, परोपकार, यज्ञ इत्यादि गृहस्थधर्मको पालन गर्नु ठुलो र राम्रो कुरा मानिञ्छ। तसर्थ वैदिकधर्ममा अनुमोदित अर्थोपार्जन गर्ने उपायहरुका विषयमा चर्चा गर्नु आधुनिक वातावरणमा पनि सान्दर्भिकै हुने देखिञ्छ।

वैदिक शास्त्रहरुमा न्याय्यवृत्तिद्वारा जीवनयात्रा चलोउने कुरामा सारै जोड दिइएको छ। शास्त्रले, समाजले र राष्ट्रले अनुमोदन गरेका वा निषेध नगरेका उपायले गरेका अर्थोपार्जनबाट गरिएको जीवनयात्रालाइ न्याय्यवृत्ति वा आदर्श

जीवनयात्रा भनिञ्छ। न्याय्यवृत्तिपरायणताभन्दा ठूलो आधारभूत धर्म वैदिकधर्मका शास्त्रहरुमा आर्को मानिएको छैन। वेदादिशास्त्रले, समाजले र राष्ट्रले निषेध गरेका उपायद्वारा आर्जित धनबाट गरिएको जीवनयात्रालाइ अन्याय्यवृत्ति वा निन्द्य जीवन-यात्रा भनिञ्छ। अन्याय्यवृत्ति अधर्मको मुहान हुने हुनाले त्यो त्याज्य मानिएको छ।

अर्थोपार्जन गर्ने उपायहरुमा जनबल, धनबल, शरीरबल इत्यादि बल भएका वेलामा आर्थोपार्जनका लागि शास्त्रनिर्दिष्ट उत्तम उपाय नै अपनाउनपर्छ भन्ने शास्त्रव्यवस्था छ। उक्त कुराहरुको प्रतिकूलता रहेका वेलामा अत्यावश्यक हुँदा जीवनरक्षाका लागि मात्र आपद्वृत्तिका रूपमा तल्लो तहको अर्थोपार्जनको उपाय पनि अपनाउन हुञ्छ भन्ने शास्त्रव्यवस्था पाइञ्छ।

वैदिक शास्त्रहरुमा अर्थोपार्जन गर्ने उपाय बताउने क्रममा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र वर्णहरुका लागि भिन्न-भिन्न उपायको व्यवस्था पनि गरिएको देखिञ्छ।

ब्राह्मणका लागि अंशमा प्राप्त पैतृक धन, अकस्मात् फेला परेको गडुन्ना धन तथा मित्रादिबाट उपहारस्वरूप प्राप्त धन र सत्कर्मि न्याय्यवृत्ति दाताबाट प्रति-गृहीत धन नै मुख्य रूपमा विवाहादि धर्मकर्मका निम्ति समुचित धन मानिएका छन्।

ब्राह्मणका यजन-याजन, अध्ययन-अध्यापन, दान-प्रतिग्रह इ छ कर्महरुमध्ये याजन, अध्यापन र प्रतिग्रह ब्राह्मणका जीविकाका साधन पनि हुन् भन्ने व्यवस्था शास्त्रहरुमा गरिएको पाइञ्छ। शास्त्रहरुमा ब्राह्मणले कस्ताको याजन गर्न हुने, कस्तालाइ केके पढाउन हुने र कस्ताबाट प्रतिग्रह(दान) लिन हुने भन्ने कुराको पनि व्यवस्था गरिएको देखिञ्छ। ब्राह्मणले याजन-अध्यापन-प्रतिग्रह-बाट वृत्ति नचले वृत्तिका लागि राजकार्य पनि गर्न हुने नै देखिञ्छ। पुरोहित हुने, ऋत्विक् हुने र व्यवहार हेर्न सभ्य र प्राड्विवाक (डिट्ठा, विचारि, न्यायाधीश) हुने तथा दूत हुने इत्यादि राजाका धेरै नै काम ब्राह्मणले गर्नपर्ने कुरा शास्त्रबाट देखिञ्छ। अरु कामबाट वृत्ति नचलेमा ब्राह्मणले क्षत्रियकर्मबाट र वैश्यकर्मबाट पनि जीविका चलाउन हुञ्छ तथापि तेस्ता अवस्थामा ब्राह्मणले पौरोहित्य-प्रतिग्रहादि गर्न भने हुँदैन भन्ने शास्त्रव्यवस्था देखिञ्छ। जीविकाका लागि अत्यावश्यक हुँदा ब्राह्मणले पनि कृषि-वाणिज्य-पशुपालनादि काम गर्न हुञ्छ भन्ने शास्त्रवचनहरु पनि पाइञ्छन्।

ब्राह्मणले धेरै धन-सञ्चय गर्न हुँदैन, ब्राह्मण धनसञ्चय-परायण भएमा धर्म हराउँदै जाञ्छ र राष्ट्र नै भ्रष्ट हुन पुग्छ भन्ने वैदिक परम्पराका शास्त्रहरुको

सिद्धान्त रहेको पाइञ्छ। ब्राह्मण त्यागशील नै हुनपर्छ र जीविकाका लागि अत्यावश्यकभन्दा बर्ता धन न्याय्यमार्गबाट प्राप्त भएमा त्यो धन ब्राह्मणले यज्ञ-दानादिमा लगाउनपर्छ भन्ने शास्त्रव्यवस्था देखिञ्छ।

सबै मनुष्यले, तेसमा पनि द्विजातिले, तेसमा पनि ब्राह्मणले गृहस्थादि-धर्मका पालनका निम्ति शास्त्रले, समाजले र राष्ट्रले विहित वा अनुमोदित वा अनिषिद्ध उपायले नै अर्थोपार्जन गर्नपर्छ, धर्म्य धनबाट जेजस्तो जीवनयात्रा र धर्मकर्म हुनसक्छ तेसैमा सन्तोष गर्नपर्छ, धन प्राप्त हुन नसकेमा ब्राह्मण विवाह नगरि नैष्ठिक ब्रह्मचर्यमा बस्न वा स्नातकधर्म मात्र पालन गरेर बस्न पनि हुञ्छ भन्ने शास्त्रव्यवस्था छ।

क्षत्रियका लागि पनि अंशमा प्राप्त पैतृक धन, मित्रादिबाट प्राप्त धन, कन्यापक्षबाट प्रसन्नतापूर्वक दिइएको धन, राजसेवा-रक्षा-युद्धादि कार्यबाट प्राप्त भएको धन विवाहादि धर्मकर्मका लागि समुचित धन मानिएकाले क्षत्रियले सामान्यतया तिनै उपायले अर्थोपार्जन गर्नपर्छ भन्ने वैदिक धर्मशास्त्रको व्यवस्था छ।

वैश्यका लागि पनि अंशमा पाएको धन, कन्यापक्षबाट प्रसन्नतापूर्वक दिइएको धन र कृषि-पशुपालन-व्यापार-उद्योगधन्दा-बाट कमाएको धन शास्त्रमा विवाहादि धर्मकर्मका लागि समुचित धन मानिएकाले वैश्यले सामान्यतया तिनै उपायले अर्थोपार्जन गर्नपर्छ भन्ने वैदिक ऋषिमुनिको उपदेश देखिञ्छ।

शूद्रका लागि पनि अंशमा पाएको धन, मित्रादिबाट प्राप्त धन, वधूपक्षबाट प्रसन्नतापूर्वक दिइएको धन र सेवा, ज्यालादारि, यन्त्रकर्म, शिल्पकर्म, गान-बजान-नृत्यकर्म, भारवहनादिकर्महरुबाट प्राप्त धन विवाहादि धर्मकार्यका लागि समुचित धन मानिएकाले सामान्यतया शूद्रले तिनै उपायले अर्थोपार्जन गर्नपर्छ भन्ने वैदिक शास्त्रीय मान्यता रहेको देखिञ्छ।

सम्पूर्ण मानव मात्रका लागि अंशमा प्राप्त पैतृक धन, मित्रादिबाट प्राप्त धन, विवाहमा वधूका साथमा वधूपक्षका व्यक्तिले प्रसन्नतापूर्वक दिएको धन, शास्त्रले समाजले र राष्ट्रले विहित अनुमोदित र अनिषिद्ध उपायले आर्जित धन विवाह-गृहस्थधर्मपालनादिका लागि समुचित धन मानिएकाले सबै मनुष्यले उक्त उपायले अर्थोपार्जन गर्नपर्छ भन्ने कुरा वैदिक धर्मशास्त्रका साधारणधर्मप्रकरणका अनुशीलनबाट देखिन आउँछ।

उक्त वर्णवर्णको अर्थोपार्जनको व्यवस्था सामान्य-व्यवस्था हो। आँफ्ना वर्णका लागि विहित उपायद्वारा वृत्ति नचलेमा ब्राह्मणले दास्यबाहेक अरु कर्मबाट र अन्य वर्णका व्यक्तिले याजन-वेदाध्यापन-प्रतिग्रहलाइ छोडेर राष्ट्रले र समाजले निषेध नगरेका अरु अनिन्द्य कर्मबाट जीविका चलाउन हुनें कुरा शास्त्रमा बताइ-एको पाइञ्छ। ब्राह्मणले शूद्रकर्म दास्य गर्न नहुने, शूद्रले ब्राह्मणकर्म गर्न नहुने, क्षत्रिय-वैश्यजीविकाकर्म त अवस्थानुसार ब्राह्मणले र शूद्रले पनि गर्न हुने भन्ने पनि वैदिकधर्मशास्त्रको मान्यता देखिञ्छ।

वैदिक शास्त्रहरुमा धनलाइ आयस्रोतका दृष्टिले उत्तम, मध्यम र अधम (शुक्ल, शबल र कृष्ण अर्थात् सेतो, छिरबिरे वा सेतोकालो र कालो) गरि तिन प्रकारको मानिएको छ।

विद्या, शूरता, तपस्या, कन्यादाता, यजमान, शिष्य, दायभाग (अंश) इ सातथोकबाट प्राप्त धनलाइ शुक्लधन अर्थात् सेतो वा उत्तम धन मानिञ्छ (नारदीयमनुस्मृति २।४०-४५; विष्णुधर्मसूत्र ५८।१-१२; अग्निपुराण २०९।२४,२५; मूल गरुडपुराण १।२१३।८६-१०१; शिवपुराण १।१५।३९-४१)। एस्ता धनले गरेका धर्मकर्मको फल पनि सुखमय हुञ्छ भन्ने शास्त्रनिर्देश छ।

ब्याजबट्टा, खेतिपाति, व्यापार, शिल्पकर्म, शुल्क, सेवा, प्रत्युपकार इ सातथोकबाट प्राप्त धनलाइ शबल अर्थात् छिर्केमिर्के वा सेतोकालो वा मध्यम मानिञ्छ। एस्ता धनलें गरेका धर्मकर्मको फल पनि सुखदुःखमिश्रित हुञ्छ भन्ने ऋषि-मुनिहरुको उपदेश छ।

आर्काका आडले डरलोभ देखाएर कमाएको, जुन्नामा कमाएको, चोरेर कमाएको, परपीडन गरेर कमाएको, नराम्रो वस्तुलाइ राम्रो रूपमा देखाएर ठगि गरि कमाएको, डकैति गरि कमाएको, छल गरेर कमाएको इ सात प्रकारका धन वैदिक परम्परामा कृष्ण अर्थात् कालो वा अधम धन मानिञ्छन्। एस्ता धनले गरेका धर्मकर्मको फल पनि परिणाममा दुःखमय नै हुञ्छ र नरकयातना दिने पनि हुञ्छ भन्ने शास्त्रप्रवर्तकहरुको उपदेश छ।

अन्यायले कमाएको धन, वेदविक्रयले कमाएको धन, घुस खाएर कमाएको धन, पतितबाट दान लिएको धन, छोरि दिएकामा लिएको धन, देवताको धन, गुरुको धन, अधार्मिक राजाको धन इत्यादि पनि अधम र वैदिक धर्मशास्त्रमा देवकार्य-पितृकार्य इत्यादि धर्मकार्यका लागि अयोग्य धन मानिएका देखिञ्छन्

(स्कन्दपुराण, नागरखण्ड २१७।४,५; प्रभासखण्ड १।२०५।१८-)। तसर्थ सम्पूर्ण व्यक्तिले न्यायपूर्ण मार्गले नै अर्थोपार्जन गर्नपर्छ। न्यायपूर्ण मार्गले जीवनयात्रा चलाउने व्यक्तिको शास्त्रहरुमा धेरै प्रशंसा गरिएको पाइञ्छ। जस्तै—

न्यायागतधनस्तत्त्वज्ञाननिष्ठोऽतिथिप्रियः।
श्राद्धकृत् सत्यवादी च गृहस्थोऽपि हि मुच्यते॥-याज्ञवल्क्य.३।२०५।

उक्त कुराहरुबाट वैदिकधर्मले मानिसलाइ अर्थोपार्जन गर्दा उच्च नैतिक मर्यादाको पालना गरेर व्यवहार गर्न प्रेरणा गरेको देखिञ्छ। उक्त प्रकारको सिद्धान्तको समाजमा प्रचार र वारंवार चर्चा भएमा र प्रसिद्ध सुशिक्षित तथा प्रभावशालि व्यक्तिहरुले तेस सिद्धान्तबाट प्रेरित भै आदर्श जीवनयात्रा चलाउने गरेमा समाजमा कालो धनप्रति अनादरको भावना बढ्ने र त्यो कुरा राष्ट्रमा भ्रष्टाचारको नियन्त्रणमा केइ मात्रामा भनेपनि सहयोगि हुनसक्ने पनि देखिञ्छ।

तसर्थ ब्रह्मयज्ञपरायण सदाचारि ब्राह्मणले धर्म्य उपायले नै जीवनयात्राका लागि आवश्यक अर्थोपार्जन गर्नपर्छ।

सदाचारमा बेच्न हुने र बेच्न नहुने कुराको व्यवस्था

मासु, लाहा र नुन बेच्नु ब्राह्मणका लागि सारै नै निन्दित कुरा मानिञ्छ। दुद बेच्नु पनि अत्यन्तै निन्दित कुरा मानिञ्छ। स्मृतिहरुमा भनिएको छ—

सद्यः पतति मांसेन लाक्षया लवणेन च।
त्र्यहेण शूद्रो भवति ब्राह्मणः क्षीरविक्रयात्॥—मनुस्मृति १०।९२।

लाक्षा-लवण-मांसानि पतनीयानि विक्रये।
पयो दधि च मद्यं च हीनवर्णकराणि च॥—याज्ञवल्क्यस्मृति ३।४०।

मनुस्मृतिमा (१०।८६-९४) र याज्ञवल्क्यस्मृतिमा (३।३६-३९) पनि ब्राह्मणले बेच्न नहुने अरु कुराहरुको पनि उल्लेख छ। तिनमा खुदो, गुड, सखर, चिनि, अमिलो, खुर्सानि, पकाएको अन्न, तिल, मनुष्याकार पशु, रङ्गिन कपडा, फल, मूल, पानि, शस्त्र, विष, मह, दै, घिउ, तेल, कुश, चराचुरुङ्गि, बोको, भेंडो, घोडा, भूमि, गाइ, यज्ञ, सोमलता इत्यादि पर्चन्। एस विषयमा वासिष्ठधर्मसूत्रमा (२।२४-२९), बौधायनधर्मसूत्रमा (२।१।५,६), महाभारतका उद्योगपर्वमा (३८।५) र शान्तिपर्वमा (७८।४-८) पनि उल्लेख छ। पाणिनीयव्याकरणभाष्यबाट भने तेल, मासु बेच्न नहुने भए पनि तिल र गाइ-गोरु त बेच्न हुने भन्ने बुजिञ्छ।

वैदिक धर्मका आचरणमा धर्मको यथाशक्ति सेव्यता

पूर्ण श्रद्धाले आँफ्ना वास्तविक शक्तिअनुसार थोरै नै पनि शास्त्रोक्त धर्मकर्म गरेमा मनुष्य स्वर्ग वा मोक्ष प्राप्त गर्न समर्थ हुञ्छ भन्ने श्रुति-स्मृति-पुराण-रूप वैदिकशास्त्रको सिद्धान्त छ। एस विषयमा तल दिइएका वचन मननीय छन्-

(क) देशं कालं तथात्मानं द्रव्यं द्रव्यप्रयोजनम्।
उपपत्तिमवस्थां च ज्ञात्वा धर्मं समाचरेत्॥
—यमस्मृति, श्लो.५१; द्र.- मूल गरुडपुराण २।३९।४।

(ख) देशकालद्रव्यशक्तिस्वोपपत्तीश्च सर्वशः।
ज्ञात्वा शौचं प्रकर्तव्यमालस्यं नाऽत्र धारयेत्॥—देवीभाग.११।२।३२-३३।

(ग) अन्नं पितृमनुष्येभ्यो देयमप्यन्वहं जलम्।
स्वाध्यायं सततं कुर्यान् न पचेदन्नमात्मने॥—याज्ञवल्क्यस्मृति १।१०२।

(घ) स्नानहोमजपातिथ्यं नाऽऽचरेच् *छक्तिमांस्* तु यः।
वृथा हि जीवितं तस्य परलोकात् स हीयते॥—बृहद्योगियाज्ञ.७।१२।७।

(ङ) ऋषियज्ञं देवयज्ञं भूतयज्ञं च सर्वदा।
नृयज्ञं पितृयज्ञं च *यथाशक्ति* न हापयेत्॥—मनुस्मृति ४।२१।

(च) नित्यः स्वाध्यायः पितृभ्यश्चोदकदानम्, *यथोत्साहमन्यत्।*
—गौतमधर्मसूत्र १।५।४,५।

(छ) पुण्ययज्ञक्रियाः प्रोक्ता ये नरा धनसंयुताः।
तथा मध्यमवित्तानां दानानि विविधानि च॥
ये नरा वित्तरहिता तेषां धर्मक्रियां वद।
उपवासक्रिया तेषां परमं धर्मकारणम्॥—विष्णुधर्मोत्तरपुराण ३।३२०।१-३।

(ज) ब्राह्मणः सर्वयत्नेन सायम्प्रातः समाहितः।
सन्ध्यामात्रपरो भूयात् तावन्मात्रात् तरिष्यति॥
—लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२८५।

(झ) ब्राह्मणस्य तु यो धर्मस् तं ते वक्ष्यामि केवलम्।
दममेव महाराज धर्ममाहुः पुरातनम्॥
स्वाध्यायाभ्यसनं चैव तत्र कर्म समाप्यते।
तं चेद् वित्तमुपागच्छेद् वर्तमानं स्वकर्मणि॥

अकुर्वाणं विकर्माणि शान्तं प्रज्ञानतर्पितम्।
कुर्वीताऽपत्यसन्तानमथो दद्याद् यजेत च॥
संविभज्य च भोक्तव्यं धनं सद्भिरितीर्यते।
परिनिष्ठितकार्यस्तु स्वाध्यायेनैव ब्राह्मणः।
कुर्यादन्यन् न वा कुर्यान् मैत्रो ब्राह्मण उच्यते॥–शान्तिपर्व ६०।८-१२।

(ञ) श्रौतं कर्तुं न चेच् शक्तः कर्म स्मार्तं समाचरेत्।
तत्राऽप्यशक्तः करणे सदाचारं लभेद् बुधः॥–पराशरमाधवीय-१, पृ.२९३।

(ट) उञ्छं मूलं फलं शाकमुदपात्रं तपोधनाः।
दानं विभवतो दत्त्वा नराः स्वर् यान्ति धार्मिकाः॥-आश्वमेधिक.९१।३१।

(ठ) सहस्रशक्तिश्च शतं शतशक्तिर् दशाऽपि वा।
दद्यादपश्च यः शक्त्या सर्वे तुल्यफलाः स्मृताः॥-आश्वमेधिक.९०।९६-९७।

(ड) सर्वस्वमपि यो दद्यात् कलुषेणान्तरात्मना।
न तेन धर्मभाक् स स्याद् भाव एवाऽत्र कारणम्॥–वायुपु.१।८।१८३।

(ढ) अपो हि प्रयतः शीतास् तापिता ज्वलनेन वा।
शक्तितोऽतिथये दत्त्वा क्षुधार्तायाऽश्नुते फलम्॥–शान्तिपर्व १९२।६।

(ण) यत् फलं सोमयागेन प्राप्नोति धनवान् द्विजः।
सम्यक् पञ्चमहायज्ञैर् दरिद्रस् तदवाप्नुयात्॥–देवीभा.११।२२।२२-२३।

(त) यदृच्छयोपपन्नेन शुक्लेनोपार्जितेन वा।
धनेनाऽपीडयन् भृत्यान् न्यायेनैवाऽऽहरेत् क्रतून्॥-भागवत ११।१७।५१।

(थ) न्यायागतधनः कुर्वन् वेदोक्तं विधिवत् क्रमात्।
गृहस्थोऽपि विमुच्येत श्राद्धकृत् सत्यवाक् शुचिः॥–देवीभाग.१।१४।५६।

(द) व्यपेततन्द्रिर् धर्मात्मा शक्त्या सत्पथमाश्रितः।
चारित्रपरमो बुद्धो ब्रह्मभूयाय कल्पते॥–अनुशासनपर्व १४२।३३।

(ध) विधिनाऽवाप्तदारस्तु धनं प्राप्य स्वकर्मणा।
गृहस्थः कार्यमखिलं कुर्याद् विप्राः स्वशक्तितः॥–ब्रह्मपुराण ११४।२९।

(न) त्रिवर्गं नाऽतिकृच्छ्रेण भजेत गृहमेध्यपि।
यथादेशं यथाकालं यावद्दैवोपपादितम्॥–भागवत ७।१४।१०।

दे. नं. 25600

धर्मको आचरणमा श्रद्धाको महत्त्व

धर्मको मूल आधार वेद-वेदाङ्ग-वेदोपाङ्ग-अनुस्मृति-पुराणादि शास्त्रमा श्रद्धा र वैदिक-सनातन-वर्णाश्रमव्यवस्थामा आस्था नै भएकाले श्रद्धाको धर्ममा ठूलो स्थान छ। वेदमा र ब्राह्मणमा श्रद्धा भइञ्जेल धर्म रैरहञ्छ, धर्म जाँदैन। श्रद्धापूर्वक मनले मात्र पनि धर्म गर्न सकिञ्छ। वेदमा र ब्राह्मणमा श्रद्धा टुटेपछि धर्मको बिउ नै भुटिञ्च। तसर्थ अश्रद्धालाइ सबैभन्दा ठुलो पाप र अश्रद्धाले गरेका कर्मलाइ असत् कर्म मानिएको छ। एस विषयमा तलका वचन मननीय छन्—

(क) श्रद्धयाऽग्निः समिध्यते श्रद्धया हूयते हविः।
श्रद्धां भगस्य मूर्धनि वचसा वेदयामसि॥—शै.शा.ऋग्वेदसं.१०।१५१।१।

(ख) श्रद्धया साध्यते धर्मो बहुभिर् नाऽर्थराशिभिः।
अकिञ्चना हि मुनयः श्रद्धावन्तो दिवं गताः॥
—मूलगरुडपुराण २।१२।३२-३३, पद्मपुराण, भूमिखण्ड ९४।४८-४९।

(ग) अधीत्य सर्ववेदान् वै सद्यो दुःखाद् विमुच्यते।
मानसं हि चरन् धर्मं स्वर्गलोकमुपाश्नुते॥—महाभा., अनुशासन.७।२०।

(घ) अश्रद्धा परमः पाप्मा श्रद्धा हि परमं तपः।
तस्मादश्रद्धया दत्तं हविर् नाश्नन्ति देवताः॥—बौधायनधर्मसूत्र १।१०।६।

(ङ) अश्रद्धा परमं पापं श्रद्धा पापप्रमोचिनी
जहाति पापं श्रद्धावान् सर्पो जीर्णामिव त्वचम्॥—शान्तिपर्व २६४।१५।

(च) अश्रद्धया हुतं दत्तं तपस् तप्तं कृतं च यत्।
असदित्युच्यते पार्थ न च तत् प्रेत्य नो इह॥—गीता १७।२८।

(छ) हतमश्रोत्रिये दानं हतो लोकश्च नास्तिकः।
अश्रद्धया हतं सर्वं यत् कृतं पारलौकिकम्॥—पद्मपु., स्वर्गखण्ड २९।३३।

(ज) कायक्लेशैर् न बहुभिर् न चैवाऽर्थस्य राशिभिः।
धर्मः सम्प्राप्यते सूक्ष्मः श्रद्धाहीनैः सुरैरपि॥—हेमाद्रि.चतु.दानखण्ड, पृ.८५।

वैदिक धर्ममा ऋषि-ऋणादि ऋणको धारणा

वैदिक-सनातन-वर्णाश्रमधर्ममा ब्राह्मण जन्मदै ऋषिऋण, पितृऋण, देवऋण, मनुष्यऋण बोकेर जन्मेको हुञ्च, यथाशक्ति ति ऋणहरु तिर्नपर्च, ति ऋण नतिरेमा ब्राह्मण भोक्षभागि हुन सक्तैन भन्ने शास्त्रको उपदेश छ। वेदका

अध्ययनले ऋषिऋण तिरिञ्छ, धर्मानुकूल पुत्रको उत्पादनले र पितृकृत्यले पितृऋण तिरिञ्छ, देवयज्ञादि यज्ञ गर्नाले देवऋण तिरिञ्छ, ब्राह्मणभोजन-अतिथि-भोजन-ब्रह्मचारि-सन्न्यासि-भिक्षादानले मनुष्यऋण तिरिञ्छ भन्ने शास्त्रोपदेश छ। एस विषयमा तलका वचन मननीय छन्—

(क) अनृणा अस्मिन्ननृणाः परस्मिन् तृतीये लोके अनृणाः स्याम।
ये देवयानाः पितृयाणाश्च लोकाः सर्वान् पथो अनृणा आ क्षियेम॥
—शौनक्यथर्ववेदसंहिता ६।११७।३।

(ख) ऋणꣳ ह वै जायते योऽस्ति स जायमानऽएव देवेब्भ्यऽऋषिब्भ्यः पितृब्भ्यो मनुष्येब्भ्यः।—मा.वा.शु.य.वे.शतपथब्राह्मण १।७।२।१।

(ग) जायमानो वै ब्राह्मणस् त्रिभिर् ऋणवा जायते ब्रह्मचर्येण ऋषिभ्यो यज्ञेन देवेभ्यः प्रजया पितृभ्य एष वा अनृणो यः पुत्री यज्वा ब्रह्मचारिवासी। —तैत्तिरीयसंहिता ६।३।१०।५।

(घ) ऋणमुन्मुच्य देवानामृषीणां च तथैव च।
पितृणामथ विप्राणामतिथीनां च पञ्चमम्॥
पर्यायेण विशुद्धेन सुविनीतेन कर्मणा।
एवं गृहस्थः कर्माणि कुर्वन् धर्मान् न हीयते॥-अनुशासनपर्व ३७।१७,१८।

(ङ) ब्राह्मणस्य तु सोमविद्याप्रजमृणवाक्येन संयोगात्।-जै.ध.मी.सू.६।२।३१।

(च) अधीत्य विधिवद् वेदान् पुत्राँश्चोत्पाद्य धर्मतः।
इष्ट्वा च शक्तितो यज्ञैर् मनो मोक्षे निवेशयेत्॥
अनधीत्य द्विजो वेदमनुत्पाद्य तथा सुतान्।
अनिष्ट्वा चैव यज्ञैश्च मोक्षमिच्छन् व्रजत्यधः॥—मनुस्मृति ६।३६,३७।

(छ) अधीतवेदो जपकृत् पुत्रवानन्नदोऽग्निमान्।
शक्त्या च यज्ञकृन् मोक्षे मनः कुर्यात् तु नाऽन्यथा॥—याज्ञवल्क्य.३।५७।

(ज) ऋणैस् त्रिभिर् द्विजो जातो देवर्षिपितृणां प्रभो।
यज्ञाध्ययनपुत्रैस् तान्यनिस्तीर्य त्यजन् पतेत्॥—भागवत १०।८४।३९।

पञ्चमहायज्ञको महत्त्व र पञ्चमहायज्ञहरु

उक्त ऋणहरु तिर्ने व्यवस्थाका विचारले समेत वैदिक-सनातन-वर्णाश्रमधर्ममा पञ्चमहायज्ञहरु अत्यन्त आवश्यक मानिएका छन्। ति यज्ञ

ब्रह्मयज्ञ (ऋषियज्ञ), देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ र मनुष्ययज्ञ हुन्। ब्रह्मयज्ञ भनेको स्वशाखावेदादिको नित्य अध्ययन हो। वेदाध्यापन पनि ब्रह्मयज्ञभित्रै पर्छ। देवयज्ञ भनेको ब्रह्मादि देवतालाइ गरिने होम हो। भूतयज्ञ भनेको (पर्जन्यादि) भूतगृह्यहरुलाइ स्वभोज्य अन्नको बलि (भाग) दिनु हो। पितृयज्ञ भनेको पितृहरुलाइ स्वभोज्य अन्नको बलि (भाग) दिनु हो। मनुष्ययज्ञ भनेको भोजनका लागि बनाइएको अन्नको भाग ब्राह्मण-अतिथि-ब्रह्मचारि-सन्न्यासिहरुलाइ दिनु हो। कुलचन्द्र गौतमले अमरकोषका टीकामा दिएको पञ्चमहायज्ञको विवरण भ्रमजनक छ। वेदवादि शास्त्रवादि वैदिक-सनातन-वर्णाश्रमधर्मवादि आस्तिक जन तेसबाट बहकिन हुँदैन। इ यज्ञ अरु शाखामा साँजब्यान गर्ने नियम भए पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखामा ब्यान मात्र गर्ने विधान छ। अतिथिभोजन भने बेलुका पनि हुञ्च। एस विषयमा तलका वचन स्मरणीय छन्–

(क) पञ्चैव महायज्ञास्तान्येव महासत्राणि भूतयज्ञो मनुष्ययज्ञः
पितृयज्ञो देवयज्ञो ब्रह्मयज्ञ इति।–मा.वा.शु.य.वे.शतपथ.१।५।६।१।

(ख) पञ्च वा एते महायज्ञाः सतति प्रतायन्ते सतति सन्तिष्ठन्ते देवयज्ञः
पितृयज्ञो भूतयज्ञो मनुष्ययज्ञो ब्रह्मयज्ञः।–तैत्तिरीयारण्यक २।१०।७।

(ग) अहरहः स्वाहा कुर्य्यादन्नाभावे केन चिदाकाष्ठाद् देवेभ्यः पितृभ्यो
मनुष्येभ्यश्च्चोदपात्त्रात्।–पारस्करगृह्यसूत्र २।९।१६।

(घ) ऋषियज्ञं देवयज्ञं भूतयज्ञं च सर्वदा।
नृयज्ञं पितृयज्ञं च यथाशक्ति न हापयेत्॥–मनुस्मृति ४।२१।

(ङ) सर्वेण च गृहस्थेन पञ्च महायज्ञा निर्वर्त्याः।–पाणिनीय-व्या.भा.४।१।३३।

(च) अकृत्वा वैश्वदेवं तु भुञ्जते ये द्विजातयः।
तेन मिथ्याविपाकेन काकयोनिं व्रजन्ति ते॥
–प्रथमयज्ञपार्श्व, श्लो.१६; द्र.-स्कन्दपु. काशी.३८।४१, ब्राह्म. २।६।४८।

(छ) अनभ्यर्च्य ऋषीन् देवान् पितृभूतातिथींस् तथा।
यो भुङ्क्ते तस्य संलापात् पतन्ति नरके नराः॥–विष्णुपुराण ३।१८।५०।

(ज) ऋणं स भुङ्क्ते पापात्मा यः पचेदात्मकारणात्।
तस्मान् निर्वर्तयेत् पञ्च महायज्ञान् सदा बुधः॥–वायुपुराण २।१४।२०।

(झ) पञ्चयज्ञपरित्यागी ब्रह्महेत्युच्यते बुधैः।
कुर्यादहरहस् तस्मात् पञ्चयज्ञान् प्रयत्नतः॥

देवयज्ञो भूतयज्ञः पितृयज्ञस्तथैव च।
नृयज्ञो ब्रह्मयज्ञश्च पञ्च यज्ञान् प्रचक्षते॥
—नारदीयमहापु.२।२७।७५,७६; द्र.- मूल गरुडपु.१।२१३।१४४-१४५।

(ञ) देवानृषीन् नृभूतानि पितृनात्मानमन्वहम्।
स्ववृत्त्यागतवित्तेन यजेत पुरुषं पृथक्।—भागवत ७।१४।१५।

(ट) वेदाध्याय-स्वधा-स्वाहा-बल्यन्नाद्यैर् यथोदयम्।
देवर्षिपितृभूतानि मद्रूपाण्यन्वहं यजेत्॥—भागवत ११।१७।५०।

(ठ) पयो दधि घृतं वाऽपि कन्दमूलफलानि वा।
योजयेद् देवयज्ञादौ जलं वाऽऽपत्सु वा जले॥
—स्मृत्यर्थसार, पृ.४७, संस्कारगणपति, पृ.८५०।

पञ्चमहायज्ञ गर्न नसकेमा पनि अवश्य गर्न पर्ने कृत्य

उक्त वचनहरुबाट पञ्चमहायज्ञ सबै द्विजाति गृहस्थले गर्नै पर्ने शास्त्र-व्यवस्था देखिञ्छ। माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका ग्रन्थहरुबाट पनि तेस्तै व्यवस्था बुजिञ्छ। तथापि "मुख्यो विधिः स्वशास्त्रोक्त इतरः स्यात् तु सङ्कटे" भन्ने वैदिक शिष्टवचन भएकाले पञ्चमहायज्ञ गर्न नसक्ने, सबै प्राणि प्रति मैत्रभाव राख्ने गृहस्थ ब्राह्मणहरुले त नित्य स्वाध्यायाध्ययन (ब्रह्मयज्ञ) गर्ने र पितृलाइ पानि दिनेसम्म गरेमा पनि प्रत्यवाय नहुने पुण्यै हुने कुरा गौतमधर्म-सूत्रादिका वचनबाट बुजिञ्च। जस्तै—

(क) नित्यः स्वाध्यायः, पितृभ्यश्चोदकदानम्, यथोत्साहमन्यत्।
—गौतमधर्मसूत्र १।५।४,५।

(ख) अन्नं पितृमनुष्येभ्यो देयमप्यन्वहं जलम्।
स्वाध्यायं सततं कुर्यान् न पचेदन्नमात्मने॥—याज्ञवल्क्यस्मृति १।१०४।

(ग) परिनिष्ठितकार्यस्तु स्वाध्यायेनैव ब्राह्मणः।
कुर्यादन्यन् न वा कुर्यान् मैत्रो ब्राह्मण उच्यते॥
—महाभारत, शान्तिपर्व ६०।१२ (चित्रशालालासंस्करण)।

(घ) सन्ध्यास्नानपरो नित्यं *ब्रह्मयज्ञपरायणः।*
अनसूयी मृदुर् दान्तो गृहस्थः प्रेत्य वर्धते॥—कूर्मपुराण २।१५।२२।

(ङ) तर्पयन्ति न ये पापाः स्वपितॄन् नित्यशो नृप।
पशवस् ते सदा ज्ञेया द्विपदाः शृङ्गवर्जिताः॥–स्कन्दपुराण, नागर.२१५।६१।

गृहस्थ ब्राह्मणका धर्ममा वेदाध्ययनको अत्यावश्यकता

ब्राह्मणका मुख्य धर्ममा वेदाध्ययन, वेदाध्यापन, यजन, याजन, दान, प्रतिग्रह इ छ कर्म मानिएका छन्, तेसैले शास्त्रीय भाषामा ब्राह्मणलाइ षट्कर्मा पनि भनिञ्छ, तथापि ति छ कर्ममा पनि वेदाध्ययन सम्पूर्ण धर्मको मूल भएकाले वेदाध्ययन ब्राह्मणको अतिप्रमुख धर्म मानिञ्छ। एस विषयमा तलका वचन मननीय छन्–

(क) वेदाभ्यासो ब्राह्मणस्य क्षत्रियस्य च रक्षणम्।
वार्ताकर्मैव वैश्यस्य विशिष्टानि स्वकर्मसु॥–मनुस्मृति १०।८०।

(ख) वेदमेवाभ्यसेन् नित्यं यथाकालमतन्द्रितः।
तं ह्यस्याहुः परं धर्ममुपधर्मोऽन्य उच्यते॥–मनुस्मृति ४।१४७।

(ग) वेदमेव सदाऽभ्यस्येत् तपस् तप्स्यन् द्विजोत्तमः।
वेदाभ्यासो हि विप्रस्य तपः परमिहोच्यते॥–मनुस्मृति २।१६६।

(घ) ज्ञाननिष्ठा द्विजाः केचित् तपोनिष्ठास् तथाऽपरे।
तपःस्वाध्यायनिष्ठाश् च कर्मनिष्ठास् तथाऽपरे॥–मनुस्मृति ३।१३४।

(ङ) यथोक्तान्यपि कर्माणि परिहाय द्विजोत्तमः।
आत्मज्ञाने शमे च स्याद् *वेदाभ्यासे* च यत्नवान्॥
एतद् धि जन्मसाफल्यं ब्राह्मणस्य विशेषतः।
प्राप्यैतत् कृतकृत्यो हि द्विजो भवति नाऽन्यथा॥–मनु.१२।९२,९३।

(च) दममेव (ब्राह्मणस्य) धर्ममाहुः पुरातनम्।
स्वाध्यायाभ्यसनं चैव तत्र कर्म समाप्यते॥–द्र.- महाभा., शान्ति.६०।९।

(छ) धर्मं तु ब्राह्मणस्याऽऽहुः *स्वाध्यायं* दममार्जवम्।
इन्द्रियाणां निग्रहं च शाश्वतं द्विजसत्तम॥–महाभा., वन.२०६।३९-४०।

(ज) पुरुषेष्वपि राजेन्द्र सुपात्रं ब्राह्मणं विदुः।
तपसा विद्यया तुष्ट्या *धत्ते वेदं हरेस् तनुम्*॥–भागवत ७।१४।४१।

(झ) तपस् तप्त्वाऽसृजद् ब्रह्मा ब्राह्मणान् *वेदगुप्तये*।
तृप्त्यर्थं पितृदेवानां धर्मसंरक्षणाय च॥–याज्ञवल्क्यस्मृति १।१९८।

(ञ) उत्तमाङ्गोद्भवाज् ज्यैष्ठ्याद् *ब्रह्मणश्चैव धारणात्*।
सर्वस्यैवाऽस्य सर्गस्य धर्मतो ब्राह्मणः प्रभुः॥–मनु.१।९३।

(ट) ब्राह्मणः सम्भवेनैव देवानामपि दैवतम्।
प्रमाणं चैव लोकस्य *ब्रह्माऽत्रैव हि कारणम्*।–मनुस्मृति ११।८४।

(ठ) यज्ञानां तपसां चैव शुभानां चैव कर्मणाम्।
वेद एव द्विजातीनां निश्श्रेयसकरः परः॥–याज्ञवल्क्यस्मृति १।४०।

(ड) श्रुतं तु सर्वेभ्यो गरीयस् तन्मूलत्वाद् धर्मस्य, श्रुतेश्च।
–गौतमधर्मसूत्र १।७।१९,२०।

(ढ) यथा काष्ठमयो हस्ती यथा चर्ममयो मृगः।
यश्च विप्रोऽनधीयानस् त्रयस्ते नाम बिभ्रति॥
–मनुस्मृति १२।१५७; महाभारत, शान्तिपर्व ३६।४६; पराशरस्मृति ८।१६।

(ण) योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम्।
स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः॥–मनुस्मृति २।१६८।

(त) योऽन्यत्र कुरुते यत्नमनधीत्य श्रुतिं द्विजाः।
स सम्मूढो न सम्भाष्यो वेदबाह्यो द्विजातिभिः॥
–कूर्मपुराण २।१४।८४-८५; पद्मपुराण, स्वर्गखण्ड ५३।८६-८७।

(थ) नित्यं नैमित्तिकं काम्यं यच् चाऽन्यत् कर्म वैदिकम्।
अनधीतस्य विप्रस्य सर्वं भवति निष्फलम्॥
नाधीतवेदो यो विप्र आचारेषु प्रवर्तते।
नाऽऽचारफलमाप्नोति यथा शूद्रस् तथैव सः॥
अनधीतस्य विप्रस्य पुत्रो वाऽध्ययनान्वितः।
शूद्रपुत्रः स विज्ञेयो न वेदफलमश्नुते॥
–वीरमित्रोदय-संस्कारप्रकाशमा (पृ.५११) र संस्कारगणपतिमा (पृ.६-७)
उद्धृत स्मृतिसमुच्चयादि-वचन; द्र.-नारदीयमहापु.१।२५।६१-६५।

(द) येषां कुले न वेदोऽस्ति न शास्त्रं नैव च व्रतम्।
ते नग्नाः कीर्तिताः सद्भिस् तेषामन्नं विगर्हितम्॥–वामनपु.१४।९१।

(ध) सर्वेषामेव भूतानां वेदश्चक्षुः सनातनम्।
अधीयीताऽप्ययं नित्यं ब्राह्मण्याच् च्यवतेऽन्यथा॥–कूर्मपु.२।१४।४६।

(न) शीलमध्ययनं दानं शौचमार्दवमार्जवम्।
तस्माद् वेदान् विशिष्टान् वै मनुराह प्रजापतिः॥
–वैष्णववृद्धगौतमस्मृति ३।२४, स्मृतिसन्दर्भ, पृ.१९४३।

(प) प्रत्यहं कर्मणो योगः स्वाध्यायाभ्यसनं तथा।
मनःस्वस्थतया योगः स एवाऽऽत्मप्रकाशकः॥–लघ्वाश्वलायनस्मृ.१।१८७।

(फ) ये पठन्ति द्विजा वेदं पञ्चयज्ञरताश्च ये।
त्रैलोक्यं तारयन्त्येते पञ्चेद्रियरता अपि॥–वाधूलस्मृति, श्लो.१७८।

(ब) वेदशास्त्रार्थतत्त्वज्ञः शश्वत्स्वाध्यायतत्परः।
योगधर्मैकनिरतो ब्रह्मभूयाय कल्पते॥–शाण्डिल्यस्मृति, श्लो.२१५-२१६।

(भ) सन्तुष्टेन सदा भाव्यं सत्पथालम्बिना सदा।
ब्राह्मं हि मार्गमाक्रम्य वर्तितव्यं बुभूषता॥
संहिताध्यायिना भाव्यं गृहे च गृहमेधिना।
नित्यं स्वाध्याययुक्तेन न चाऽध्ययनजीविना॥
एवं भूतो हि यो विप्रः सततं सत्पथे स्थितः।
आहिताग्निरधीयानो ब्रह्मभूयाय कल्पते॥–ब्रह्मपुराण ११५।६१-६४।

(म) नित्यं स्वाध्यायशीलः स्यान् नित्यं यज्ञोपवीतवान्।
सत्यवादी जितक्रोधो लोभमोहविवर्जितः।
सावित्रीजापनिरतः श्राद्धकृन् मुच्यते गृही॥–पद्मपु., स्वर्ग.५४।२०-२२।

(य) आचम्य च यथाशास्त्रं भक्त्या स्वाध्यायमाचरेत्।
ततः सन्तर्पयेद् देवानृषीन् पितृगणाँस् तथा॥
–कूर्मपुराणं २।१८।८४-८५, मूल गरुडपुराण १।५०।५८।

(र) अभ्यसेत् प्रयतो वेदं महायज्ञान् न हापयेत्।
कुर्याद् गृह्याणि कार्याणि सन्ध्योपासनमेव च॥-पद्मपु.स्वर्ग.५४।१४-१५।

(ल) अधीतं च जपेन् नित्यं शिष्यानध्यापयेद् द्विजान्।
पाठधारणमात्रेण ब्राह्मण्यं तस्य पुष्कलम्॥
पातकानि च नश्यन्ति पाठधारणमात्रतः।
इह लोके परत्राऽपि सुखं मोक्षमवाप्नुयात्॥–पराशरपुराण ९।४७,४८।

(व) शब्दब्रह्ममयो विष्णुर् वेदः साक्षाद् धरिः स्मृतः।
वेदाध्यायी ततो विप्रः सर्वान् कामानवाप्नुयात्॥-नारदीयमहापु.१।२५।६५।

(श) हरिनामानि यावन्ति पठितानि द्विजातिभिः।
असङ्ख्यकान्यनन्तानि सर्वाविलहराण्यपि॥
तान्येकवेदवर्णः स्यात् तादृशैर् दिव्यवर्णकैः।
अमेयैः संवृतो वेदः साक्षान् नारायणात्मकः॥-आङ्गिरसस्मृ.श्लो.१५७-१५९।

(ष) शुद्धात् शुद्धतरो वेदस् तदुच्चारणतः क्षणात्।
देवनामान्यनन्तानि निखिलान्यघहानि वै॥
असकृत् पठितानि स्युर् नाऽत्र कार्या विचारणा।
स्नानं कृत्वा प्रारभेच्च वेदं तं तादृशं शिवम्॥-आङ्गिरसस्मृ.श्लो.१६२-१६४।

(स) हरिनामानि यावन्ति कथितानि महात्मभिः।
वेदशास्त्रपुराणादिप्रसिद्धान्यपि कृत्स्नशः॥
तावन्ति चैकवेदार्णतुलितान्यखिलान्यपि।
अतो हि ब्राह्मणानां स स्वाध्यायो धनमुच्यते॥
—मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.१७।

(ह) वेदाभ्यासरतं क्षान्तं पञ्चयज्ञक्रियापरम्।
न स्पृशन्तीह पापानि महापातकजान्यपि॥—याज्ञवल्क्यस्मृति ३।३१०।

(य) सम्प्राप्य विप्रत्वमतीव दुर्लभं नाऽधीतवान् वेद-पुराणसंहिताः।
प्राप्तं सुरत्नं करसंस्थितं गतं देहिन् क्वचिन् निस्तर यत् त्वया कृतम्॥
—मूल गरुडपुराण २।४८।६।

(क्ष) वेदो नित्यमधीयतां तदुदितं कर्म स्वनुष्ठीयताम्।
तेनेशस्य विधीयतामपचितिः काम्ये मतिस् त्यज्यताम्॥
पापौघः परिधूयतां भवसुखे दोषोऽनुसन्धीयताम्।
मोक्षेच्छा क्रियतां दृढा निजगृहात् काले विनिर्गम्यताम्॥

गृहस्थ ब्राह्मणका धर्ममा वेदाध्यापनको महत्त्व

वेदको अध्यापन नभएमा वेदको परम्परा टुट्ने हुनाले पनि वेदको अध्यापन पनि अत्यावश्यक धर्मकार्य मानिएको देखिञ्छ। समर्थ भए ब्राह्मण

पिताले आँफ्ना छोराहरुलाइ वेद आँफै पडाउन पर्छ। बाउ समर्थ नभए समर्थ ब्राह्मण दाजुहरुले र ब्राह्मण ठुलाबाउ-सानाबाउहरुले आँफ्ना भाइ-भतिजाहरुलाइ वेद पडाउन पर्छ। त्यो सम्भव नभए जोकोइ गुरुमुखोच्चारणानूच्चारण गरि वेद पडेका शुद्धकुलीन समर्थ गृहस्थ ब्राह्मणले धर्मार्थ यथाविधि वेद पडाउनु अति उत्तम कुरा हो। वेदको अध्यापनरूप दान सबै दानभन्दा ठुलो दान मानिञ्छ। जस्तै–

(क) सर्वेषामेव दानानां ब्रह्मदानं विशिष्यते।
वार्यन्नगोमहीवासस्तिलकाञ्चनसर्पिषाम्॥–मनुस्मृति ४।२३३।

(ख) सर्वधर्ममयं ब्रह्म प्रदानेभ्योऽधिकं यतः।
तद् ददत् समवाप्नोति ब्रह्मलोकमविच्युतम्॥–याज्ञवल्क्यस्मृति १।२१२।

(ग) ब्राह्मीं सरस्वतीं दत्त्वा निर्मलो ब्रह्मलोकभाक्।
सप्तद्वीपमहीदः स ब्रह्मदानं ददाति यः॥–अग्निपुराण २११।५२।

(घ) यो ब्राह्मणाय शुचये धर्मशीलाय शीलिने।
ददाति विद्यां विधिना ब्रह्मलोके महीयते॥
–कूर्मपुराण २।२६।१६; पद्मपुराण स्वर्गखण्ड ५७।१६।

(ङ) यदादौ वेदमारभ्य स्नात्वा भक्त्या द्विजोत्तमः।
अध्यापयेद् द्विजान् शिष्यान् स वै ब्रह्ममखः स्मृतः॥
–वैष्णवबृहत्पराशरस्मृति ६।७५-७६, स्मृतिसन्दर्भ, पृ.७६१।

(च) न ब्रह्मयज्ञादधिकोऽस्ति यज्ञो न तत्प्रदानात् परमस्ति दानम्।
सर्वे तदन्ताः क्रतवः सदाना नाऽन्तो दृष्टः कैश्चिदस्य द्विकस्य॥
–कात्यायनस्मृति (छन्दोगपरिशिष्ट) २।४।८ (१४।८)।

उक्त प्रकारले धर्मार्थ वेदाध्यापन गर्न सम्भव नभए वृत्त्यर्थ वेदाध्यापन गर्न पनि हुञ्च। यो कुरा धर्मसूत्र-स्मृति-पुराणादिका वचनबाट बुजिञ्च। जस्तै–

(क) आचार्यज्ञातिप्रियगुरु-धन-विद्यानियमेषु ब्रह्मणः सम्प्रदानमन्यत्र यथोक्तात्। –गौतमधर्मसूत्र २।१।४।

(ख) आचार्यपुत्त्रः शुश्रूषुर् ज्ञानदो धार्मिकः शुचिः।
आप्तः शक्तोऽर्थदः साधुः स्वोऽध्याप्या दश धर्मतः॥–मनुस्मृति २।१०९।

(ग) कृतज्ञाऽद्रोहिमेधाविशुचिकल्याऽनसूयकाः।
अध्याप्या धर्मतः साधुशक्ताऽऽप्तज्ञान-*वित्तदाः*॥–याज्ञवल्क्यस्मृ.१।२८।

(घ) गुरुशुश्रूषया विद्या *पुष्कलेन धनेन वा।*
अथवा विद्यया विद्या भवतीह फलप्रदा॥–स्कन्दपु.आवन्त्य.३।२०९।१७।

(ङ) एकदेशं तु वेदस्य वेदाङ्गान्यपि वा पुनः।
योऽध्यापयति *वृत्यर्थ*मुपाध्यायः स उच्यते॥–मनुस्मृति २।१४१।

(च) ब्राह्मणा ब्रह्मयोनिस्था ये स्वकर्मण्यवस्थिताः।
ते सम्यगुपजीवेयुः षट् कर्माणि यथाक्रमम्॥
अध्यापनमध्ययनं यजनं याजनं तथा।
दानं प्रतिग्रहश्चैव षट् कर्माण्यग्रजन्मनः॥
षण्णां तु कर्मणामस्य *त्रीणि कर्माणि जीविका।*
याजनाध्यापने चैव विशुद्धाच् च प्रतिग्रहः॥–मनुस्मृति १०।७४-७६।

(छ) षट्कर्मैको भवत्येषां त्रिभिरन्यः प्रवर्तते।
द्वाभ्यामेकश् चतुर्थस्तु ब्रह्मसत्रेण जीवति॥–मनुस्मृति ४।९।

उपर्युक्त प्रकारका शास्त्रीय स्थितिमा भृतकाध्याकको वा वेदविक्रयिको निन्दा गर्ने "प्रख्यापनं प्राध्ययनं प्रश्नपूर्वः प्रतिग्रहः। याजनाध्यापने वादः षड्विधो वेदविक्रयः" (वाधूलस्मृति, श्लो.१५८) इत्यादि लघुस्मृति-पुराणादिका वचनहरुको तात्पर्य पात्र-अपात्रको कत्ति पनि विचार नराखि निर्मर्याद भएर मुख्य रूपमा धनका लागि मात्र अदृष्टोत्पादनार्थ भनि वेदमन्त्रसंहिता पडाउने, निकृष्ट रूपमा मोल-मोलाइजस्तो गरि अधिकतम धनप्राप्ति गर्नका लागि अध्यापकलाइ धनक्रीत सेवक-का दृष्टिले हेर्ने र व्यवहार गर्ने अश्रद्धालु अभिमानि व्यक्तिलाइ समेत एति धन दिए एति वेदमन्त्रसंहितादि अदृष्टोत्पादनार्थक वेदशास्त्रग्रन्थ पडाइदिञ्छु भनेर पणबन्ध-पूर्वक पडाउने, सद्याजन-सत्प्रतिग्रह-सदध्यापनादिबाट राम्रै जीविका चल्दाचल्दै पनि धनका लोभले अपात्र व्यक्तिलाइ पनि पणबन्धपूर्वक अदृष्टोत्पादनार्थ भनि वेदमन्त्रादि पडाउने इत्यादि प्रकारका अशास्त्रीय व्यवहार गर्ने व्यक्तिको निन्दामा रहेको बुजिञ्च; जीविकाका लागि आवश्यक भएर पणबन्ध नगरिकन अध्यापना-न्तमा शिष्यबाट जेजस्तो जति गुरुदक्षिणा प्राप्त हुञ्छ तेसैमा सन्तुष्ट भै वेदविद्या-परम्पराको रक्षा गर्ने समेत विचारले शास्त्रीय अधिकारि विनीत श्रद्धालु सत्पात्र-लाइ यथाविधि वेदमन्त्रसंहितादि पडाउने उपाध्यायको निन्दामा तिनको तात्पर्य रहेको बुजिँदैन। एस सम्बन्धमा बहुयाज्यको निन्दाको व्याख्यामा सायणले ऐतरेयिब्राह्मणका व्याख्यामा लेखेको तलको कुरा मननीय देखिञ्छ–

"यद्यपि याजना-ऽध्यापन-प्रतिग्रहा ब्राह्मणस्य जीवनहेतुत्वेन विहितत्वादनिषिद्धाः तथापि यावता जीवनं निष्पद्यते तावदेव याजनं शास्त्रेणाऽङ्गीकृतम्, यस्तु सत्यपि जीवने धनाधिक्यवाञ्छया याजनशीलः सोऽत्र बहुयाजी विवक्षितः" इत्यादि (३।५)।

श्रुतिस्मृतिपुराणोक्त व्यवस्थाअनुसार विधिपूर्वक वेदादिशास्त्र पडाउनुहोस् भनि उपाध्यायवृत्ति (पूजावेतन) दिने, उपाध्याय-शिष्यादिलाइ शास्त्रविधानप्रतिकूल काम गर्न प्रेरणा नगर्ने, तिबाट कुनै सेवा पनि आफुले नलिने आस्तिक सज्जन गृहस्थ धनिकादिले दिएको जीविकार्थ उपाध्यायवृत्ति (पूजावेतन) लिएर शास्त्रमर्यादित रूपमा वेदादि शास्त्रको अध्यापन गर्ने उपाध्याय पनि स्मृति-पुराणवचनादिका समन्वित विचारबाट अनिन्द्य नै ठहर्ने कुरा मनुस्मृति-याज्ञवल्क्यस्मृतिका उपपातकनिरूपणबाट र तिनका विज्ञानेश्वरादिका व्याख्याबाट तथा सायणका उक्त व्याख्याबाट र वीरमित्रोदयकार मित्रमिश्रका तथा चित्रनिबन्धकार रघुनाथशर्माका व्याख्याबाट समेत बुजिञ्छ। यो अध्ययन-अध्यापन अदृष्टोत्पादनका लागि हैन, सामान्य विषयज्ञानका लागि मात्र हो भनि वेदादिमन्त्रसंहितादिका विषयको परिचय दिन लौकिक रूपमा पठनपाठन गर्ने धनिकादिदत्तवेतनभोगि शिक्षक त उक्त शास्त्रीय स्तुति-निन्दाका विषयै हैनन्, ति लौकिकै दृष्टिले आँफ्नाआँफ्ना स्थितिअनुसार लौकिकै रूपमा स्तुत्य वा निन्द्य हुञ्चन् भन्ने कुरा पनि बुजिराख्नु उचित छ। लौकिकै विद्याका कतिपय शिक्षकहरु पनि "ट्यूसनखोर" भनि निन्दित भएको देखिएसुनिएकै छ। उक्त प्रकारको लौकिक वेदादिशास्त्राध्यापनवृत्ति लिनु पनि विगुणै भए पनि ब्राह्मणका लागि अन्य वर्णका लागि नियत रक्षा-वाणिज्य-सेवादिवृत्ति लिनुभन्दा त "वरं स्वधर्मो विगुणो न पारक्यः स्वनुष्ठितः" (मनु.१०।९७; द्र.- गीता ३।३५, १८।४७) भन्ने मान्यताअनुसार जाति नै मात्र पर्ने देखिञ्छ।

वेदको अध्ययनको शास्त्रीय विधि

वेदको अध्ययन सम्भव भएसम्म उपनयन गर्ने आचार्यबाटै गर्नु मुख्य कल्प देखिञ्छ। आचार्यको बृहस्पतिप्रोक्त भनिएको यो लक्षण मननीय छ—

आचिनोति च शास्त्राणि आचारे स्थापयत्यपि।
स्वयमाचरते यस् तु तमाचार्यं प्रचक्षते॥

—(द्रष्टव्य- निरुक्त १।२।१, ब्रह्माण्डपुराण २।३२।३२।)

अर्थात् वेद तथा वेदाङ्ग कल्प, शिक्षा, व्याकरण, निरुक्त छन्दशास्त्र, ज्योतिप, धर्ममीमांसाशास्त्र, ब्रह्ममीमांसाशास्त्र, अनुस्मृति, पुराण, इतिहास इ शास्त्र-हरुको अध्ययन-अध्यापनबाट शास्त्रको जसले रक्षा-सञ्चिता गर्छ, जसले शिखा-सूत्र-स्नान-सन्ध्योपासन-स्वाध्यायाध्ययन-तर्पण-भक्ष्याऽभक्ष्य-पेयाऽपेय-स्पृश्याऽस्पृश्य-गम्याऽगम्य-कार्याऽकार्य इत्यादि विषयमा तिनको महत्त्व सम्झाइबुजाइ सुसंस्कारद्वारा शास्त्रव्यवस्थाअनुसार तिनको आचरण गर्ने बानि बसालि शिष्यलाइ यथाशक्ति शास्त्रविहित आचारमा बस्ने गराउँछ, जसले आफुले पनि उक्त शास्त्र-व्यवस्थापित आचारहरुको मन-वचन-कर्मले पालन गर्च उसैलाइ आचार्य भञ्चन्।

अविज्ञ अयोग्य व्यक्तिलाइ आचार्य मानेर उपनयन (व्रतबन्ध) गर्दा त गुरु चेला दुन्नै अन्धकारबाट झन् गाढा अन्धकारमा पर्चन् भन्ने कुरा **"तमसो वा एष तमः प्रविशति यमविद्वानुपनयते यश्चाऽविद्वान्"** भन्ने वेदवचन देखाइ आपस्तम्ब धर्मसूत्रमा (१।१।१।११) उल्लेख गरिएको छ।

तसर्थ सम्भव भए उक्त प्रकारका आचार्यलक्षणयुक्त शास्त्रीय अधिकारि सदाचारि विद्वान् उपनेताबाट विधिपूर्वक वेद पड्नपर्छ।

नियोजकका सुरमा अमर्यादित भएर **"नाऽपरीक्षितं याजयेत् नाऽध्यापयेत्, नोपनयेत्"** (विष्णुधर्मसूत्र २९।४,५,६) भनि शास्त्रले यो व्यक्ति शास्त्रीय रूपमा उपनयन-वेदाध्ययन गर्न योग्य कुलको योग्य व्यक्ति हो भनि आँफुले राम्ररि नचिनेका व्यक्तिलाइ उपनयन नगर्नु वेद नपडाउनु भनेर सचेत गराउँदा-गराउँदै शास्त्राज्ञाको हाँसिखुसि लङ्घन गर्दै जोपाइलाइ उपनयन गर्ने, विना शास्त्रीय नियम जोपाइ जस्तापाइ व्यक्तिलाइ जस्तापाइ रीतिले अदृष्टोत्पादनार्थ प्रयोगका लागि भनेर वेदमन्त्रसंहितादि पडाउने, भक्ष्याऽभक्ष्य-पेयाऽपेय-कार्याऽकार्यादिका शास्त्रमर्यादाको (बाध्यताले हैन) हाँसिखुसिले नै लङ्घन गर्ने, अवैध भेडाबाखे सामूहिक व्रतबन्ध गर्ने-गराउने इत्यादि प्रकारका शास्त्रमर्यादाको स्वेच्छाले लङ्घन गर्ने व्यक्तिले पडाएको वेद पड्न हुँदैन। तेस्ता व्यक्तिका मुखबाट सुनेर वा अक्षर चिनेका भरमा मात्र पुस्तकका मात्र आधारमा पडिएको वेदमन्त्र पनि अदृष्टोत्पादनका प्रयोगका लागि काम लाग्दैन।

कथञ्चित् आपत्कालमा उपनयन गर्ने र वेद पडाउने गुरु एउटै हुन नसकेमा सामान्य शुद्धकुलीन आस्तिक सदाचारि गृहस्थ ब्राह्मण व्यक्तिबाट स्वगृह्यसूत्रोक्त पद्धतिले उपनयनसंस्कार गराइ सावित्रमन्त्रदीक्षा लिए पछि

वेदशास्त्रको अध्ययन अरु शुद्धकुलीन आस्तिक सदाचारि विधिपूर्वक वेद पडेका गृहस्थ ब्राह्मण विद्वान् गुरुबाट यथाविधि गर्न हुने कुरा र व्रतगुरु र विद्यागुरु पृथक्पृथक् हुन सक्ने कुरा कृष्णका गर्ग व्रतगुरु र सान्दीपनि विद्यागुरु भएको कुरा देखाउने भागवतका प्रसङ्गबाट (१०।४५।२९-३४) पनि बुजिञ्छ।

वेद पड्दा मुख्य रूपमा "वेदोपक्रमणं कुर्यात् कृत्वोपाकर्म शास्त्रतः। अकृत्वा तदुपाकर्म न वेदं समुपक्रमेत्" (लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२३८) इत्यादि वचनले पनि स्पष्टीकरण गरेअनुसार उपाकर्म भए पछि मात्र विहित कालमा नियमपूर्वक प्रातःसन्ध्योपासन गरि प्रायः दिनमा भोजनपूर्व नै शुद्ध अन्तरीय-उत्तरीय मात्र पैरेर उपवीति भै कुशासनादि शुद्ध आसनमा प्राङ्मुख भै बसेर विधिपूर्वक आचमन गरि गुरुलाइ अभिवादन गरि गुरुपादोपसङ्ग्रहण पनि गरेर गुरुका आज्ञाले आसनमा पन्थ मारेर बसि कुशहस्त भै विधिपूर्वक गुरुले घटिमा तिनपल्ट शुद्ध रूपमा उच्चारण गरेर सुनाएका वेदभागको गुरुले गरेजस्तै उच्चारण गरि पड्न पर्छ। गृह्यसूत्र-धर्मसूत्र-स्मृति-पुराणादिशास्त्रमा बताइएका अरु वेदाध्ययन-नियमको पनि यथाशक्ति पालन गरेर नै वेदाध्ययन गर्नपर्छ।

वेदको यथाशक्ति विधिपूर्वकै अध्ययन गर्न पर्ने, ब्राह्मणहरुले अनुचित रूपले यज्ञ गर्नाले, दुराचार गर्नाले र अनुचित रूपले धनार्जन गर्नाले भैं नै अनुचित रूपमा वेद पड्ने काम गर्नाले पनि जनतामा भय उत्पन्न हुन जाने कुरामा समेत पुराणहरुले ब्राह्मणहरुको ध्यान आकृष्ट गरि तेसो नगर्न चेतावनि दिएका छन्। जस्तै–

(क) दुरिष्टैर् दुरधीतैश् च दुराचारैर् दुरागमैः।
विप्राणां कर्मदोषैस् तैः प्रजानां जायते भयम्॥
–कूर्मपु.१।३०।४, ब्रह्माण्डपु.२।३१।३६, मत्स्यपु.१४४।३५-३६, लिङ्गपु.१।४०।४-५, वायुपु.१।५८।३६, स्कन्दपु.१।२।४०।२२१, सोमाकरकृतवेदाङ्गज्योतिष-व्याख्या श्लो.१७,४३; पुरुषार्थचिन्तामणि पृ.४०९।

(ख) अव्रताधीतवेदेन अन्यायाऽऽप्तधनेन च।
वित्तशाठ्येन च कृतं न तथा फलदायि तत्॥–स्कन्दपु.वैष्णव.२।३८।३३।

(ग) संस्कारवद्भिः कर्तव्यं वेदस्याऽध्ययनं द्विजैः।
शुद्धस्य फलवत् तत् स्यादन्यथा निष्फलं स्मृतम्॥
–लघुव्यासवचन, वीरमित्रोदय, संस्कारप्रकाश, पृ.५१७।

(घ) तपोविशेषैर् विविधैर् व्रतैश्च विधिचोदितैः।
वेदः कृत्स्नोऽधिगन्तव्यः सरहस्यो द्विजन्मना॥–मनुस्मृति २।१६५।

(ङ) ऋक्पादमप्यधीयीत मार्गेणोक्तेन धर्मवित्।
न त्वेव चतुरो वेदानन्यायेन कदाचन॥-व्यासवचन,वीरमि.संस्कार.,पृ.५२६।

(च) असंयमेन येऽधीता न त्रायन्ति कदाचन।
ऋगेका संयमस्थेन अधीता पारयत्यपि॥-बृहद्योगियाज्ञवल्क्यस्मृ.११।१६।

अविधिले गरिएका यज्ञ अध्ययन इत्यादिका फल दैत्यराज बलिले पाउने भन्ने विष्णुका वरदानको उल्लेख गरि अविधिले गरिएका यज्ञ अध्ययन इत्यादिले दैवबल नबडाइ आसुरबल बडाउने कुरा सूचित गरि तेसो नगर्न पनि पुराणहरुले दैवी सम्पत्का पक्षपातिहरुलाइ सचेत गराएका छन्। जस्तै–

(क) दानान्यविधिदत्तानि श्राद्धान्यश्रोत्रियाणि च।
हुतान्यश्रद्धया यानि तानि दास्यन्ति ते फलम्॥
अदक्षिणास् तथा यज्ञाः क्रियाश्चाऽविधिना कृताः।
फलानि तव दास्यन्ति अधीतान्यव्रतानि च॥
–मत्स्यपुराण २४६।८४,८५; द्र.- वामनपुराण ३१।८३-८५, ९२।५५।

(ख) अश्रोत्रियं श्राद्धमधीतमव्रतमदक्षिणं यज्ञमनर्त्विजा हुतम्।
अश्रद्धया दत्तमसंस्कृतं हविरेते प्रदत्तास् तव दैत्य भागाः॥
–हरिवंश ३।७२।४९।

वेदाध्ययन गर्दा पैला स्वकुलपरम्परागत वेदशाखाको नै अध्ययन गर्नपर्छ। वेद भन्नाले मन्त्रसंहिता र ब्राह्मणग्रन्थ बुजिञ्छन्। कसैले ब्राह्मणग्रन्थ नपडे पनि मन्त्रसंहिता मात्रका अध्ययनले पनि वेदको अध्ययन पूर्ण हुञ्छ भन्ने मानेको पनि देखिञ्छ। तेस्तै धारणाले हो कि अशक्तिले हो माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखामा मन्त्रसंहितासम्म गुरुमुख गरेर पडेका माञ्छे त धेरै नै पाइँदै छन्, शतपथब्राह्मण पनि गुरुमुख गरेर पडेका व्यक्ति त सारै नै दुर्लभ छन्। कल्पसूत्रहरु र अत्यावश्यक परिशिष्टहरु पनि गुरुमुख गरेर पडेका व्यक्ति त अत्यन्तै दुर्लभ छन्। ब्राह्मणग्रन्थमा र कल्पसूत्रमा पनि मन्त्रसंहितामा नभएका धेरै मन्त्र पनि आएकाले वास्तवमा ब्राह्मणग्रन्थको र कल्पसूत्रको गुरुमुख गरि अध्ययन नगरिकन स्वशाखावेदको मात्र पनि अध्ययन पूर्ण भएको मान्न मिल्दैन।

मन्त्रसंहितामात्र पडेका ब्राह्मणग्रन्थ-कल्पसूत्रहरु गुरुमुख गरि नपडेका व्यक्तिको त सम्बद्धमन्त्रहरुको वैध अध्ययन नभएकाले आवश्यक सबै नित्य सदाचारकर्म-संस्कारकर्म-श्राद्धकर्महरु गर्ने-गराउने सम्मको पनि वास्तविक शास्त्रीय अधिकार नै नहुने देखिञ्छ। तेसैले पारस्करगृह्यसूत्रमा **"वेदꣳ समाप्य स्त्रायात्, विधिर् ब्विधेयस् त्तर्क्कश्च्च वेदः षडङ्गमेके, न कल्प्पमात्त्रे, कामन् तु याज्ञिकस्स्य"** (२।६।१, ५-८) भनि कल्पशास्त्र नपडिकन त कसैको पनि स्नान (समावर्तन) हुन नसक्ने कुरा बताइएको छ। वैदिक-सनातन-वर्णाश्रमधर्मि ब्राह्मणादिको सम्पूर्ण धर्म-मोक्ष-व्यवस्था वेदमूलक भएकाले नै वेदका अध्ययन-अध्यापनको एस्तो सुदृढ-व्यवस्था ऋषिहरुले गरेका हुन्। सावित्र मन्त्र मात्र सुनेर-पडेर समावर्तन गर्ने चलन त अतिअति आपत्कालको व्यवस्था देखिञ्छ। एस विषयमा अरु कुरा **'वैदिक धर्म मूल रूपमा'** भन्ने ग्रन्थका द्वितीय संस्करणमा समाविष्ट गर्न आँटिएको छ। उक्त प्रकारको अतिअति आपत्कालका विचारले नै 'मोर्नुभन्दा बोउलाउनु निको' भने झैँ गरेर हलायुध-शत्रुघ्नमिश्रादिको मार्गप्रदर्शनलाइ अँगाल्दै वैदिक-मन्त्र-सङ्ग्रहको सङ्कलन र प्रकाशन (२०५२) स्वाद्ध्यायशालाकुटुम्बबाट गरिएको हो। तेसबाट नित्य-सदाचारकर्म-संस्कारकर्म-श्राद्धकर्मादिका लागि नभैनहुने वेद-मन्त्रहरुको मात्र भने पनि गुरुमुख गरेर पड्न र पडाउन चाहाने वैदिक-सनातन-वर्णाश्रमधर्मि आस्तिक जनलाइ सहायता मिल्ला भन्ने ठानिएको छ।

समयमा वेदमन्त्रसंहिता, शतपथब्राह्मणग्रन्थ र कात्यायनश्रौतसूत्र-पारस्करगृह्यसूत्रादि कल्पसूत्रहरु गुरुमुख गरि पड्न नपाएकामा बुडो पाको भए पछि पनि श्रद्धा जागेमा र अवसर मिलेमा वानप्रस्थाश्रममा गैसकेकाले समेत विधिपूर्वक गुरुमुख गरेर उक्त ग्रन्थहरु पड्नहुञ्च। यो कुरा निर्णयसिन्धु आदिबाट पनि ज्ञात हुञ्छ (निर्णयसिन्धु, निर्णयसागर, पञ्चमसंस्करण, पृ.२३६)। बुडो भए पछि नै पाल्पाका कवि माधवप्रसाद देउकोटाले मसित मण्डलब्राह्मण गुरुमुख गरि पडेका थिए भनि गुरु बुद्धिसागरपराजुलि भन्नुहुन्थ्यो।

ब्रह्मयज्ञ र ब्रह्मयज्ञको महत्त्व

ब्रह्मयज्ञ भनेको मुख्य रूपमा वेदाध्ययनार्थक-उपनयन भएका द्विजाति-ले गुरुमुख गरि विधिपूर्वक पडेका वेद-वेदाङ्गादिग्रन्थको यथाविधि गरिने नित्य उपर्युपरि अध्ययन हो। एसलाइ मनुस्मृतिमा ऋषियज्ञ भनिएको छ। एसैलाइ गीतामा

(१०।२५) जपयज्ञ भनिएको बुजिञ्च। एसैलाइ नित्य स्वाध्यायाध्ययन वा नित्य स्वाध्याय पनि भन्ने गरिएको देखिञ्छ। स्वाध्याय भनेको आँफ्ना कुलमा परम्परागत रूपमा पडिँदै आएको वेदशाखाविशेष हो। समर्थ द्विजातिहरुले विधिपूर्वक पडिने स्वशाखातिरिक्त सम्बद्ध अन्य वेदशाखाहरु र कल्प, शिक्षा, व्याकरण, निरुक्त, छन्द, ज्योतिष इ छअङ्गहरु तथा धर्ममीमांसासूत्र-उपासनाकल्पसूत्र-ब्रह्ममीमांसा-सूत्रहरु पनि स्वशाखावेदका पूरक अङ्ग तथा उपाङ्गहरु मानिञ्छन् र तिनको पनि यथाशक्ति यथाक्रम नित्य स्वाध्यायाध्ययनमा अध्ययन गरिञ्छ। तेसमा पनि स्वशाखाका वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र परिशिष्ट-ग्रन्थहरु **"आदावारभ्य वेदं तु स्नात्वोपर्युपरि क्रमात्। यदधीतेऽन्वहं शक्त्या स स्वाध्याय इति स्मृतः"** इत्यादि (बृहद्योगियाज्ञवल्क्यस्मृति ७।५८-५९, द्र.- वैष्णव-वृद्ध-गौतमस्मृति ८।६८) स्पष्टीकरणअनुसार मुख्य रूपमा स्वाध्यायाध्ययनमा पडिञ्चन्। एसरि नित्य स्वाध्यायाध्ययनमा पडिने गुरुमुख गरि पडिएका ग्रन्थ नै धर्ममा र मोक्षमा निश्शङ्क रूपमा पूर्ण प्रमाण मानिञ्छन् (द्र.- लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठ-भाग, पृ. २७५-२७६)। अरु ग्रन्थ त इनै ग्रन्थका अनुकूल वा अविरोधि भएमा मात्र धर्ममा र मोक्षमा प्रमाण हुञ्छन्।

एसरि ब्रह्मयज्ञमा पडिने ग्रन्थमा मुख्य रूपमा आँफ्ना-आँफ्ना शाखाका वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, श्रौतगृह्यपरिशिष्ट, धर्मसूत्र र वेदा-ङ्गमध्येका ग्रन्थमा शिक्षामा आफ्ना शाखाका प्रातिशाख्यशिक्षाग्रन्थ, व्याकरणमा त्रिमुनिव्याकरण (पाणिनीयव्याकरण), निरुक्तमा निघण्टुसहित यास्ककृत निरुक्त-ग्रन्थ, छन्दशास्त्रमा पिङ्गलच्छन्दस्सूत्र, ज्योतिषमा लगधमुनिकृत "पञ्चसंवत्सरमयम्" इत्यादि वेदाङ्गज्योतिषग्रन्थ तथा वेदोपाङ्गग्रन्थहरुमा जैमिनीयधर्ममीमांसासूत्र र बादरायणीय ब्रह्ममीमांसासूत्र हुन् भन्ने कुरा वैदिक मूल परम्पराबाट र लौगाक्षि-स्मृति-देवीभागवत-शिवपुराणादिग्रन्थका उल्लेखबाट समेत स्पष्ट रूपमा बुजिञ्छ। इनै ग्रन्थ वैदिक-परम्परामा धर्ममा र मोक्षमा परम प्रमाण हुन् भन्ने कुरा पनि वैदिक मूल परम्पराबाट र उक्त लौगाक्षिस्मृत्यादि ग्रन्थबाट पनि बुजिञ्छ। इ ग्रन्थहरुको आँफ्ना-आँफ्ना क्षेत्रमा परमप्रामाणिकता नमान्नु भनेको त मूल वैदिक परम्परा प्रति चार्वाक-जैन-बौद्धहरुले गरेजस्तै विद्रोह गर्नु र तिनिहरुले जस्तै नास्तिकता वा पाखण्डपना अँगाल्नु हो। तसर्थ श्रौतगृह्यकर्महरुमा वैदिक ब्राह्मणादिले आँफ्नाआँफ्ना शाखाका वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, श्रौतगृह्यपरिशिष्टहरु

वेदवर्णस्वरादिका उच्चारणमा आँफ्ना-आँफ्ना शाखाका प्रातिशाख्यशिक्षाग्रन्थ, व्याकरणका विषयमा पाणिनीयव्याकरण, पद-वाक्य-देवतादिरूप दुरूह वेदार्थ-निरूपणमा यास्ककृत निरुक्तग्रन्थ, वैदिक छन्दका विषयमा पिङ्गलच्छन्दस्सूत्र; श्रौत अग्न्याधान, दर्शपूर्णमासयाग, चातुर्मास्ययाग, निरूढपशुबन्धयाग, सोमयागादि तथा गृह्यकर्म उपनयन-(व्रतबन्ध)-विवाहादि कर्मका लागि वर्ष-अयन-ऋतु-मास-अधिमास-पक्ष-तिथिरूप कालका निरूपणमा लगधप्रोक्त वेदाङ्गज्योतिषग्रन्थ, वेद-कल्पस्मृति-विहित कर्महरुको सुसमन्वित निरूपणमा जैमिनीय-धर्ममीमांसासूत्र र उपनिषद्हरुको सुसमन्वित अर्थका निर्धारणमा बादरायणीयब्रह्ममीमांसासूत्र नै मूल प्रमाण हुन् भन्ने कुरा वैदिक परम्पराका व्यक्तिहरुले मात्रै पर्छ। नमानेमा नास्तिकता अँगालेको ठहर्छ। यो कुरा राम्ररि बुज्न वा हृदयङ्गम गर्न नसक्नु अगिअगिका र हिजोआजका पनि पण्डित विद्वान् गुरु-पुरोहितहरुको ठुलो कमजोरि हो। ब्रह्मयज्ञ नगर्नाले र ब्रह्मयज्ञमा अध्ययन गर्न पर्ने मूल ग्रन्थहरुको राम्रो परिचय र ज्ञान नहुनाले आधुनिक ठुलाठुला उपाधि र पद प्राप्त गरेका कथित ठुला विद्वान्हरु पनि प्रज्ञाप्रतिष्ठानबाट, संस्कृत-विश्वविद्यालयबाट र सर्खारि पाठ्यक्रम-विकास-केन्द्रबाट प्रकाशित कर्मकाण्डग्रन्थहरुमा रहेका भ्रष्टताहरुको, घनेरा अशुद्धिहरुको र स्वशाखाश्रुतिसूत्रप्रतिकूलताको पनि पत्तै नपाउने हुन पुगेका समेत देखिञ्छन्।

उपाकर्म (=वेदारम्भ) नगरेका व्यक्तिले त ब्रह्मयज्ञमा गायत्री मात्र पड्ने कुरा लघुस्मृति-पुराणका वचनबाट बुजिञ्छ। वेदारम्भ भए पछि जे जति वेदभागको विधिवत् अध्ययन भएको छ ब्रह्मयज्ञमा तेसै भागको अध्ययन गरिञ्छ।

ब्रह्मयज्ञको महत्त्व उक्त प्रकारले सारै धेरै छ। ब्रह्मयज्ञमा वेद नै मुख्य रूपमा पडिञ्च। वैदिक-सनातन-वर्णाश्रमधर्मि द्विजातिको सम्पूर्ण धर्मको मूल वेद हो भन्ने कुरा सामान्यतया लोकमा पनि प्रसिद्धै छ र धर्मसूत्र-स्मृति-पुराणादिशास्त्रले पनि बताएको छ। जस्तै—

(क) **वेदो धर्ममूलम्।**—गौतमधर्मसूत्र १।१।१।

(ख) **वेदोऽखिलो धर्ममूलम्।**—मनुस्मृति २।६।

(ग) **वेदाद् धर्मो हि निर्बभौ।**—मनुस्मृति ५।४४।

(घ) **न च वेदादृते शास्त्रं किञ्चिद् धर्माभिधायकम्।**—कूर्मपुराण १।१२।२६०।

(ङ) **श्रुत्युक्तः परमो धर्मः।**—मूलगरुडपुराण १।२१३।४।

(च) **धर्मशब्दाभिधेयेऽर्थे प्रमाणं श्रुतिरेव नः।**—शिवपुराण ७।१।३२।५।

(छ) **सर्वथा वेद एवाऽसौ धर्ममार्गप्रमाणकः।**–देवीभागवत ११।१।२६।

(ज) **वेदप्रणिहितो धर्मो ह्यधर्मस् तद्विपर्ययः।**–भागवत ६।१।४०।

(झ) **वेदोक्तः परमो धर्मः।**–महाभारत, अनुशासनपर्व १४१।६५।

वेद नै धर्ममा र मोक्षमा परम प्रमाण भएकाले अनादिपरम्परागत रूपमा ब्राह्मणहरुले ठुला प्रयासले र तपस्याले शरीर सुकाएर प्राणसमेत दिन पनि तत्पर भएर गुरुमुखोच्चारणानूच्चारणरूप अध्ययनका आधारमा स्व-स्वशाखावेदलाइ एक मात्रा पनि नछोडिकन नफेरिकन नथपिकन अनादिपरम्परासिद्ध रूपमा नै वेदको अनुपालन गर्दै आएका हुनाले, वेदको अनुपालन नभए धर्मको मूल नै सुक्ने हुनाले र वेदको अनुपालन गर्नमा नित्य ब्रह्मयज्ञ नै मुख्य उपाय भएकाले वैदिकधर्ममा नित्य ब्रह्मयज्ञको अद्वितीय स्थान छ।

कोइकोइ वेद-वेदाङ्ग-वेदोपाङ्ग-अनुस्मृति-पुराणादि शास्त्रलाइ धर्मको मूल मात्र आनाकानि गर्दै आँफ्नाआँफ्ना परम्परालाइ विशेष मान्यता दिनपर्च भन्ने कुरा सिद्ध गर्न मनुस्मृतिको **"येनाऽस्य पितरो याताः"** (४।१७८) इत्यादि श्लोकको आड लिन खोच्चन्। किन्तु त्यो तिनिहरुको भुल हो। उक्त श्लोकको श्रुति-स्मृतिका विधानलाइ पञ्छाएर परम्पराको नै अनुसरण गर्नपर्छ भन्ने तात्पर्य मानेमा त उक्त श्लोकले मनुस्मृतिकै **"वेदोऽखिलो धर्ममूलम्"** (२।६), **"श्रुतिप्रामाण्यतो विद्वान् स्वधर्मे निविशेत वै"** (२।८), **"श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः। ते सर्वार्थेष्वमीमांस्ये ताभ्यां धर्मो हि निर्बभौ"** (२।१०), **"धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः"** (२।१३), **"वेदाद् धर्मो हि निर्बभौ"** (५।४४) इत्यादि वचनको विरोध गरेको मात्र पर्ला र मनुस्मृतिग्रन्थ नै वदतोव्याघात (आफुले भनेको कुरा आफैले काट्ने) दोषले गर्दा त्याज्य हुन जाला। तेसो हैन। वस्तुतः **"येनाऽस्य पितरो याताः"** इत्यादि वचनको तात्पर्य पनि स्वकुलपरम्पराले अँगालेको वेदशाखासूत्रादिको अनुकूल आचरण गर्दा नै कल्याण हुञ्छ भन्ने हो, स्वशाखावेदसूत्रादिप्रतिकूल भ्रम-प्रमादाऽऽलस्यादिमूलक परम्पराको पनि पालनै गर्दा कल्याण हुञ्छ भन्ने हैन। तसर्थ धर्मको निर्णय गर्दा श्रुति-स्मृति-पुराणहरुको र तेसमा पनि स्वशाखाश्रुति-सूत्रादि वेद-वेदाङ्ग-वेदोपाङ्ग-अनुस्मृति-पुराणादिको नै प्रबलप्रमाणत्व मात्रै पर्छ। तिलाइ छोडेर परम्परा वा शिष्टाचार भनेर दायाँबायाँ लाग्न हुँदैन। असामर्थ्यले गर्दा कुनै अनुकल्प मात्रु छुट्टै कुरा हो। एस सम्बन्धमा वासिष्ठधर्मसूत्रको **"श्रुतिस्मृति-विहितो धर्मः, तदलाभे शिष्टाचारः प्रमाणम्"** (१।४,५), भन्ने वचनमा, गौतमधर्मसूत्र-

को "देश-जाति-कुल-धर्माश्च आम्नायैरविरुद्धाः प्रमाणम्" (२।२।२०) भन्ने वचनमा र जैमिनीय-धर्ममीमांसक-शिरोमणि कुमारिलभट्टले प्रतिपादन गरेका शिष्टाचारभन्दा स्मृति नै धर्ममा बलियो प्रमाण हो भन्ने सिद्धान्तमा (१।३।९) पनि धर्मकाम सज्जन-हरुले ध्यान दिनपर्छ। अरु अनुस्मृति-पुराणमा र ब्रह्मयज्ञमा पडिने मूल वेदाङ्गमहा-स्मृतिमा विरोध परे मूल वेदाङ्गमहास्मृतिलाइ नै अनुल्लङ्घनीय मानि धर्ममा प्रमाण मात्र पर्छ, अन्य स्मृति-पुराणहरुमा परस्परमा विरोध परे मूल वेदाङ्गमहास्मृतिका अनुकूल चाइँ स्मृतिपुराणलाइ नै धर्ममा प्रमाण मात्र पर्छ। एस प्रकारले धर्मनिर्णयमा ब्रह्मयज्ञको र ब्रह्मयज्ञमा पडिने वेद-वेदाङ्ग-वेदोपाङ्गस्मृतिहरुको विशिष्ट स्थान मात्रैपर्छ। वैदिक परम्परामा आर्को मार्ग छैन।

कोइकोइ फेरि "महाजनो येन गतः स पन्थाः" भन्दै ठुलाबडाले अनुसरण गरेको मार्ग भन्दै वेद-वेदाङ्गस्मृतिका विरुद्ध कुरालाइ पनि धर्मका रूपमा अनुसरणीय हो भन्न खोच्चन्, किन्तु महाभारतका वनपर्वमा चित्रशालासंस्करणमा पाइने उक्त वचन भएको "तर्कोऽप्रतिष्ठः श्रुतयो विभिन्नाः" (३१३।११७) इत्यादि श्लोक पुनाको शोधसंस्करणमा र तदनुसारि सातवलेकरसंस्करणमा पनि नभएको हुनाले र यो श्लोक वल्लभदेवद्वारा सङ्गृहीत सुभाषितावलिमा बौद्ध दार्शनिक दिङ्नागको हो भनिएको (सुभाषितसङ्ख्या ३४३७) हुनाले पनि यो श्लोकलाइ धर्ममा प्रमाण मात्र सकिँदैन। कथञ्चित् एस श्लोकलाइ धर्ममा प्रमाण मानेमा पनि महाजन भन्नाले मनुस्मृतिको "न हायनैर् न पलितैर् न वित्तेन न बन्धुभिः। ऋषयश्चक्रिरे धर्मं योऽनूचानः स नो महान्" (२।१५४) भन्ने वचनअनुसार धर्मका क्षेत्रमा वेद-वेदाङ्गविज्ञ र यथाशक्ति वेद-वेदाङ्गानुसार आचरण गर्ने, हाँसिखुसि वेद-वेदाङ्गका व्यवस्थाको लङ्घन नगर्ने व्यक्ति नै महान् मानिने हुँदा वेद-वेदाङ्गका धर्मव्यवस्थालाइ छोडेर आर्थिक-राजनीतिक-स्वार्थपरकसमूहले वा चेलाचाटिले वा अशास्त्रज्ञ अविवेकि लोकले हाहामा ठुलो मानेका व्यक्तिका मान्यतालाइ वा भनाइलाइ वा आचरणलाइ धर्ममा प्रमाण मात्र मिल्दैमिल्दैन। तसर्थ धर्मको निर्णय गर्नमा स्वशाखाश्रुतिसूत्रादि वेद-वेदाङ्गशास्त्रग्रन्थको नै प्रमुखता मात्रै पर्छ।

फेरि कोइकोइ "यद्यपि शुद्धं लोकविरुद्धं नाऽऽचरणीयम्" भन्दै शास्त्रछोडेर धर्ममा पनि लोकको नै अनुसरण गर्न पर्ने कुरा गर्चन्। यो भनाइ सामान्य लौकिक आचरणका विषयमा चरितार्थ हुन सक्च। तत्कालका शासकले

दण्डको व्यवस्था गरि चलाएका चलनको अनुसरणका विषयमा वा लोकको ठुलो असमाधेय आक्रोश वा विरोध हुने प्रबल सम्भावना भएका विषयमा पनि उक्त भनाइ चरितार्थ हुन सक्च। किन्तु याज्ञवल्क्यस्मृतिमा **"निजधर्माविरोधेन यस्तु सामयिको भवेत्। सोऽपि यत्नेन संरक्ष्यो धर्मो राजकृतश्च यः"** (२।१८६) भनि आफ्ना शाखासूत्रादि वेद-वेदाङ्गविहित धर्ममा विरोध नपर्ने सामाजिक धर्मको र शासकले बनाएका तेस्ता विधि-नियम-उपनियमहरुको मात्र पालनीयता हुने, आफ्ना शास्त्रोक्त धर्ममा विरोध पर्ने भएमा त तिनको यथाशक्ति उपेक्षणीयता नै हुने भन्ने व्यवस्था गरिएकाले आफ्नो लागेपुगेसम्म शास्त्रोक्त धर्म छोडेर लोकको अनुसरण गर्नु उचित मात्र मिल्दैन। तेसमा पनि शास्त्रैकवेद्य अमुत्रार्थक धर्मकर्ममा त **"शब्दप्रमाणका वयम्, यच् छब्द आह तदस्माकम् प्रमाणम्"** (पाणिनीयव्याकरण-भाष्य, प्रथम आह्निक; द्र.- २।१।१, वा.५) भन्ने वैदिक परम्पराका शास्त्रकारहरुका वचनहरुको अनुसरण गर्ने वैदिक-सनातन-वर्णाश्रमधर्मिहरुले धर्मनिर्णयमा लोकप्रसिद्धिभन्दा शास्त्रप्रसिद्धि नै मान्य हुञ्छ भन्ने जैमिनीय-धर्ममीमांसासूत्रको **"शास्त्रस्था वा तन्निमित्तत्वात्"** (१।३।९) भन्ने वचनमा र बादरायणीय-ब्रह्ममीमांसा-सूत्रको **"अशुद्धमिति चेन् न शब्दात्"** (३।१।२५) भन्ने वचनमा पनि विशेष ध्यान दिइ धर्मनिर्णयमा स्वशाखाश्रुतिसूत्रादि वेदवेदाङ्गशास्त्रलाइ नै प्रबलतम प्रमाण मात्र पर्छ।

परम्परागत कुरा भनेर वा शिष्टाचारप्राप्त कुरा भनेर पनि श्रुति-स्मृति-पुराण-विरुद्ध कुरालाइ धर्ममा ग्राह्य मात्र मिल्दैन। वैदिक धर्ममा अनादि अनपभ्रष्ट परम्परालाइ मात्र धर्ममा प्रमाण मानिञ्छ। श्रुति-स्मृति-पुराण-विरुद्ध कुरालाइ अनादि-अनपभ्रष्ट परम्पराऽऽगत कुरा मात्र मिल्दैन। साऽऽदि वा व्यक्तिविशेषले चलाएका प्रथाले गर्दा चलेका कुरालाइ त अनादिपरम्पराको कुरा भन्ने आधारै भएन। श्रुति-स्मृति-पुराणको यथाशक्ति अधिकतम सम्मान गर्ने व्यक्ति मात्र शिष्ट मानिञ्च, **"योऽनूचानः स नो महान्"** (मनु.२।१५४) भन्ने ऋषिधर्मअनुसार वेदवेदाङ्ग-शास्त्र राम्ररि पडेको र यथाशक्ति तदनुसार व्यवहार गर्ने व्यक्ति नै महाजन मानिञ्छ। श्रुति-स्मृति-पुराण-विरुद्ध वा वेद-वेदाङ्ग-वेदोपाङ्ग-स्मृतिविरुद्ध वा स्वशाखा-श्रुति-सूत्रविरुद्ध आचरण गर्ने व्यक्तिलाइ शिष्ट वा महाजन भनेर मात्र पनि सकिँदैन। तेस्ता व्यक्तिले गरे-गराएका र चलाएका कुरालाइ शिष्टाचार-परम्पराप्राप्त कुरा वा महाजनानुसृत पन्था भन्न पनि मिल्दैमिल्दैन। तसर्थ धर्ममा

परम प्रमाण श्रुति र तन्मूलक स्मृति-पुराण नै हुञ्छन्। श्रुति-स्मृति-पुराणसित विरोध नपरेमा र सादि भन्ने ज्ञात नभएमा परम्परागत कुरालाइ शिष्टपरम्परागत कुरा भनि धर्ममा प्रमाण मात्र मिल्छ, नत्र मिल्दैन। तसर्थ आस्तिक विज्ञजनले जुनपायो तेइ परम्परालाइ "येनाऽस्य पितरो याताः", "महाजनो येन गतः स पन्थाः", "यद्यपि शुद्धं लोकविरुद्धं नाऽऽचरणीयम्" इत्यादि भन्दै समर्थन गर्ने र वेद-स्मृति-पुराणविरुद्ध कुरालाइ धर्म मान्ने काम गर्न हुँदैन। वेद-स्मृति-पुराणादिशास्त्रलाइ नै मूल रूपमा धर्ममा प्रमाण मान्न पर्छ। वेद-स्मृति-पुराणका अनुकूल वा अविरोधि भएमा मात्र देशका वा जातिका वा कुलका परम्परा र आचार विचारहरु धर्ममा प्रमाण हुञ्छन्।

कोइकोइ केवल वेद-वेदाङ्गले मात्र धर्मनिर्णय हुँदैन, तन्त्रको पनि ज्ञान चाइञ्च र निगमा-ऽऽगम दुवै पक्ष चाइञ्चन् पनि भञ्चन्; किन्तु तन्त्रमार्गमा वेद-को अपेक्षा हुञ्च, वैदिकमार्गमा तन्त्रको कुनै अपेक्षा हुँदैन; यो कुरा स्कन्दपुराण-सूतसंहिताका सूतगीतामा भनिएको पनि छ—

वेदोक्तं तान्त्रिकाः सर्वे स्वीकुर्वन्ति द्विजर्षभाः।
नोपजीवति तन्त्रोक्तं वेदः साक्षात् सनातनः॥—सूतगीता ८।६१।

वैदिकहरुले स्मृति-पुराणहरुमा आएका तान्त्रिक कुराहरुको पनि ग्रहण नगर्नु भन्ने कुरा पनि देवीभागवत-पराशरपुराण-स्कन्दपुराणसूतसंहितादिमा भनि-एकै छ भन्ने कुरा माथि नै लेखिसकिएकै छ (पृ.११)।

एस स्थितिमा वैदिक ब्राह्मणादिका लागि धर्मनिर्णयमा परम प्रमाण स्वशाखाश्रुतिसूत्रादि वेद-वेदाङ्ग-वेदोपाङ्गहरुको नित्य नियमित अध्ययन गरेर ति शास्त्रलाइ एक अक्षर पनि प्रक्षेप वा थप-घट हुन नदिइ सदा जीवित जागरित राख्ने र धर्म निर्णयमा ति शास्त्रको परम प्रमाणता र अलङ्घनीयता सिद्ध गर्ने ब्रह्मयज्ञको धर्मका क्षेत्रमा अत्यन्तै महत्त्वपूर्ण स्थान भएको कुरा स्पष्ट बुजिञ्छ।

उक्त प्रकारका वस्तुस्थितिले गर्दा नै विविध अनेक उपयोगिता देखाइ शास्त्रमा ब्रह्मयज्ञको (नित्य स्वाध्यायाध्ययनको) विधान र अत्यन्तै प्रशंसा पनि गरिएको हो। ब्रह्मयज्ञका विधानका र प्रशंसाका विषयका श्रुति-स्मृति-पुराणादिका तल देखाइएका वचन मननीय छन्—

(क) **अथ ब्रह्म्मयज्ञः स्वाद्ध्यायो वै ब्रह्म्मयज्ञस्तस्य वाऽएतस्य ब्रह्म्मयज्ञस्य बागेव जुहूर् म्मनऽउपभृच् चक्षुर् द्ध्रुवा मेधा स्रुवः**

सत्त्यमवभृथः स्वर्गो लोकऽउदयनंय् यावन्तꣳ ह वाऽइमाम् पृथिवींव् वित्तेन पूर्णान् ददल् लोकञ् जयति त्रिस् त्तावन्तञ् जयति भूयाꣳ-सञ् चाऽक्षय्यंय् यऽएवंव् विद्वानहरहः स्वाद्ध्यायमधीते तस्मात् त्स्वाद्ध्यायोऽद्ध्येतव्यः।

—माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शतपथब्राह्मण ११।५।६।३।

(ख) स चेदपि प्रबलमिव न शक्नुयादप्येकन् देवपदमधीयीतैव।

—मा.वा.शु.य.वे.शतपथ.११।५।६।१०।

(ग) अथातः स्वाद्ध्यायप्रशꣳसा प्रिये स्स्वाद्ध्यायप्रवचने भवतो युक्त्त-मना भवत्त्यपराधीनोऽहरहरर्त्थान् त्साधयते सुखꣳ स्वपिति परम-चिकित्सकऽआत्मनो भवतीन्द्रियसंय्यमश्च्चैकारामता च प्रज्ञा-वृद्धिर् व्यशो लोकपक्तिः प्रज्ञा वर्द्धमाना चतुरो धर्म्मान्न् ब्राह्म्मण-मभिनिष्पादयति ब्राह्म्मण्यम् प्रतिरूपचर्य्यांय् यशो लोकपक्तिंल् लोकः पच्च्यमानश् च्चतुर्भिर्द्धर्म्मैर् ब्राह्म्मणम् भुनक्क्त्यर्च्चया च दानेन चाऽज्ज्येयतया चाऽवद्ध्यतया च।—मा.वा.शु.य.वे.शत.११।५।७।१।

(घ) यन्ति वाऽआपऽएत्त्यादित्त्यऽएति चन्द्रमा यन्ति नक्षत्राणि यथा ह वाऽएता देवा नेयुर् न्न कुर्य्युरिवꣳ हैव तदहर् ब्राह्म्मणो भवति यदहः स्वाद्ध्यायन् नाऽधीते तस्मात् त्स्वाद्ध्यायोऽद्ध्येतव्यस् त्तस्मादप्यृचंव् वा यजुर् ब्वा साम वा गाथांव् वा कुम्ब्यांव् वा-ऽभिब्व्याहरेद् दव्रतस्याऽब्व्यवच्छेदाय।—मा.वा.शु.य.वे.शत.११।५।७।१०।

(ङ) अहरहः स्वाध्यायं कुर्यादाप्रणवात् तथैतं ब्रह्मयज्ञं समाप्नोति।

—बौधायनधर्मसूत्र २।६।८।

(च) स एनमविदितो न भुनक्क्ति यथा वेदो वाऽननूक्क्तः।

—मा.वा.शत.१४।४।२।२०।

(छ) अपहतपाप्मा स्वाध्यायो देवपवित्रं वा एतत्, तं योऽनूत्सृजत्यभागो वाचि भवत्यभागो नाके, तदेषाऽभ्युक्ता-यस् तित्याज सखिविदं सखायं न तस्य वाच्यपि भागो अस्ति। यदीं शृणोत्यलकं शृणोति न हि प्रवेद सुकृतस्य पन्थाम्। —तैत्तिरीयारण्यक २।१५, द्र.-ऋग्वेद १०।७१।६, ऐतरेय्यारण्यक ३।२।४, द्र.- काठकस्वाध्यायब्राह्मण।

(ज) स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम्।

—तैत्तिरीयारण्यक ७।१।११ (तै.उप.१।११।१)।

(झ) ऋतं च स्वाध्यायप्रवचने च सत्यञ्च स्वाध्यायप्रवचने च तपश्च स्वाध्यायप्रवचने च दमश्च स्वाध्यायप्रवचने च शमश्च स्वाध्यायप्रवचने च अग्नयश्च स्वाध्यायप्रवचने च अग्निहोत्रं च स्वाध्यायप्रवचने च अतिथयश्च स्वाध्यायप्रवचने च मानुषं च स्वाध्यायप्रवचने च प्रजा च स्वाध्यायप्रवचने च प्रजनश्च स्वाध्यायप्रवचने च प्रजातिश्च स्वाध्यायप्रवचने च सत्यमिति सत्यवचा राथीतरः, तप इति तपोनित्यः पौरुशिष्टिः, स्वाध्यायप्रवचने एवेति नाको मौद्गल्यः, तद् धि तपस् तद् धि तपः।—तैत्तिरीयारण्यक ७।९ (तैत्तिरीयोपनिषद् १।९)।

(ञ) सर्वैरेतैः (ऋतसेवनादिभिः) कर्मभिर् युक्तस्याऽपि स्वाध्यायप्रवचने यत्नतोऽनुष्ठेये इत्यर्थं सर्वेण सह स्वाध्यायप्रवचनग्रहणम्।-शङ्करव्याख्या।

(ट) कुटुम्बे शुचौ देशे स्वाध्यायमधीयानो धार्मिकान् विदधदात्मनि सर्वेन्द्रियाणि प्रतिष्ठाप्याऽहिंसन् सर्वभूतान्यन्यत्र तीर्थेभ्यः स खल्वेवं वर्तयन् यावदायुषं ब्रह्मलोकमभिसम्पद्यते न च पुनरावर्तते न च पुनरावर्तते।—छान्दोग्योपनिषद् ८।१५।१।

(ठ) तमेतं वेदानुवचनेन विविदिषन्ति।—मा.वा.शु.य.वे.शत.१४।७।२।२५।

(ड) तमेतं वेदानुवचनेन ब्राह्मणा विविदिषन्ति।—का.वा.बृह.४।४।२२।

(ढ) सैषाऽऽनन्दस्य मीमांसा भवति। ···· ये ते शतं प्रजापतेरानन्दाः स एको ब्रह्मण आनन्दः, श्रोत्रियस्य चाऽकामहतस्य।—तैत्तिरीयोपनिषद् २।८।

(ण) इतरे विसर्ज्ज्यन्ते स्वाद्ध्यायाय।—कात्त्यायनश्रौतसूत्र १२।४।३।

(त) नित्यः स्वाध्यायः पितृभ्यश्चोदकदानम्, यथोत्साहमन्यत्।

—गौतमधर्मसूत्र १।५।४,५।

(थ) श्रुतं तु सर्वेभ्यो गरीयस् तन्मूलत्वाद् धर्मस्य, श्रुतेश्च।

—गौतमधर्मसूत्र १।६।१९,२०।

(द) सद्यः शौचम् ····· ब्राह्मणस्य च स्वाध्यायाऽनिवृत्त्यर्थम्।

—गौतमधर्मसूत्र २।५।४।

(घ) विद्ययैवाऽप्यस्ति प्रीतिः।–आश्वलायनगृह्यसूत्र १।१।५।

(न) न ब्रह्मयज्ञादधिकोऽस्ति यज्ञो न तत्प्रदानादधिकं प्रदानम्।
सर्वे तदन्ताः क्रतवः सदाना नान्तो दृष्टः कैश्चिदस्य द्विकस्य।
–कात्यायनस्मृति (छन्दोगपरिशिष्ट) २।४।८ (१४।८)।

(प) यज्ञानां ब्रह्मयज्ञोऽस्मि।–भागवत ११।१६।२३।

(फ) यज्ञानां जपयज्ञोऽस्मि।–गीता १०।२५।

(ब) आ हैव स नखाग्रेभ्यः परमं तप्यते तपः।
यः स्रग्व्यपि द्विजोऽधीते स्वाध्यायं शक्तितोऽन्वहम्॥
–मनुस्मृति २।१६७, द्र.- मा.वा.शु.य.वे.शत. ११।५।७।३-४।

(भ) मधुना पयसा चैव स देवाँस् तर्पयेद् द्विजः।
पितॄन् मधुघृताभ्यां च ऋचोऽधीते च योऽन्वहम्॥
यजूंषि शक्तितोऽधीते योऽन्वहं स घृतामृतैः।
प्रीणाति देवानाज्येन मधुना च पितॄँस् तथा॥
स तु सोमघृतैर् देवाँस् तर्पयेद् योऽन्वहं पठेत्।
सामानि तृप्तिं कुर्याच् च पितॄणां मधुसर्पिषा॥
मेदसा तर्पयेद् देवानथर्वाङ्गिरसः पठन्।
पितॄँश् च मधुसर्पिर्भ्यामन्वहं शक्तितो द्विजः॥
वाकोवाक्यं पुराणं च नाराशंसीश्च गाथिकाः।
इतिहासाँस् तथा विद्याः शक्त्याऽधीते हि योऽन्वहम्॥
मांसक्षीरौदनमधुतर्पणं स दिवौकसाम्।
करोति तृप्तिं कुर्याच् च पितॄणां मधुसर्पिषा॥
ते तृप्तास् तर्पयन्त्येनं सर्वकामफलैः शुभैः।
यंयं क्रतुमधीते च तस्यतस्याऽऽप्नुयात् फलम्॥
त्रिर्वित्तपूर्णपृथिवीदानस्य फलमश्नुते।
तपसश्च परस्येह नित्यं स्वाध्यायवान् द्विजः॥
–याज्ञ.१।४१-४८; द्र.-मा.वा.शु.य.वे.शत.११।५।६।३-९; कात्यायनस्मृ. १४।९-१५; पद्मपु.स्वर्ग.५३।४६-४९; कूर्मपु.२।१४।४७-४९।

(म) वेदाथर्वपुराणानि सेतिहासानि शक्तितः।
जपयज्ञप्रसिद्ध्यर्थं विद्यां चाऽऽध्यात्मिकीं जपेत्॥–याज्ञवल्क्य.१।१०१।

(य) ब्रह्मयज्ञे जपेत् सूक्तं पौरुषं चिन्तयन् हरिम्।
स सर्वान् जपते वेदान् साङ्गोपाङ्गविधानतः॥–वाधूलस्मृति, श्लो.१५६।

(र) ऋचं वाऽथ यजुर् वाऽपि साम गाथामथाऽपि वा।
इतिहासपुराणं वा यथाशक्ति न हापयेत्॥
–वैष्णव-वृद्धगौतमस्मृति ८।६८-६९; स्मृतिसन्दर्भ, पृ.१९९४।

(ल) तपस् तप्यति योऽरण्ये मुनिर् मूलफलाशनः।
ऋचमेकां च योऽधीते तच् च तेन समं भवेत्॥
–यमवचन, हलायुधकृत ब्राह्मणसर्वस्व, पत्र ३, उत्तरपृष्ठ,
द्र.-वासिष्ठधर्मसूत्र २७।५।

(व) तस्मात् तु ब्राह्मणो विद्वान् देवर्षिपितृतुष्टये।
स्वाऽनृण्याय च मुक्त्यर्थं ब्रह्मयज्ञपरो भवेत्॥
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२९९।

(श) वेदशास्त्रार्थतत्त्वज्ञः शश्वत् स्वाध्यायतत्परः।
योगधर्मैकनिरतो ब्रह्मभूयाय कल्पते॥–शाण्डिल्यस्मृति ४।११५-११६।

(ष) क्लेशाननुभवन्तीह शास्त्राध्ययनतत्पराः।
शास्त्राणां च हिते युक्तास् ते नराः स्वर्गगामिनः॥
–मार्कण्डेयस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.१०३।

(स) कर्मनिष्ठा द्विजाः केचित् तपोनिष्ठा नृपाऽपरे।
स्वाध्यायेऽन्ये प्रवचने ये के चिद् ज्ञानयोगयोः॥
–भागवत ७।१५।१ (द्र.- मनु.३।१३४, ४।२४, गीता ४।२८)।

(ह) स्वाध्याययज्ञसंसिद्धा दृश्यन्ते बहवो जनाः।
तपोरताश्च मुनयो येषां लोकाः सनातनाः॥
–महाभारत, शान्तिपर्व २६।५-६ (द्र.- २०।५, १८०।४२-४३)।

(ष) वेदानुवचनं यज्ञो ब्रह्मचर्यं तपो दमः।
श्रद्धोपवासः स्वातन्त्र्यमात्मनो ज्ञानहेतवः॥–याज्ञवल्क्यस्मृति ३।१९०।

(क्ष) तपसा ब्रह्मचर्येण स्वाध्यायेन महर्षयः।
विमुच्य देहाँस् ते यान्ति मृत्योरविषयं गताः॥–शान्ति.१७।१६, १९।११।

(ज्ञ) यद्यकार्यशतं साग्रं कृतं वेदश्च धार्यते।
सर्वं तत् तस्य वेदाग्निर् दहत्यग्निरिवेन्धनम्॥–वासिष्ठधर्मसूत्र २७।१।

(त्र१) यथोदितेन सूर्येण तमो याति विनाशनम्।
एवं समस्तपापानि यान्ति वेदस्य धारणात्॥-स्कन्दपु.आवन्त्य.३।९।२२-२३।

(त्र२) ब्राह्मणेभ्यो नमस्यामो येऽस्मद्रूपं त्रयीमयम्।
बिभ्रत्यात्मसमाधानतपःस्वाध्यायसंयमैः॥–भागवत १२।१०।२४।

विधिपूर्वक नित्य ब्रह्मयज्ञ नगर्नाले र अरु समयमा पनि यथासम्भव यथाशक्ति वेदाभ्यास नगर्नाले पडेको वेद बिर्सने द्विजातिलाइ वेदोज्झता वा ब्रह्मोज्झता भन्ने सुरापानरूप-महापातकतुल्य अनुपातक लाग्छ भन्ने कुरा मनुस्मृति-बाट र अन्य शास्त्रबाट पनि देखिञ्छ। जस्तै–

(क) *ब्रह्मोज्झता* वेदनिन्दा कौटसाक्ष्यं सुहृद्वधः।
गर्हिताऽनाद्ययोर् जग्धिः सुरापानसमानि षट्॥
–मनु.११।५६, द्र.-बृहदारण्यकोपनिषद्-शाङ्करव्याख्या ३।५।१।

(ख) गुरूणामध्यधिक्षेपो वेदनिन्दा सुहृद्वधः।
ब्रह्महत्यासमं ज्ञेय*मधीतस्य च नाशनम्* ॥–याज्ञवल्क्यस्मृति ३।२२८।

(ग) सूर्याभ्युदितः सूर्याभिनिम्रुक्तः कुनखी श्यावदन्तः परिवित्तिः परिवेत्ता-ऽग्रेदिधिषूर् दिधिषूपतिर् वीरहा *ब्रह्मोज्झ* इत्येनस्विनः।
–वासिष्ठधर्मसूत्र १।१८।

(घ) अथ पतनीयानि, स्तेयमाभिशस्त्यं पुरुषवधो *ब्रह्मोज्झं* गर्भशातनं मातुः पितुरिति योनिसम्बन्धे सहापत्ये स्त्रीगमनं सुरापानमसंयोगसंयोगः।
–आपस्तम्बधर्मसूत्र १।७।२।७,८।

(ङ) दैवाद् *विस्मृतवेदश्च वेदोज्झः* परिकीर्तितः।
क्रियानर्हः स विज्ञेयस् त्याज्यः स्याच् छ्राद्धकर्मणि॥
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.३६२।

(च) *ब्रह्मोज्झो* ब्राह्मणघ्नश्च वीरहा भ्रूणहा तथा।
गुरुतल्पगतः पापी तत्संयोगी च पञ्चमः॥
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ षष्ठभाग, पृ.३८०।

(छ) *ब्रह्मोज्झः* कृच्छ्रं द्वादशरात्रं चरित्वा पुनरुपयुञ्जीत वेदमाचार्यात्।
—वासिष्ठधर्मसूत्र २०।१२।

उक्त स्थितिमा उपनयन (व्रतबन्ध) भएपछि पनि उपाकर्म (उपनयन-पछि आउँदो श्रावणपूर्णिमादि शास्त्रोक्त कालमा गर्न पर्ने वास्तविक शास्त्रीय वेदारम्भ कर्म) चाइँ नभएकाले अरु वेदभागको ब्रह्मयज्ञमा अध्ययन गर्ने अवस्था नहुँदा पनि उपाकर्म नभएसम्म गायत्रीको मात्र अध्ययन गर्ने गरेर पनि यो ब्रह्मयज्ञ गर्नै पर्ने नियम शास्त्रमा पाइञ्छ। जस्तै—

(क) सावित्रीग्रहमारभ्य यथा सन्ध्या तथा पुनः।
ब्रह्मयज्ञश्च गायत्र्या भवेत् तत्तर्पणं तथा॥—स्मृतिसन्दर्भ-६, पृ.२३८।

(ख) अनुपाकृतवेदस्य कर्तव्यो ब्रह्मयज्ञकः।
वेदस्थाने तु सावित्री गृह्यते तत्समा यतः॥-जैमिनिवचन, निर्णय.पृ.१९७।

(ग) उपाकरणपर्यन्तं सावित्र्या ब्रह्मयज्ञकम्।
ततोऽग्निमीड इत्यादि जपेद् वेदान् स्वशक्तितः॥-लघ्वाश्वलायन.१०।५४।

(घ) उपनयनप्रभृति ब्रह्मचारी पूर्ववत् स्नात्वा सन्ध्यामादित्यं चोपस्थाय तर्पणं ब्रह्मयज्ञं च कृत्वा सायंप्रातरा समावर्तनान् नित्यमग्नौ समिद्भिर् जुहुयात्।—वैखानसगृह्यसूत्र ६।८।

(ङ) सायंप्रातर् वह्निकार्यं यथाचारं जितेन्द्रियः।
कुर्यात् प्रतिदिनं वर्णी ब्रह्मयज्ञं च तर्पणम्॥
अग्निकार्यपरित्यागी पतितः प्रोच्यते बुधैः।
ब्रह्मयज्ञविहीनश्च ब्रह्महा परिकीर्तितः॥-नारदीयमहापुराण १।२५।२६-२८।

ब्रह्मयज्ञको विधायक मूल ग्रन्थ

उक्त प्रकारले ब्रह्मयज्ञको सामान्य स्वरूप र माहात्म्य तथा अत्यावश्यकता स्पष्ट गरेपछि वैदिक-सनातन-वर्णाश्रमधर्ममा ब्रह्मयज्ञ नै सबै धर्मको मूल भएकाले नै भगवान् श्रीकृष्णले पनि 'म यज्ञहरुमध्ये ब्रह्मयज्ञ हुम्' भनेर भन्नु भएको कुरा भागवतमा (११।१६।२३) आएको हो भन्ने कुरा स्पष्ट रूपमा सबैले बुज्न सक्चन्। अब ब्रह्मयज्ञको विधायक मूल शास्त्रका विषयमा केइ लेखिञ्छ।

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका शतपथब्राह्मणमा नै "यावन्तꣳ ह वाऽइमाम् पृथिवींव् वित्तेन पूर्णान् ददल् लोकञ् जयति त्रिस्

त्तावन्तञ् जयति भूया᳐सञ् चाऽक्षय्यंय् यऽएवंव् विद्वानहरहः स्वाद्ध्यायमधीते तस्म्मात् त्स्वाद्ध्यायोऽद्ध्येतब्ब्यः" (११।५।६।३) भनि पञ्चमहायज्ञ विधानका प्रकरणमा नै नित्य स्वाध्यायाध्ययन वा ब्रह्मयज्ञ गर्ने विधान गरिएको छ। तेसै पञ्चमहायज्ञका प्रकरणमा (११।५।६।१-३)। त्याँहाँ अरु चार यज्ञ छोटाछोटा दुइ खण्डिकामा मात्र प्रतिपादित छन्, किन्तु ब्रह्मयज्ञ चाइँ सत्र कण्डिकाहरुले विशेष जोड दिएर प्रतिपादित गरिएको छ। श्रुतिको एस्तै प्रवृत्तिको विचार गरेर नै गौतम-धर्मसूत्रमा पञ्चमहायज्ञका अरु यज्ञ गर्न नसके पनि स्वाध्यायाध्ययन (ब्रह्मयज्ञ) त नित्य अवश्य नै गर्नपर्छ भन्ने कुरा विहित भएको बुजिञ्च। पारस्करगृह्यसूत्रमा भने "अथातः पञ्च महायज्ञाः" (२।९।१) भन्ने प्रकरणमा देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ इ चार यज्ञको मात्र विधान पाइञ्छ। त्याँहाँ ब्रह्मयज्ञको कुनै चर्चा छैन। माध्यन्दिनीयवाजसनेयिशुक्लयजुर्वेदशाखाका सूत्रग्रन्थमध्ये कात्यायनत्रिकण्डिक-स्नानसूत्र-परिशिष्टमा "उपविशेद् दर्ब्भेषु दर्ब्भपाणिः स्वाद्ध्यायञ्च यथाशक्त्यादा-वारब्भ्य वेदम्" (कण्डिका ३) भनि ब्रह्मयज्ञको विधान गरिएको पाइञ्च। श्रीदत्त-वीर-मित्रोदयकारमित्रमिश्रादिले "यथाशक्ति विभ्राडित्यनुवाक-पुरुषसूक्त-शिवसङ्कल्प-मण्डलब्राह्मणैरित्युपस्थाय प्रदक्षिणीकृत्य नमस्कृत्य" भन्ने कण्डिकाभागलाइ पनि ब्रह्मयज्ञप्रतिपादनपरक मानि विभ्राडादिले गरिने सूर्योपस्थानलाइ ब्रह्मयज्ञको अङ्ग मानेको देखिञ्छ तापनि सूत्रमा "उपस्थाय" भन्ने एउटै पदसित अन्वित भएका पद-हरुको वाक्यभेद गरेर अन्वय गर्नु उचित नभएकाले, अन्य धेरै स्मृतिवचनबाट विभ्रा-डादिले गरिने उपस्थान सन्ध्योपासनको अङ्ग भएको कुरा बुजिएकाले, प्रदक्षिणी-करण सन्ध्योपासनको अङ्ग भएको कुरा तैत्तिरीयारण्यक(२।२)बाट बुजिएकाले र हरिहरले "एवं त्रिरायम्यासूनित्यारभ्योपविशेदित्यन्तेन सूत्रसन्दर्भेण कात्यायनाचार्येण सन्ध्योपासनमुक्तम्" भनेकाले पनि श्रीदत्त-वीरमित्रोदयकारमित्रमिश्रादिको त्यो व्याख्या उचित देखिँदैन। सूर्योपस्थानसन्ध्योपासनको अङ्ग हो ब्रह्मयज्ञको अङ्ग हैन।

ब्रह्मयज्ञको काल मध्याह्नस्नान-सन्ध्योपासनसित विशेष रूपमा सम्बद्ध भएको र तेसको वैश्वदेवान्नपाकसित कुनै सम्बन्ध नभएको हुनाले र श्राद्धका दिनमा देवयज्ञादि चार यज्ञ हुने भए पनि ब्रह्मयज्ञ र तेसका अङ्ग देवादितर्पण-देवार्चनादि नहुने हुनाले ब्रह्मयज्ञ देवयज्ञादिभन्दा विलक्षण भएकाले तथा अरु देवयज्ञादि गर्न नसक्ने वा ब्रह्मचर्याश्रममा रहनाले स्वतन्त्र पाक नहुँदा देवयज्ञादि गर्ने अधिकार नभएका ब्राह्मणले पनि स्नान-सन्ध्योपासन भैँ नै ब्रह्मयज्ञ र ब्रह्म-

यज्ञाङ्ग देवादि-तर्पणादि त गर्नै पर्ने हुनाले पनि ब्रह्मयज्ञको विधान पारस्करगृह्य-सूत्रमा नगरि परिशिष्टमा गरिएको देखिञ्छ। देवादि-तर्पण ब्रह्मयज्ञको अङ्ग हो भन्ने कुरा कात्यायनका "ततस्तर्प्पयेत्" भन्ने वचनबाट, देवीभागवतका ब्रह्मयज्ञप्रकरणका (११।२०।४-२८) अवलोकनबाट, पराशरपुराणका "ब्रह्मयज्ञं ततः कुर्यात् स्वसूत्रोक्तेन वर्त्मना। देवानृषीन् पितृगणान् तर्पयेदम्भसा क्रमात्" (९।७२-७३) भन्ने वचनबाट र तेस्तै प्रकारका कूर्मपुराणका (२।१८।८४-८५) तथा मूल गरुडपुराणका (१।५०।५८) वचनबाट पनि बुजिञ्छ। तसर्थ १८४७ वैक्रमाब्दमा धर्मसिन्धु बनाउने काशीनाथो-पाध्यायले धर्मसिन्धुमा (पृ.२२९) "अथ तर्पणम्, तच्च तैत्तिरीयाणां ब्रह्मयज्ञाङ्गं न भवति ···· एवं काण्वमाध्यन्दिनामपि" भनि बताएको माध्यन्दिनीयहरुका लागि तर्पण ब्रह्मयज्ञाङ्ग नमानिने भन्ने कुरा अबोधमूलक र अशुद्ध ठहर्छ। कात्यायन-त्रिकण्डिक-स्नानसूत्रग्रन्थको कलियुगाब्दका एकचालिसौं शतकतिरका कर्को-पाध्यायको व्याख्या पनि भएको बुजिञ्छ, किन्तु त्यो प्रसिद्ध र सुलभ छैन। कलि-युगाब्दका बयालिसौं शतकतिरका हरिहरको व्याख्या प्रसिद्ध छ र भारतका हथुआ-राज्यका राजा कृष्णप्रतापशर्मसाहिले १९५२ संवत्मा अधिकारिजनलाइ निश्शुल्क वितरण गर्न छपाएका भाष्यचतुष्टययुक्त पारस्करगृह्यसूत्रका संस्करणमा, गुजराति प्रिण्टिङ प्रेसका १९७३ संवत्मा प्रकाशित भाष्यपञ्चकयुक्त पारस्करगृह्यसूत्रका संस्करणमा र वाराणसीको चौखम्बा-सुरभारतीप्रकाशनका हरिहरभाष्य-गदाधर-भाष्ययुक्त पारस्करगृह्यसूत्रका संस्करणमा पनि मुद्रित भएको छ, सुलभै छ। स्नान-सूत्रको व्याख्या रामकृष्णका १८१८ संवत्तिर लेखिएका संस्कारगणपतिमा पनि उपलब्ध छ। मूलमात्र स्नानसूत्रको पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-संहिताका अमृतलालशास्त्रिसम्पादित मुम्बइसंस्करणका परिशिष्टमा, मूलमात्र पारस्करगृह्यसूत्रका परिशिष्टमा र वैद्यनारायणशर्माका आह्निकसूत्रावलिमा चाहिँ कण्डिकाकण्डिका छुट्याएर स्नान-सन्ध्योपासन-तर्पणका प्रकरणहरुमा छरेर भने-पनि प्रकाशन भएको छ। ग्रन्थ सुलभै छ। एस सूत्रका वचन कलियुगका त्रिचालिसौं शतकतिरका श्रीदत्तोपाध्यायले आचारादर्शमा (पृ.६७), कलियुगाब्दका चव्रालिसौं शतकतिरका चण्डेश्वर ठक्कुरले (१३५७-१४०४ वै.) गृहस्थरत्नाकरमा (पृ.२०८, २४०, २५७-२५८) उद्धृत गरेको पाइञ्च। पुराणहरुका स्नानादिविधिमा पनि एस सूत्रको प्रभाव देखिञ्छ। यो सूत्र कात्यायन-श्राद्धकल्पसूत्र भैं नै प्रसिद्ध अष्टादश परिशिष्टहरुमा नपरे पनि निश्चित रूपमा प्राचीन, परम्पराऽऽगत र पारस्करगृह्यसूत्रको

अविच्छेद्य अङ्गका रूपमा मानिएको प्रमाणभूत सूत्रग्रन्थ हो। ब्रह्मयज्ञको विधान पारस्करगृह्यसूत्रका ३ काण्डहरुमा नभएकाले र एस सूत्रमा प्रतिपादित ब्रह्मयज्ञ-लाइ समावेश नगरेमा पारस्करगृह्यसूत्रको **"अथातः पञ्च महायज्ञाः"** (२।९।१) भन्ने वचन नै अनुपपन्न हुने हुनाले यो सूत्र पारस्करगृह्यसूत्रको अविच्छेद्य परिशिष्ट हो भन्ने कुरा स्पष्ट हुञ्छ। तसर्थ माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि पारस्करगृह्यसूत्रानुयायि ब्राह्मणहरुले एसै कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका अनुकूल रूपमा नित्य ब्रह्मयज्ञ गर्नपर्छ। शतपथब्राह्मणमा ब्राह्मणले कुनै दिन स्वाध्यायाध्ययन नगर्नु कुनै दिन सूर्य नै नउदाउनुजस्तो कुरा हो भन्ने उल्लेख भएकाले यो ब्रह्मयज्ञ ब्राह्मणका लागि स्नान-सन्ध्योपासनजस्तै अत्यन्तै आवश्यक कर्म हो। तसर्थ ब्राह्मणले शास्त्रले अन्यथा विधान गरेका अवस्थामा बाएक ब्रह्म-यज्ञ नगरेर अन्य धर्मकर्म गर्नु स्नान-सन्ध्योपासन नगरि अरु धर्मकर्म गर्नु जस्तै अनुचित कार्य हो भन्ने बुजिञ्छ। तैत्तिरीयारण्यकमा पनि **"दर्भाणां महदुपस्तीर्योपस्थं कृत्वा प्राङासीनः स्वाध्यायमधीयीत"** (२।११) भन्ने विधान छ। **"पर्कादारभ्य यथा-शक्त्यहरहर् ब्रह्मयज्ञः"** भन्ने विधान गोभिलीयस्नानसूत्रमा पनि देखिञ्छ (३।१३)।

ब्रह्मयज्ञ नहुने अवस्था

आफ्नै घरको सुत्केरोमा र जुठोमा तथा श्राद्धका दिनमा स्वाध्यायाध्ययन वा ब्रह्मयज्ञ गर्न हुँदैन। आभ्युदयिकश्राद्ध भएपछि सम्बद्ध विवाहादिकार्यको मण्डपोद्वासन नभएसम्म पनि तिंनपुस्ताभित्रका वा चारपुस्ताभित्रका दाजुभाइले ब्रह्मयज्ञ गर्न हुँदैन। **"उभयत्र दशाऽहानि कुलस्याऽन्नं न भुज्यते। दानं प्रतिग्रहो होमः स्वाध्यायश्च निवर्तते"** भन्ने वचनबाट सामान्यतया जुठो-सुत्केरोमा दस दिनसम्म स्वाध्यायाध्ययन नहुने कुरा झल्कञ्छ तापनि **"सद्यः शौचं ..... ब्राह्मणस्य च स्वाध्यायाऽनिवृत्त्यर्थम्"** भन्ने गौतमधर्मसूत्रका (२।५।४४) वचनको विचार गर्दा र **"शिल्पिनः कारुका वैद्या दासी-दासाश्च नापिताः। राजानः *श्रोत्रियाश्* चैव सद्यःशौचाः प्रकीर्तिताः"** भन्ने पराशरस्मृतिको (३।२२) वचन र **"दीक्षितस्याऽऽहिताग्नेश्च *स्वाध्याय-निरतस्य* च। वृतस्याऽऽमन्त्रितस्येह नाऽऽशौचं विद्यते क्वचित्"** (लघ्वाश्वलायनस्मृति २०।९०, स्मृतिसन्दर्भ, पृ.१७४८), **"शिल्पिनः कारवो वैद्या दासी दासाश्च भृत्यकाः। अग्निमाञ् छ्रोत्रियो राजा सद्यःशौचाः प्रकीर्तिताः"** (मूल गरुडपुराण १।११७।१९),

"अग्नयो यत्र हूयन्ते *वेदो वा यत्र पठ्यते।* सततं वैश्वदेवादि न तेषां सूतकं भवेत्" (मूल गरुडपुराण १।२२२।३९-४०) इत्यादि वचन पनि सम्जँदा अरु घरका जुठा-सुत्केरामा स्नान-सन्ध्योपासनजस्तै श्रोत्रियका स्वाध्यायाध्ययनादि नित्य कृत्य पनि नरोकिने कुरा बुजिन आउँछ। जाँहाँ नित्य वेदाध्ययन हुञ्छ त्याँहाँ आशौच लाग्दैन भन्ने कुरा पनि उक्त लघुस्मृति-पुराणवचनहरुमा छन्। पितामाताका वार्षिक आशौचमा पनि दस दिनको मुख्य आशौच सिद्दिए पछि त सामान्यतया स्वाध्यायाध्ययन पनि हुने कुरा बुजिन आउँछ। वर्षदिनसम्म वेद नपडे त वेदको कुनै अंश पूरै बिर्सिन वा संशयग्रस्त हुन पनि सक्ने हुँदा वर्षदिनसम्म स्वाध्यायाध्ययन रोक्ने व्यवस्था वैदिकशास्त्रानुमत हुन नसक्ने कुरा देखिञ्छ। स्वाध्यायाध्ययन वैदिक-सनातन-वर्णाश्रमधर्मि ब्राह्मणहरुका लागि अवैदिक तन्त्रमूलक पञ्चायतनपूजा-शालग्रामशिलापूजाहरुजस्तो आगन्तुक ऐच्छिक विषय नभएकाले एसको व्यवस्था भिन्नै हुने देखिञ्छ। पञ्चमहायज्ञका देवयज्ञादि यज्ञहरु पनि अगिदेखि गर्दै आएको भए पिताका निधनमा पनि एगारौं दिनदेखि नै खुल्ने कुरा धर्मसिन्धुमा पनि एकादशाहकृत्यनिर्णयप्रकरणमा लेखिएकै छ।

ब्रह्मयज्ञको काल

माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायि निरग्निक ब्राह्मणहरुका नित्यकर्महरुमा प्रातःकालको यथोचित स्नान र सन्ध्योपासन गरेपछि मध्याह्नमा अर्थात् दिनका सूर्योदयदेखि सूर्यास्तसम्मका प्रातः, सङ्गव, मध्याह्न, अपराह्न, सायाह्न इ पाँच समविभागमध्ये सङ्गवकालका अन्तमा मध्याह्नस्नान, सन्ध्योपासन, स्वाध्यायाध्ययन (ब्रह्मयज्ञ), ब्रह्मयज्ञाङ्गतर्पण, ब्रह्मविष्णुरुद्रादिदेवार्चन, सूर्योपस्थान, दिग्देवतानमस्कार, ब्रह्मादिनमस्कार, मुखविमार्जन, देवविसर्जन एति कर्म हुञ्छन्। लौकिकाग्निमा वा अनुकल्पकाग्निमा पञ्चमहायज्ञका देवयज्ञादि गर्ने गरेको भए स्नानसूत्रोक्त कर्म सिद्धिए पछि देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ र मनुष्ययज्ञ पारस्करगृह्यसूत्रोक्त क्रमका अनुकूल यज्ञपार्श्वोक्त क्रमले हुञ्छन्। एस स्थितिमा कात्यायन-त्रिकण्डिक-स्नानसूत्रअनुसार पनि ब्रह्मयज्ञको मुख्य काल मध्याह्न नै देखिञ्छ। हरिहरले पारस्करगृह्यसूत्रका व्याख्यामा र पद्धतिमा ब्रह्मयज्ञ देखाएका छैनन्। स्नानसूत्रका व्याख्यामा ब्रह्मयज्ञको र अरु देवयज्ञादिको विशेष क्रमनिर्धारण

गर्दा छन्दोगपरिशिष्टका आधारमा ब्रह्मयज्ञ प्रातराहुतिपछि वा देवयज्ञ-भूतयज्ञ-पितृयज्ञ-मनुष्ययज्ञका अन्त्यमा गर्न पर्ने कुरा देखाएका छन्। "हन्तकाराच्च पूर्वं ब्रह्मयज्ञस्याऽवसरः। नृयज्ञो हि हन्तकारादिरास्वापात्। रात्रावपि ह्यतिथिपूजा स्मर्यते अतिथिं प्रकृत्य नाऽस्याऽनश्नन् गृहे वसेदिति। तस्माद् ब्रह्मयज्ञोऽनिर्दिष्टकालोऽपि नृयज्ञात् पूर्व एव" (२।९।११) भनि कर्कोपाध्यायले भनेकाले तदनुसारि रेणुदीक्षितका गृह्यकारिकाका क्रमको अनुसरण गर्दै गदाधरले भने पारस्करगृह्यसूत्रका भाष्यमा पदार्थक्रममा देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ, ब्रह्मयज्ञ, मनुष्ययज्ञ एस्तो क्रम देखाएका छन्। काण्व-वाजसनेयि रामकृष्णले पनि संस्कारगणपतिमा (पृ.७९४) वैश्वदेवावसानमा ब्रह्मयज्ञ गर्ने कुरा गर्दै कर्क-रेणुदीक्षित-गदाधरहरुको अनुसरण गर्दै पञ्च-महायज्ञक्रम (पृ.८५२) देखाएका छन्। वैद्य नारायणशर्माले आह्निकसूत्रावलिमा वैश्वदेवप्रयोगमा मण्डलभित्र **भूतयज्ञः (१), नित्यश्राद्धम् (२), मनुष्ययज्ञः (३), देवयज्ञः (४), ब्रह्मयज्ञः (५), निर्णेजनम् (६)** एस्ता अङ्कयुक्त उल्लेख गरेका छन्। एसले क्रममा अलमल पारेको छ। तथापि उनले प्रयोगक्रम आर्का साना १,२,३ इत्यादि अङ्कले जनाएको बुजिञ्छ। तदनुसार भूतयज्ञ, देवयज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ, ब्रह्मयज्ञ, निर्णेजन एस्तो अनुष्ठानक्रम बुजिञ्छ। किन्तु एस क्रममा देवयज्ञमा स्वशाखाश्रुतिसूत्रादिमा नभएको नैवेद्यार्पण देखाएकाले र तेसमा स्वशाखाश्रुतिसूत्रादिमा नभएको **"ॐ नमो भगवते वासुदेवाय"** भन्ने सात्वत-(वैष्णव)हरुको मन्त्रको प्रयोग देखाइएकाले समेत उनको त्यो पञ्चमहायज्ञक्रम र प्रयोग स्वशाखाश्रुतिसूत्रको अनुकूल नभएको कुरा देखिञ्छ। उनले वैश्वदेवका प्रयोगमा अग्निप्रदीप्तीकरणपछि पारस्करगृह्यसूत्रोक्त पाँच आहुति दिने कुरा पनि लेखेकै छन्। एसबाट उनि स्वशाखाश्रुतिसूत्रको अनुसरणमा पर्याप्त मात्रामा जागरूक नभएको बुजिञ्छ। उनले तर्पणभन्दा अगि ब्रह्मयज्ञ गर्ने कुरा स्वशाखा-श्रुतिसूत्रको अनुकूल रूपमा नै प्रतिपादित गरेका छन् तापनि वैश्वदेवप्रकरणमा मण्डलभित्र फेरि ब्रह्मयज्ञको उल्लेख गरि ब्रह्मयज्ञसिद्धिका लागि तिन गायत्री जप्ने कुरा लेखेका छन्। एसबाट उनि स्वशाखासूत्रको अनुसरणमा अलमलमा परेका देखिञ्छन्। उनि श्रोत्रिय वा धर्मशास्त्रि वा धर्ममीमांसक पनि नभै एउटा वैद्य भएकाले उनि तेसरि अलमलमा पर्नु अनौठो कुरो देखिँदैन। कर्मकाण्डिहरुमा अन्त पनि सबैतिर एस्तै अलमल परेको प्रायः देखिञ्छ। कात्यायन-त्रिकण्डिक-

स्नानसूत्रअनुसार मध्याह्नस्नानसन्ध्योपासनपछि ब्रह्मयज्ञ हुने कुरा स्पष्ट भएकाले पञ्चमहायज्ञहरुमा सर्वप्रथम ब्रह्मयज्ञ नै हुने र अनि देवयज्ञादि हुने कुरा बुजिञ्च। शतपथब्राह्मणमा ब्रह्मयज्ञको विधान लम्बेचौडे भएकाले तेसको अरु भूतयज्ञादिका छोटकरि विधानका अन्त्यमा समावेश गरिएको भए पनि बहुवेदगतन्यायवित् पारस्करगृह्यसूत्रकारले देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ (पात्रनिर्णेजनसहित), मनुष्ययज्ञ एस प्रकारको अनुष्ठानक्रमनिर्धारण गरेर तथा इ चार यज्ञभन्दा विलक्षण प्रकृतिको ब्रह्मयज्ञलाइ आर्कै सन्दर्भमा परिशिष्टरूप स्नानसूत्रमा राखेर तेसको अनुष्ठान उवत चार यज्ञभन्दा अगि नै छुट्टै रूपमा र मध्याह्नस्नानसन्ध्याका साथमा हुने कुरा निर्धारित गरेको देखिञ्छ। आग्निवेश्यगृह्यसूत्रमा पनि **"पञ्चयज्ञान् ततः कृत्वा ब्रह्मयज्ञाद्यनुक्रमात्। देवयज्ञं ततः कृत्वा पितृयज्ञं ततः परम्। भूतयज्ञं च कृत्वा तु यज्ञं मानुष्यमेव च। कृत्वैवं पञ्चधा यज्ञान् यथाशास्त्रानुसारतः"** भनि (२।६।७) पञ्चमहायज्ञमा सबैभन्दा अगि ब्रह्मयज्ञ नै हुने कुरा देखाइएको पाइञ्छ। एस विषयमा राम्रो विवेचनात्मक दृष्टि नराखि ग्रन्थव्याख्या गर्ने कर्कोपाध्याय-हरिहर-रेणुदीक्षित-गदाधरादिले ब्रह्मयज्ञकालको व्यवस्था देखाउनमा विवेकशिथिलता गरेको देखिञ्छ। प्रातराहुतिभन्दा पछि मध्याह्नस्नानभन्दा अगि ब्रह्मयज्ञको काल हो भन्ने पक्ष मुख्य ब्रह्मयज्ञलाइ लिएर हैन, अध्यापनरूप ब्रह्मयज्ञसदृश ब्रह्मयज्ञलाइ लिएर देखाइएको बुजिञ्च। छन्दोगपरिशिष्टमा **"वैश्वदेवावसाने वा"** भनिएकाले पूर्वाह्णको मनुष्ययज्ञान्त वैश्वदेवकर्म समाप्त भएपछि पनि अनुकल्पका रूपमा ब्रह्मयज्ञ गर्न सकिने जस्तो देखिञ्छ। तथाऽपि कर्क-रेणुदीक्षित-गदाधरादिले भनेझैं पितृयज्ञपछि मनुष्ययज्ञभन्दा अगि ब्रह्मयज्ञ समावेश गर्ने कुरा भने नमिल्दो नै देखिञ्छ। वास्तवमा त स्नानसूत्रमा सन्ध्योपासनका अन्त्यमा नमस्कारपछि लगत्तै स्वाध्यायाध्ययन गर्ने कुरा गरिएको र **"ततस् त्तर्प्पयेद्द् ब्रह्म्माणम्"** भनि स्वाध्यायाध्ययनपछि लगत्तै ब्रह्मयज्ञाङ्ग तर्पण गर्न पर्ने कुरा गरिएको हुनाले वेद-मन्त्रसंहिता-ब्राह्मण-कल्पसूत्रादिको आदिदेखि क्रमशः प्रतिदिन उपर्युपरि अध्ययन गर्ने गरि गरिने ब्रह्मयज्ञ त कात्यायन-त्रिकण्डिक-स्नानसूत्रमा मध्याह्नस्नानदेखि तर्पणान्त कर्म एकै प्रयोगमा क्रमशः गर्ने उपदेश भएकाले मध्याह्नकालमा मध्याह्न-स्नानसन्ध्यापछि तर्पण गर्नुभन्दा अगि नै गर्नु नै स्वशाखासूत्रकारविहित मुख्य कल्प देखिञ्छ। एस्तै कुरा बृहद्योगियाज्ञवल्क्यस्मृतिमा (७।५७-६०) पनि देखिञ्छ। अरु

कल्प त "मुख्यो विधिः स्वशास्त्रोक्त इतरः स्यात् तु सङ्कटे" भन्ने सिद्धान्तअनुसार अशक्त्यादिकृत अनुकल्प नै देखिञ्छन्। अन्य ग्रन्थहरुमा पनि प्रायः मध्याह्न नै मुख्य ब्रह्मयज्ञकाल हो भन्ने कुरा पनि प्रतिपादितै देखिञ्छ। जस्तै—

(क) यश्च श्रुतिजपः प्रोक्तो ब्रह्मयज्ञः स वोच्यते।
स चाऽर्वाक् तर्पणात् कार्यः पश्चाद् वा प्रातराहुतेः॥
वैश्वदेवाऽवसाने वा नाऽन्यत्रर्ते निमित्तकात्।
—कात्यायनस्मृति (छन्दोगपरिशिष्ट) २।३।४,५ (१३।४,५)।

(ख) यदि स्यात् तर्पणादर्वाग् ब्रह्मयज्ञः कृतो न हि।
कृत्वा मनुष्ययज्ञं हि ततः स्वाध्यायमारभेत्॥
—लघुव्याससंहिता २।५१, स्मृतिसन्दर्भ, पृ.१६२६; कूर्मपुराण २।१८।१०३।

(ग) मध्याह्ने ब्रह्मयज्ञो हि नाऽनुबन्धवशाद् भवेत्।
प्रातरौपासनादूर्ध्वं कुर्यादस्तमयावधि॥—लघ्वाश्वलायनस्मृति १।१०६।

(घ) सङ्गवान्ते (मध्यसन्ध्यां) कुर्यात् स्नानपुरस्सरम्।
(ब्रह्मयज्ञं) तर्पणं च वैश्वदेवमिति क्रमात्॥—विश्वामित्रस्मृति ८।३५।

(ङ) मध्याह्नो ब्रह्मयज्ञस्य मुख्यकाल उदाहृतः।
प्रातःकालादिकः सर्वस् तत्समो नैव सर्वदा॥
—लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ षष्ठभाग, पृ.२३८।

(च) मध्यन्दिने प्रबलमधीयीत।—तैत्तिरीयारण्यक २।१४।

कृषिकर्म सार्वजनिकशिक्षणादि शासकनियन्त्रितकर्म इत्यादिका परवशताले गर्दा विहित कालमा मध्याह्नस्नानसन्ध्योपासनादि गर्न नसक्ने वार्तावृत्ति गृहस्थ द्विजवरहरुले जतिखेर मध्याह्नस्नानसन्ध्योपासन गरिञ्छ तेतिखेर नै ब्रह्मयज्ञ पनि गर्नपर्ने हुञ्छ। विविध बाध्यताले गर्दा मध्याह्नस्नानै नगर्ने केवल प्रातःस्नान मात्र गर्ने वार्तावृत्ति गृहस्थ द्विजोत्तमहरुले त प्रातःस्नानलाइ नै मध्याह्नस्नान पनि मानेर प्रातःस्नानपछि प्रातःसन्ध्योपासन गरेर मध्याह्नसन्ध्योपासन गरि ब्रह्मयज्ञ र ब्रह्मयज्ञाङ्ग देवादि-दिव्यमनुष्य-दिव्यपितृ-(यम)-स्वपितृतर्पणादि गर्नपर्छ र अनि अरु देवयज्ञ-भूतयज्ञादि वैश्वदेवकर्म गर्नपर्छ। ब्रह्मचारिले मध्याह्नस्नान नगर्ने हुनाले ब्रह्मचारिले चाहिँ प्रातःस्नानसन्ध्योपासन र यथासम्भव अग्निपरिचरण पनि गरेपछि ब्रह्मयज्ञ र यथाविधि ब्रह्मयज्ञाङ्ग देवादितर्पणादि गर्नपर्छ।

ब्रह्मयज्ञको देश

कात्यायन-त्रिकण्डिक-स्नानसूत्रमा "अथातो नित्यस्नानम्, नद्यादौ" इत्यादि भनि थालेर "एष स्नानविधिरेष स्नानविधिः" भनि समाप्ति देखाएर मध्याह्नस्नान, सन्ध्योपासन, स्वाध्यायाध्ययन (ब्रह्मयज्ञ), तर्पण, ब्रह्मविष्णुरुद्रादि-वैदिक-देवार्चनादि कर्म एकप्रयोगमा देखाइएकाले स्वाध्यायाध्ययन (ब्रह्मयज्ञ) पनि स्नानदेशमा नै हुने कुरा स्पष्ट रूपमा नै बुजिञ्छ। "नद्यादौ" भनिएको हुनाले स्नान मुख्य रूपमा मनुस्मृतिमा (४।२०३) "नदीषु देवखातेषु तडागेषु सरस्सु च। स्नानं समाचरेन् नित्यं गर्तप्रस्रवणेषु च" भनि गनिएका नदी, देवखात, तडाग, सरः, गर्त, प्रस्रवण इत्यादिमा गर्न पर्ने कुरा बुजिएकाले स्वाध्यायाध्ययन (ब्रह्मयज्ञ) पनि नदीतीर, देवखाततीर, तडागतीर इत्यादिमा नै गर्न पर्ने कुरा बुजिञ्छ। अशक्त्यादिले गर्दा "मुख्यो विधिः स्वशास्त्रोक्त इतरः स्यात् तु सङ्कटे" भन्ने शिष्टसिद्धान्त लिएर अनुकल्पका रूपमा "नित्यं नैमित्तिकं काम्यं क्रियाङ्गं मलकर्षणम्। तीर्थाभावे तु कर्तव्यमुष्णोदकपरोदकैः" भन्ने शङ्खवचन (वीरमित्रोदय, आह्निकप्रकाश, पृ.१७७, १९०), "शीतास्वप्सु निषिच्योष्णा मन्त्रसम्भारसम्भृताः। गेहेऽपि शस्यते स्नानं तद्धीनमफलं बहिः" भन्ने व्यासवचन (वीर.आह्निक., पृ.१७८), "भूमिष्ठं तूद्धृतात् पुण्यं तस्मात् प्रस्रवणोदकम्। तस्मात् तु नैर्झरं तोयं नैर्झरादपि सारसम्। सारसादपि नादेयं तस्मात् साधुपरिग्रहम्। सर्वेभ्यश्च तथा पुण्यं कथितं जाह्नवीजलम्" भन्ने व्यास-मरीच्यादि-वचन (विष्णुधर्मोत्तरपुराण ३।२७७।२२, द्र.- वीर.आह्निक, पृ.१८४), "तीर्थाऽभावेऽप्यशक्तो वा स्नायात् तोयैः समाहृतैः। गृहाङ्गणगतस् तत्र यावदम्बरपीडनम्" भन्ने व्यासवचन (वेदव्यासस्मृति ३।८), "वह्नितप्ताम्बुना स्नातो नाऽऽप्नोति स्नानजं फलम्। स्नातः शुद्धिमवाप्नोति कर्मण्यश्चैव जायते" भन्ने वचन (विष्णुधर्मोत्तरपुराण ३।२७७।५), "नदी-नद-तटाकेषु देवखातजलेषु च। नित्य-क्रियार्थं स्नायीत गिरिप्रसवणेषु च॥ कूपेषूद्धृततोयेन स्नानं कुर्वीत वा भुवि। गृहेषूद्धृततोयेन ह्यथवा भुव्यसम्भवे" (विष्णुपुराण ३।११।२५,२६) भन्ने वचन, "गृहेऽपि सजलं कुम्भं वायुना निशि पीडितम्। तत्स्नानं तीर्थसदृशं सर्वकामफलप्रदम्" (पद्मपुराण, उत्तरखण्ड १२७।२१) भन्ने वचन, "अभावे सरिदादीनां नवकुम्भस्थितं जलम्। वायुना ताडितं रात्रौ स्नाने गङ्गासमं विदुः" भन्ने वचन (नारदीयमहापुराण २।३१।१५), "न च गृहे मृदा स्नायान् न च शीतोदकेन, शीतोष्णोदकेन गृहे स्नायान्

मन्त्रविधिं वर्जयेत्" भन्ने वचन (आश्वलायनगृह्यपरिशिष्ट १।१०), "अथाऽरुणोदये सूर्ये गते स्नानं समाचरेत्। तीर्थे नद्यां तटाके वा गृहे वाऽपि समाहितः" भन्ने वचन (वैष्णववसिष्ठस्मृति ६।१३०-१३१), समेतका वचनहरुको विचार गरि घरमा स्नान गरेमा सन्ध्योपासन-ब्रह्मयज्ञ-तर्पणहरु पनि घरैमा गर्ने कुरा देखिन आउँछ। अध्यापनरूपको स्वाध्यायाध्ययन (ब्रह्मयज्ञ) भने गृह्याग्नि भएका ब्राह्मणले गृह्याग्निशालामा, अनुकल्पकाग्नि भएका ब्राह्मणले घरका कुनै पवित्र ठाममा र श्रौताग्नि भएका ब्राह्मणले सभ्याग्नि भएका सभास्थलमा प्रातःस्नान-सन्ध्योपासन-प्रातरग्निपरिचरण-प्रातरग्निहोत्रादि यथोचित रूपमा सम्पन्न गरेपछि प्रातःकालमा र सङ्गवकालमा नै सामान्यतया गर्नपर्छ। परिस्थितिले गर्दा मध्याह्नस्नान गर्नै नसक्ने वा नमिल्ने वार्तावृत्ति गृहस्थ ब्राह्मणले वेदमन्त्रसंहितादि ग्रन्थको प्रतिदिन क्रमशः गरिने उपर्युपरिभागाध्ययनरूप मुख्य रूपको ब्रह्मयज्ञ पनि यथाशक्ति यथोचित रूपमा घरमा नै प्रातःस्नान र प्रातःसन्ध्योपासन-मध्याह्नसन्ध्योपासनादि गरेर यथावसर प्रातःकाल-सङ्गवकालहरुमा नै घरमा नै कुनै पवित्र ठाममा बसेर यथाविधि गर्नपर्छ। वेदाभ्यासरूप ब्रह्मयज्ञ भने सबैले नै यथावसर प्रातःस्नानादि गरि प्रातःकालादिमा घरैमा गर्न हुञ्छ। ब्रह्मयज्ञको देशका विषयमा तल लेखिएका वचन पनि स्मरणीय छन्—

(क) ब्रह्मयज्ञेन यक्ष्यमाणः प्राच्यां दिशि ग्रामादच्छदिर्दर्शे ....।

—तैत्तिरीयारण्यक २।११ (पृ.१७३)।

(ख) ग्रामे मनसा स्वाध्यायमधीयीत दिवा नक्तं वा।

—तैत्तिरीयारण्यक २।१२ द्र.- काठकस्वाध्यायब्राह्मण।

(ग) सर्वतोमुखसामीप्यं ब्रह्मयज्ञस्य सन्ततम्।
विशेषेण प्रशंसन्ति काननं बहिरप्यति॥
ग्रामो गृहो मध्यमः स्यात् तस्मात् तत्रैव सञ्चरेत्।
गृहे ग्रामेऽपि भूयश्च ह्यच्छदिर्दर्श उत्तमः॥
कृतस्नानः कृतजपः कृतहोमो जितेन्द्रियः।
ग्रामात् प्राचीमुदीचीं वा यत्र तिष्ठेज् जलाशयः॥
तत्र गत्वा प्रयत्नेन ब्रह्मयज्ञं समाचरेत्।-लौगाक्षिस्मृ., स्मृतिसन्-६, पृ.३००।

(घ) प्राग् वोदग् वा ग्रामान् निष्क्रम्याऽप आप्लुत्य शुचौ देशे यज्ञोपवीत्याचम्याऽक्लिन्नवासा दर्भाणां महदुपस्तीर्य प्राक्कूलानां तेषु प्राङ्मुख

उपविश्योपस्थं कृत्वा दक्षिणोत्तरौ पाणी सन्धाय पवित्रवन्तौ .... द्यावापृथिव्योः सन्धिमीक्षमाणः सम्मील्य वा यथा वा युक्तमात्मानं मन्येत तथा युक्तोऽधीयीत स्वाध्यायम्।

—आश्वलायनगृह्यसूत्र ३।२।२, आग्निवेश्यगृह्यसूत्र २।६।४।

(ङ) जघनेन गार्हपत्यमुपविश्यौपासनस्य वाऽधीहि भो इति गार्हपत्यमुक्त्वा प्राणायामैस्त्रिभिरायम्य सावित्रीं सहस्रकृत्व आवर्तयेच् छतकृत्वोऽपरिमितकृत्वो वा दशावरम्, वेदादयश् (वेदादीन्) छन्दांसि कूश्माण्डानि चाधीयीत।—बौधायनगृह्यसूत्र २।९।४-५, द्र.- भारद्वाजगृह्यसूत्र ३।१५।

(च) आचम्य ब्रह्मयज्ञं करोति शुद्धे देशे।—वैखानसगृह्यसूत्र १।४।

(छ) कुटुम्बे शुचौ देशे स्वाध्यायमधीयानः।—छान्दोग्योपनिषद् ८।१५।१।

ब्रह्मयज्ञमा पडिने ग्रन्थहरु

ब्रह्मयज्ञमा पडिने ग्रन्थहरु मुख्य रूपमा उपनयन (व्रतबन्ध) भए पछि उपाकर्म पनि गरेर विधिपूर्वक गुरुले उच्चारण गरेपछि उच्चारण गरि पडिने आँफ्ना शाखाका वेदका मन्त्रसंहिता र ब्राह्मणग्रन्थ तथा कल्पसूत्रहरु हुन्। तेस पछि मुख्य रूपमा वेदका छअङ्गमध्ये अवशिष्ट प्रातिशाख्यशिक्षा, व्याकरण, निरुक्त, छन्दशास्त्र र ज्योतिष इ ग्रन्थको पालो आउँच। अनि मात्र जैमिनीय-धर्ममीमांसासूत्रको र बादरायणीय ब्रह्ममीमांसासूत्रको पालो आउँछ। यो कुरा पारस्करगृह्यसूत्रका "वेदꣳ समाप्य स्त्रायात् .... बिधिर् ब्विधेयस् त्तर्कश्च वेदः, षडङ्गमेके, न कल्प्पमात्रे, कामन् तु याज्ञिकस्स्य" (२।६।१, ५-८) भन्ने व्यवस्थाबाट पनि व्यक्त हुञ्छ। वेदमा ब्राह्मणग्रन्थमा आउने विधायक वाक्य, विधेय मन्त्रसमुदाय (मन्त्रसंहिता) र तर्कशब्दले सङ्गृहीत हेतु, निर्वचन, निन्दा, प्रशंसा, संशय, परक्रिया, पुराकल्प, व्यवधारणकल्पना, उपमान एति अर्थका ब्राह्मणग्रन्थभित्रका वाक्यहरु आउँछन्। ब्राह्मणग्रन्थको उक्त स्वरूपको वर्णनको अनुकूल वचन जैमिनीय-धर्ममीमांसासूत्रका शाबरभाष्यमा (२।१।३३) पाइञ्छ। आपस्तम्बका श्रौतसूत्रका यज्ञपरिभाषाप्रश्नमा आएका "कर्मचोदना ब्राह्मणानि, ब्राह्मणशेषोऽर्थवादः, निन्दा-प्रशंसा-परकृति-पुराकल्पश्च" (२४।१।३१-३३) भन्ने वचन पनि उक्त वर्णनको अनुकूल छ। "मन्त्रब्राह्मणयोर् वेदनामधेयम्" (आपस्तम्बश्रौतसूत्र २४।१।३१), कात्यायनप्रतिज्ञा-

परिशिष्ट १।१), "वेदमधीत्य स्नास्यन्नित्युक्तं समावर्तनम्, मन्त्रब्राह्मणं वेद इत्याचक्षते, मन्त्रब्राह्मणयोर् वेदनामधेयम्, मन्त्रब्राह्मणे यज्ञस्य प्रमाणम्, मन्त्रब्राह्मणे अधीत्य चीर्णेषु वा व्रतेषु" (बौधायनगृह्यसूत्र २।६।१-५), "आम्नायः पुनर् मन्त्राश्च ब्राह्मणानि च" (कौशिकसूत्र १।३) इत्यादि वचनबाट पनि मन्त्रसंहिता र ब्राह्मणग्रन्थ नै वेद मानिएको कुरा स्पष्ट बुजिञ्छ। ब्राह्मणग्रन्थ नै नदेखेका नसुनेका केवल ४० अध्यायको मा.वा.शुक्लयजुर्वेदसंहिता मात्र देखेसुनेका माञ्छेलाइ यो कुरा बुज्न गारो भए पनि वैदिकपरम्पराको मूल सिद्धान्त मन्त्रभाग र ब्राह्मणभाग दुवैलाइ वेद मात्रे नै हो भन्ने कुरा उक्त श्रौतसूत्र-गृह्यसूत्रादिका वचनबाट स्पष्ट बुजिञ्छ। ब्रह्मयज्ञमा पडिने ग्रन्थका विषयमा विचार गर्दा मा.वा.शु.य.वे.शतपथब्राह्मणको ब्रह्मयज्ञ-प्रकरणबाट (११।५।६।४-८) ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्वाङ्गिरसवेद, अनुशासन, विद्या, वाकोवाक्य, इतिहासपुराण, नाराशंसी गाथा, कुम्ब्या (११।५।७।१०) एति ब्रह्मयज्ञमा पडिने ग्रन्थ हुन् भन्ने बुजिञ्छ। ऋग्वेदादिको उल्लेख मा.वा.शु.य.वे. शतपथब्राह्मणमा अन्यत्र पनि (१४।५।४।१०, १४।६।१०।६, १४।७।३।११) छ। इ उल्लेख-हरु काण्वबृहदारण्यकोपनिषद्मा (२।४।१०, ४।१।२, ४।५।१०) पनि पाइञ्चन् (द्र.-छान्दोग्योपनिषद् ७।१।२,४; ७।२।१)। तैत्तिरीयारण्यकका "यदृचोऽधीते पयसः कूल्या अस्य पितॄन् त्स्वधा अभिवहन्ति, यद् यजूंषि घृतस्य कूल्या यत् सामानि सोम एभ्यः पवते, यदथर्वाङ्गिरसो मधोः कूल्या यद् ब्राह्मणानीतिहासान् पुराणानि कल्पान् गाथा नाराशंसीर् मेदसः कूल्या अस्य पितॄन् त्स्वधा अभिवहन्ति" (२।१०) इत्यादि वचनबाट पनि ब्रह्मयज्ञमा पडिने ग्रन्थको परिचय पाइञ्छ। शतपथब्राह्मणादिमा उल्लिखित इतिहास-पुराणादि सबै वेदकै ब्राह्मणभागमा अन्तर्भूत वाक्य-प्रकरण-विशेष हुन् भन्ने कुरा शङ्करभगवत्पादका व्याख्याबाट बुजिञ्छ। सायणले भने कतै केइ कतै केइ लेखेर अलमल पारेको देखिञ्छ। आश्वलायनगृह्यसूत्रमा पनि "अथ स्वाध्यायमधीयीत, ऋचो यजूंषि सामान्यथर्वाङ्गिरसो ब्राह्मणानि कल्पान् गाथा नाराशंसीरितिहासपुराणानीति" (३।३।१,२) भन्ने उल्लेख पाइञ्छ। ब्रह्मयज्ञमा पढ्न पर्ने ग्रन्थका विषयमा तल लेखिएका वचन पनि स्मरणीय छन्—

(क) वेदाभ्यासो हि विप्राणां परमं तप उच्यते।
ब्रह्मयज्ञः स विज्ञेयः षडङ्गसहितस् तु सः॥—दक्षस्मृति २।२५-२६।

(ख) वेदाथर्वपुराणानि सेतिहासानि शक्तितः।
जपयज्ञप्रसिद्ध्यर्थं विद्यां चाऽऽध्यात्मिकीं जपेत्॥–याज्ञवल्क्यस्मृ.१।१०१।

(ग) ऋचां च यजुषां साम्नामथर्वाङ्गिरसामपि।
इतिहासपुराणानां वेदोपनिषदां द्विजः॥
शक्त्या सम्यक् पठेन् नित्यमल्पमप्यासमापनात्।
स यज्ञदानतपसामखिलं फलमाप्नुयात्॥
वेदेभ्योऽन्यत्र सन्तुष्टः स विप्रः शूद्रतामियात्।
तस्मादहरहर् वेदं द्विजोऽधीयीत वाग्यतः॥
धर्मशास्त्रेतिहासादिसर्वेषां शक्तितः पठेत्।–वेदव्यासस्मृति ३।१०-१३।

(घ) स्वाध्यायी तु हि वेदस्य ब्रह्मयज्ञाय सन्ततम्।
इषेत्वेत्यनुवाकान्तमनुवाकांस् ततः पुनः॥ ....
ऋग्वेदेऽप्यग्निमीडेति अग्नआयाहि सामनि।
शं नो देवीति परमे वेदवाक्यमृचं तु वा॥
वदेदधीत्य विधिना साक्षात् कल्पे ततः पुनः।
अथातो दर्शपूर्णेति प्रणयत्यन्तकं जपेत्॥
वृद्धिरादैच्सूत्रमध्ये तत्त्रयं समुदीरयेत्।
ऋग्वेदलक्षणे चाऽपि गौर्ग्मेति च वदेत् तथा।
पञ्चसंवत्सरमिति ज्योतिःसूत्रं च तद् वदेत्।
मयरेत्यादिकं सूत्रं छन्दोविचितिमध्यगम्॥
अथातो जैमिनेः सूत्रमथातो व्यासभाषितम्।
–लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२९९।

(ङ) तस्मिन् वेदोपदेशेऽपि तैष्यां श्रावणकर्मणि।
प्रधानहोमात् परतः श्रुतीनामुपदेशतः॥
परं कल्पोपदेशोऽपि क्रियते शास्त्रवाक्यतः।
तत्समत्वेन च तथा पाणिनीयस्य तत्परम्॥
गौर्ग्मेत्यादिसमाम्नायादिकबोधकताकृतः।
शास्त्रस्य तत्परं भूयः पञ्चादिग्रन्थकस्य च॥
मयादिसूत्रकस्याऽपि मीमांसायुग्मकस्य च।
अथात इति तत्सूत्रद्वयस्याऽपि क्रमेण वै॥

तत्समत्वेन विहितोपदेशो वेदकर्मणि।
तस्मादेतानि सर्वाणि ह्यलङ्घ्यान्येव सर्वदा॥
पुराणधर्मशास्त्रादिशास्त्राणि निखिलान्यपि।
न तैस् समानीति बुधाः प्रवदन्ति यतस्तु हि॥
नोपदिष्टानि तानि स्युः प्रतिसंवत्सरं परम्।
उपदिष्टानि तु पुनः यानि कर्मणि तादृशे॥
स्युरेवाऽलङ्घनीयानि गुरूणि प्रतिवत्सरम्।
द्विवारं बहुधाऽऽवृत्त्या यावज्जीवं विशेषतः॥
—लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२७५-२७६।

(च) विमुक्तये सर्वपापक्षयार्थं चैवमेव हि।
सूत्रोक्तदेवताप्रीत्यै ब्रह्मयज्ञं करोम्यहम्॥
गायत्रीं त्रिर् जपेत् पूर्वं चाऽग्निमीडे ततः परम्।
यदङ्गेति ततः प्रोच्य अग्निर्वै इति कीर्तयेत्॥
अथ महाव्रतं चैवं पन्था एतच् च कीर्तयेत्।
अथाऽतः संहितायाश्च विदामघवदित्यपि॥
महाव्रतस्येति तथा इषे त्वोर्जे इतीव हि।
अग्न आयाहि चेत्येवं शन्नो देवीरितीति च॥
अथैतस्य समाम्नायो वृद्धिरादैजितीव हि।
अथ शिक्षां प्रवक्ष्यामि पञ्चसंवत्सरेति च॥
मयरसतजभनेत्येव गौर्ग्मा इत्येव कीर्तयेत्।
अथातो धर्मजिज्ञासा अथातो ब्रह्म इत्यपि॥
तच्छंयोरिति च प्रोच्य ब्रह्मणे नम इत्यपि।
—देवीभागवत ११।२०।४-१०; द्र.- शिवपुराण ६।१२।८८-९२।

(छ) ब्रह्मयज्ञे जपेत् सूक्तं पौरुषं चिन्तयन् हरिम्।
स सर्वान् जपते वेदान् साङ्गोपाङ्गविधानतः॥—वाधूलस्मृति, श्लो.१५६।

(ज) अपां समीपे नियतो नैत्यकं विधिमास्थितः।
सावित्रीमप्यधीयीत गत्वाऽरण्यं समाहितः॥—मनुस्मृति २।१०४।

(झ) ऋचं वाऽथ यजुर् वाऽपि साम गाथामथाऽपि वा।
इतिहासपुराणं वा यथाशक्ति न हापयेत्॥
—वैष्णववृद्धगौतमस्मृति ८।६८-६९; स्मृतिसन्दर्भ, पृ.१९९४।

ब्रह्मयज्ञको (स्वाध्यायाध्ययनको) विशेष माहात्म्य

भूलोकदेखि द्युलोकसम्म जेजति तपस्या छन्, तिनमा सबैभन्दा ठुलो तपस्या स्वाध्यायाध्ययन हो; जुनजुन यज्ञको प्रतिपादक वेदभागको स्वाध्यायाध्ययनका रूपमा अध्ययन गरिञ्छ तेसतेस यज्ञको अनुष्ठानको फल पाइञ्छ; चन्दन सुगन्धि तैल इत्यादि घसेर, सिँगारिएर पेटभोरि भोजन गरेर तथा सजिला ओच्छ्यानमा सुतेर पनि स्वाध्यायको अध्ययन गर्च भने पनि उसले नङका टुप्पासम्मका सम्पूर्ण शरीरले तपस्या गरेको हुञ्छ इत्यादि भनेर श्रुतिस्मृतिहरुमा ब्रह्मयज्ञको (स्वाध्यायाध्यनको) विशेष माहात्म्य बताइएको छ। जस्तै—

(क) ये ह वै के च श्श्रमाऽ इमे द्द्यावापृथिवी अन्तरेण स्वाद्ध्यायो हैव तेषाम् परमता काष्ठा।—मा.वा.शु.य.वे.शतपथब्राह्मण ११।५।७।२।

(ख) यद् द्यद् ध वाऽ अयन् छन्दसः स्वाद्ध्यायमधीते तेनतेन हैवाऽस्य यज्ञक्क्रतुनेष्टम् भवति।—मा.वा.शु.य.वे.शतपथब्राह्मण ११।५।७।३।

(ग) यदि ह वाऽ अप्यब्भ्यक्क्तोऽलङ्कृतः सुहितः सुखे शयने शयानः स्वाद्ध्यायमधीयीतऽ आ हैव स नखाग्रेब्भ्यस्तप्यते।-मा.वा.शत.११।५।७।४।

(घ) उताऽरण्येऽबल उत वाचोत तिष्ठन्नुत व्रजन्नुताऽऽसीन उत शयानोऽधीयीतैव स्वाध्यायं तपस्वी पुण्यो भवति।—तैत्तिरीयारण्यक २।१२।

(ङ) य एवं विद्वान् महारात्र उषस्युदिते व्रजंस् तिष्ठन्नासीनः शयानोऽरण्ये ग्रामे वा यावत्तरसं स्वाध्यायमधीते सर्वाँल् लोकान् जयति सर्वाँल् लोकाननृणोऽनुसञ्चरति।—तै.आ. २।१५, काठक-स्वाध्यायब्राह्मण, पृ.८१।

(च) आ हैव स नखाग्रेभ्यः परमं तप्यते तपः।
यः स्रग्व्यपि द्विजोऽधीते स्वाध्यायं शक्तितोऽन्वहम्॥—मनु.२।१६७।

(छ) त्रिर् वित्तपूर्णपृथिवीदानस्य फलमश्नुते।
तपसश्च परस्येह नित्यं स्वाध्यायवान् द्विजः॥—याज्ञवल्क्यस्मृति १।४८।

(ज) तपस् तपति योऽरण्ये वन्यमूलफलाशनः।
योऽधीते श्रुतिमेवादौ समं स्यात् तपसा मुने॥—पद्मपु., उत्तर.२७।४३-।

(झ) स्वाध्याय एवेह तपः पवित्रं स्वाध्याय एवेह तथैव यज्ञः।
स्वाध्यायवानेव नरः प्रयाति त्रिविष्टपं मोक्षमथाप्यभीष्टम्॥
—विष्णुधर्मोत्तरपुराण ३।२५७।७।

(ञ) उच्चैर् वदेद् बहिर्ग्रामे ग्रामे तु मनसैव वै।
तं स्वाध्यायमधीयीत तपस्वी पुण्यवान् भवेत्॥
—लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, पृ.२९८।

पण्यवीथिमा (बजारमा) पाइने ब्रह्मयज्ञपद्धतिहरु

ब्रह्मयज्ञका विषयमा पुराना धर्मशास्त्रनिबन्धि कृत्यकल्पतरुकार लक्ष्मीधर इत्यादि विद्वान्हरुले पनि लेखेका छन्। तथापि तिनका ग्रन्थमा कृत्यहरुका पूर्ण पद्धतिहरु प्रायः पाइँदैनन्। तिति कृत्यका विषयमा कतिपय आवश्यक धर्मशास्त्रीय विवेचन र निर्णयहरु मात्र ति ग्रन्थमा पाइञ्छन्। प्रायः धर्मकृत्यका विषयमा धर्मशास्त्रीय निर्णयका साथै पद्धति पनि देखाउने कलिवर्षका बयालिसौं शतकतिरका श्रीधरका स्मृत्यर्थसारमा (पृ.४६) ब्रह्मयज्ञको संक्षिप्त पद्धति देखाइएको छ। किन्तु त्यो सर्वशाखासाधारण रूपमा देखाइएजस्तो बुजिञ्छ। त्याँहाँ ब्रह्मयज्ञपछि **'स्वशाखोक्त विधिले देवादिको तर्पण गर्नु'** भन्ने उल्लेख देखिएकाले ब्रह्मयज्ञपद्धति सर्वशाखासाधारणरूपमा देखाइएको जस्तो बुजिञ्छ। किन्तु ब्रह्मयज्ञ पनि स्वशाखासूत्रादिअनुसारै हुने हुनाले श्रीधरको ब्रह्मयज्ञपद्धति माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका लागि आँफ्ना शाखाका ग्रन्थको अनुकूल नभएकाले ग्राह्य देखिँदैन।

कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका द्वितीय कण्डिकाका हरिहरका व्याख्याका अन्त्यमा **"अथ ब्रह्मयज्ञं कुर्यात्"** इत्यादि भनेर देखाइएका ब्रह्मयज्ञ-पद्धतिमा पनि **"ब्रह्म्मयज्ञारम्भे"** इत्यादि भनेर कात्यायनकृत सर्वानुक्रमणिकामा (४।१३) विधान गरिएको न्यास समाविष्ट नभएको, स्वाध्यायाध्ययनमा अनावश्यक ऋषि-देवतादिको उल्लेख गरिएको, स्वाध्यायाध्यनका आरम्भमा प्रणवका र गायत्रीका बिचमा पारस्करगृह्यसूत्रका विधानको (२।१०।१८) र बृहद्योगियाज्ञ-वल्क्यस्मृतिका विधानको (४।३६-४१) पनि अनुरूप नहुने गरि व्याहृतिहरुको प्रयोग गर्ने कुरा लेखिएको, स्वाध्यायाध्ययनमा पडिने ग्रन्थका विषयमा इतिहास-पुराणादिको छुट्टै उल्लेख गरि दुबिधा पारिएको, पारस्करगृह्यसूत्रको **"अथातो-ऽधीत्त्याऽधीत्त्याऽनिराकरणम्"** (३।१५।२४) भन्ने विधान समाविष्ट नभएको समेत हुनाले त्यो ब्रह्मयज्ञपद्धति पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका सूत्रग्रन्थहरुको पूर्णरूपमा अनुकूल नभएकाले माध्यन्दिनीय-वाजसनेयि-शुक्ल-

यजुर्वेदशाखाध्यायि ब्राह्मणहरुका लागि सर्वथा अनुसरणीय त देखिँदैन। मन्त्रका ऋषि-च्छन्द-देवता-विनियोगहरुको ज्ञान गरि राख्नु आवश्यक र उत्तम कुरा भए पनि ब्रह्मयज्ञमा मन्त्रहरुका ऋषिको र छन्दको स्मरण तथा मन्त्रमन्त्रमा ओङ्कारको उच्चारण नगर्नु भन्ने वचन पनि पाइञ्छन्। जस्तै—

न च स्मरेदृर्षीश् छन्दान् श्राद्धे वैतानिके मखे।
ब्रह्मयज्ञे न वै तद्वत् तथोङ्कारं तु नोच्चरेत्॥-व्याघ्रपादस्मृ.श्लो.३१७-३१८।

ऋषिदैवतच्छन्दांसि प्रणवं ब्रह्मयज्ञके।
मन्त्रादौ नोच्चरेच् छ्राद्धे यागकालेऽपि चैव हि॥-लघ्वाश्वलायनस्मृ.१।८८।

रेणुदीक्षितले कातीयगृह्यकारिकाका पञ्चमहायज्ञप्रकरणमा (पृ.२७९) देखाएको ब्रह्मयज्ञपद्धति पनि "बद्धाञ्जलिः" इत्यादि उल्लेखले, अध्येतव्य ग्रन्थको समुचित निर्देश नहुनाले र न्यास-अनिराकरणमन्त्रहरुको प्रयोगका अभावले गर्दा पनि अग्राह्य नै हुन गएको देखिञ्छ।

१६२८ संवत्मा रचिएको मुहूर्तमार्तण्डका वचनको उल्लेख गर्ने (१।८।२१) गदाधरका पारस्करगृह्यसूत्रभाष्यको ब्रह्मयज्ञपद्धति(२।९।१६) पनि हरिहर-रेणुदीक्षित-हरुको जस्तै अग्राह्य रूपकै देखिञ्छ।

१८१८ संवत्का समीपमा रचिएका संस्कारगणपतिमा (पृ.८२४-८२५) काण्ववाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि रामकृष्णले देखाएको ब्रह्मयज्ञको सङ्क्षिप्त पद्धति पनि समुचित देखिँदैन।

१८४७ संवत्मा वैष्णव काशीनाथोपाध्यायले बनाएका धर्मसिन्धुका आह्निकप्रकरणका ब्रह्मयज्ञखण्डिकामा "अथ कात्यायनानाम्" भनि देखाइएको ब्रह्मयज्ञको पद्धति (पृ.२३०) पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखा-सूत्रको अनुकूल नहुनाले अग्राह्य नै देखिञ्छ।

वैद्यनारायणशर्माको १९८० संवत्मा नवम संस्करणका रूपमा प्रकाशित आह्निकसूत्रावलिमा तर्पणपद्धतिभन्दा अगि समाविष्ट ब्रह्मयज्ञपद्धतिमा समाविष्ट न्यास सर्वानुक्रमसूत्रको पूर्ण अनुकूल नभएको, ब्रह्मयज्ञमा पड्न पर्ने सामग्रीको समुचित निर्देश नभएको, आदित्यब्रह्मसम्प्रदायको अथर्ववेदको प्रतीक नदिइ आर्का सम्प्रदायको अथर्ववेदको प्रतीक दिइएको, अनिराकरणमन्त्रको प्रयोग नभएको

समेत देखिएकाले त्यो ब्रह्मयज्ञपद्धति पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखासूत्रहरुको अनुकूल नभएको र युक्तिसङ्गत पनि नभएको हुनाले माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका लागि ग्राह्य नहुने नै देखिञ्छ।

बालभट्टले बनाएको र १९८० संवत्मा क्षेमराजश्रीकृष्णदासले प्रकाशित गरेको "शुक्लयजुर्वेदीयानाम् आह्निकम्" भन्ने ग्रन्थका ब्रह्मयज्ञप्रयोगमा (पृ.९७) पनि "तिर्यग्बिलश्चमस ऊर्ध्वबुध्नाय नमः" इत्यादि अशुद्ध वाक्यहरु देखिएको, ब्रह्म-यज्ञमा अनावश्यक ऋषि-च्छन्द-देवता-विनियोगहरुको पनि अनुचित रूपमा समेत समावेश भएको, कल्पसूत्रादि वेदाङ्गहरुको अध्ययनको समुचित निर्देश नभएको तथा आँफ्ना शाखाको अनिराकरणमन्त्र छोडेर ऋग्वेदशाखाका परिधानीयमन्त्र समाविष्ट गरिएको समेत हुनाले त्यो ब्रह्मयज्ञप्रयोग पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-शाखाध्यायिहरुका लागि ग्राह्य देखिँदैन।

कर्मकाण्डप्रदीपमा (पृ.१९३) अण्णाशास्त्रिले देखाएको ब्रह्मयज्ञपद्धति पनि पारस्करगृह्यसूत्रविहित अनिराकरणमन्त्रको प्रयोगको अभावसमेतका त्रुटि रहन गएकाले माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका लागि सर्वथा अनुसरणीय त देखिँदैन।

गीताप्रेसको महामहोपाध्याय विद्याधरशर्मा गौड इत्यादिले सम्पादन गरिएको भनिएको २०१८ संवत्मा प्रकाशित सप्तम संस्करणको नित्यकर्मप्रयोगका अन्त्यमा दिइएको ब्रह्मयज्ञविधि पनि "तिर्यग्विलाय चमसोर्ध्वबुध्नछन्दःपुरुषाय नमः" भन्ने नमिल्दो वाक्य परेको र उपर्युक्त प्रकारका अन्य दोषहरु पनि भएको तथा ब्रह्मयज्ञलाइ र तर्पणलाइ विच्छिन्न गराइ छुट्टाछुट्टै प्रसङ्गमा समाविष्ट गरिएको हुनाले त्यो पनि माध्यन्दिनीय-वाजनसनेयि-शुक्लयजुर्वेदशाखाध्यायिहरुका लागि ग्राह्य देखिँदैन।

गीताप्रेसले नै प्रकाशित गरेको २०५२ संवत्को सातौं संस्करणको नित्य-कर्मपूजाप्रकाशको ब्रह्मयज्ञपद्धति (पृ.८४) त सर्वथा अशास्त्रीय रूपको देखिञ्छ।

भारततिर प्रकाशित भएका अरु पनि जे जति ब्रह्मयज्ञपद्धतिहरु देख्न पाइएको छ तिमध्ये कुनै पनि माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखासूत्रका पूर्ण अनुकूल त नभएकै पाइएको छ।

शतपथब्राह्मणादिब्राह्मणग्रन्थलाइ वेदै नमान्ने र कात्यायनश्रौतसूत्र-पारस्कर-गृह्यसूत्रादिग्रन्थलाइ धर्ममा प्रमाणै नमान्ने आर्यसमाजि दयानन्द-युधिष्ठिरमीमांसकादिले सन्ध्योपासनलाइ नै ब्रह्मयज्ञ भन्दै देखाएका ब्रह्मयज्ञपद्धति त शास्त्रीय हुने र वैदिक-सनातन-वर्णाश्रमधर्मानुयायि ब्राह्मणादिलाइ ग्राह्य हुने कुरै भएन।

नेपालि पण्डितहरुले लेखेका ब्रह्मयज्ञपद्धतिहरुमध्ये १९९३ संवत्मा जुद्धसम्सेरका आज्ञाले ने.भा.प्र.स.ले प्रकाशित गरेको, इतिहासलेखक बालचन्द्र-शर्माका पिता पण्डित गोपालचन्द्र उपाध्याय ढुङ्गानाद्वारा सङ्कलित गरिएको ब्राह्मण-सर्वस्वको ब्रह्मयज्ञपद्धति (पृ.१८१,१९३,२१७) नेपालि भाषामा लेखिएको र स्वशाखा-सूत्रको विशेष अनुकूल नभएको पनि देखिञ्छ। बालकृष्णाचार्यले सङ्गृहीत गरेको भनिएको र कुलचन्द्र गौतम, पद्मप्रसाद भटराइ, वंशीधर मिश्र, भगवत्प्रसाद मिश्र, केशवशर्मा, गङ्गाधर पराजुलि एति व्यक्तिहरुको सम्मति भएको, २०३३ संवत्मा छापिएको *"षट्तमावृत्ति"*को नित्यकर्मविधि हेर्दा कसैले "निर्दोष" भनेको भए पनि तेसमा समाविष्ट ब्रह्मयज्ञप्रयोगमा (पृ.८३-८६), "तिर्यग्विलश्चमस ऊर्ध्व-बुध्नः छन्दःपुरुषस्य" इत्यादि नमिल्दा र अस्पष्ट कुरा देखिएकाले र वैद्य नारायण-शर्माका ब्रह्मयज्ञप्रयोगमा भएका र तेसमा नभएका समेत अरु दोष पनि भएकाले त्यो पनि अग्राह्य देखिञ्छ। रामनाथ आचार्यले गीताप्रेसको नित्यकर्मप्रयोगको अनुवाद गरि प्रस्तुत गरेको, २०२० संवत्मा छापिएको नित्यकर्म-प्रयोगमा (पृ.१६७-१७०) समाविष्ट ब्रह्मयज्ञविधिको छुट्टै पर्यालोचन गर्नु त आवश्यकै देखिँदैन।

अगि पाल्पाका राजाका आश्रित भै पछि तनुङका राजा त्रिविक्रमसेनका आश्रित भएका कुमाइँपद्धतिकार कुलनिधिशर्माले त्रिविक्रमसेनकै आज्ञाले बनाएको, १९५९ संवत्मा प्राभाकरि कम्पनिले छपाएको नित्यकर्मप्रकाशिकामा, उक्त नित्यकर्मप्रकाशिकाकै अनुकरण गरि प्रस्तुत गरिएजस्तो देखिने बाबुमाधवप्रसाद-शर्माका नित्यकृत्यप्रकाशिकामा तथा चोभारका चिरञ्जीवि पोखर्‍यालका २०१७ संवत्मा प्रकाशित सदाचारधर्मान्तर्गत दैनिक कर्म भन्ने ग्रन्थमा र उनैका २०२९ संवत्मा रत्नपुस्तक भण्डारले प्रकाशित गरेका कर्तव्यप्रकाश भन्ने ग्रन्थका विधान-प्रकरणम् भनिएको आह्निकप्रकरणमा (पृ.२७२-३२०) पनि ब्रह्मयज्ञप्रयोग नपाइनु अनौठो कुरा देखिञ्छ। एसबाट कुलनिधिशर्माहरुले वैदिक-सनातन-वर्णाश्रमधर्ममा ब्राह्मणका लागि ब्रह्मयज्ञको अत्यावश्यकता र महत्त्व बुझ्न नसकेको देखिञ्छ।

कात्यायनोक्त ब्रह्मयज्ञका पदार्थहरुको सङ्क्षिप्त परिशीलन

ब्रह्मयज्ञका र तेसका पद्धतिका विषयमा आवश्यक विचारहरु सङ्क्षेपमा माथि प्रस्तुत गरिएका छन्। सबै धर्मकृत्यमा सङ्कल्प आवश्यक मानिएकाले कात्यायन-स्नानसूत्रमा विशेष उल्लेख नभएपनि पद्धतिमा ब्रह्मयज्ञको निम्ति आवश्यक र समुचित रूपको सङ्कल्प छोट्करि रूपमा दिइएको छ। हेमाद्रिकृत महासङ्कल्प सारै नै प्रसिद्ध भएपनि वैद्यनारायणशर्माका आह्निकसूत्रावलि इत्यादिमा पाइने हेमाद्रिकृत महासङ्कल्पमा लेखक-प्रमादादिले हो कि पछिका लेखक-सम्पादकादिले थप-घट परिवर्तन इत्यादि गर्नाले हो तेसमा **"एकतमे"** भन्ने अपाणिनीय अशुद्ध प्रयोग देखिएको, नमिल्दो रूपमा नै **"अष्टमे श्वेतवाराहकल्पे"** भनिएको र अरु पनि नमिल्दा कुरा त्याँहाँ भएको हुनाले तेसमा संशोधन परिष्कार र संक्षेपीकरण तथा वैदिकीकरण समेत गरि सङ्कल्पको निदर्शन प्रस्तुत ग्रन्थकारका सन्ध्योपासनपद्धतिका (२०५६) परिशिष्टमा र एसै पद्धतिका परिशिष्टमा पनि देखाइएको छ। याँहाँ पद्धतिमा त सङ्कल्प सारै नै सङ्क्षिप्त मात्र दिइएको छ। अब याँहाँ ब्रह्मयज्ञप्रयोगमा आवश्यक प्रमुख पदार्थहरुको सङ्क्षिप्त परिशीलन प्रस्तुत गरिञ्छ।

आसन

ब्रह्मयज्ञ गर्दा आसनका रूपमा कुशहरुको प्रयोग हुने कुरा कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका **"उपविशेद् दर्भेषु दर्भपाणिः स्वाद्ध्यायञ् च यथाशक्त्यादावारब्ध्य वेदम्"** भन्ने स्वाध्यायाध्ययनरूप ब्रह्मयज्ञको विधान गर्ने वचनका **"उपविशेद् दर्भेषु"** भन्ने वाक्यमा पनि स्पष्टै छ। तैत्तिरीयारण्यक (२।११), आश्वलायनगृह्यसूत्र (३।२।२), आग्निवेश्यगृह्यसूत्र (२।६।४) इत्यादिका वचनहरुमा पनि यो कुरा स्पष्ट छ। मनुस्मृतिका **"प्राक्कूलान् पर्युपासीनः"** (२।७५) भन्ने व्यवस्थाबाट पनि वेदाध्ययन गर्दा पूर्वतिर टुप्पो पारिएका कुशहरुमा बसेर वेद पड्न पर्ने कुरा बुजिञ्छ। शाखान्तरका श्रुतिसूत्रादिको र कात्यायनको **"दर्भेषु"** भन्ने पदको विचार गर्दा कुशको ठुलो मुठो फुकाइ पूर्वतिर टुप्पो पारि कुश फिँजाएर तिनै कुशमाथि पन्थ मारेर बसेर ब्रह्मयज्ञ गर्न पर्ने कुरा बुजिञ्छ। कुश सुलभ नहुँदा अरु पवित्र आसनमाथि पूर्वतिर टुप्पो फर्केका तिण्टा कुश राखेर तिनै कुशमाथि बसेर ब्रह्मयज्ञ गर्ने गरिञ्छ। कुश प्राप्त हुन नसकेमा श्रुति-स्मृतिहरुका विचारबाट अरु कुनै पवित्र यथोपलब्ध आसनमा बसेर ब्रह्मयज्ञ गर्न हुने देखिञ्छ।

दर्भग्रहण

उक्त ब्रह्मयज्ञविधायक कात्यायनवचनमा "दर्भपाणिः" भन्ने विशेष उल्लेख भएकाले ब्रह्मयज्ञ गर्दा दाइने हातमा बुडि उम्लाका र चोरि उम्लाका बिचमा च्यापेर तिन कुशहरु लिनपर्छ। हरिहरादिले दुवै हातमा कुश लिने कुरा गरेका छन्। कुशहरु टुप्पा भएका हुनपर्छ। वैदिक परम्परामा कुशको सारै धेरै महत्त्व छ। कुनै पनि महत्त्वपूर्ण पुण्यकर्म गर्दा हातमा कुश लिने गरिञ्छ। व्याकरणसूत्रकार भगवान् पाणिनि मुनिले व्याकरणका सूत्रको रचना गर्दा पनि हातमा कुश लिएर रचना गर्नु भएको थियो भन्ने कुरा पाणिनीय-व्याकरणभाष्यकार पतञ्जलि मुनिको कथनबाट बुजिञ्छ। जस्तै– **"प्रमाणभूत आचार्यो दर्भपवित्रपाणिः शुचाववकाशे प्राङ्मुख उपविश्य महता यत्नेन सूत्रम् प्रणयति स्म"** (पा.व्या.भा. १।१।१, वा.७)।

वेदाध्ययनमा ब्रह्माञ्जलि

वेदाध्ययन गर्दा ब्रह्माञ्जलि गर्न पर्ने कुरा ऋग्वेदिहरुका ग्रन्थमा विहित देखिञ्छ। ब्रह्माञ्जलिको उल्लेख मनुस्मृतिमा (२।७०) पनि छ। बृहद्योगि-याज्ञवल्क्यस्मृतिमा पनि स्वाध्यायाध्ययनप्रकरणमा (७।५७-६०) एसको उल्लेख देखिञ्छ। अमरकोषमा पनि **"अथाऽञ्जलिः। पाठे ब्रह्माञ्जलिः"** (२।७।३८-३९) भन्ने उल्लेख छ। ब्रह्माञ्जलिको प्रयोग र परिभाषा वीरमित्रोदयका आह्निकप्रकाशमा (पृ.३३०-३३१) प्रतिपादित छ। ब्रह्माञ्जलि गर्दा पन्थ मारेर दाइने तिग्रामाथि उत्तानो देउरे हत्केलो राखि तेसमा उम्लापट्टि टुप्पा भएका पवित्र राखि तेसमाथि घोप्टो गरि दाइने हातको हत्केलो राखिञ्छ। एस्तो प्रयोग धर्मसिन्धुका तृतीय परिच्छेदका पूर्वार्धका आह्निकप्रकरणमा आश्वलायनब्रह्मयज्ञको प्रतिपादन गर्दा पनि देखाइएको छ (द्र.- लघ्वाश्वलायनस्मृति १।८३-८५)। वेद पाठ गर्दा ब्रह्माञ्जलि गर्ने त्यो विधान हस्तस्वरको विधान नभएका ऋग्वेदादिको हो, हस्तस्वरको विधान भएका माध्य-न्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखामा त्यो विधान छैन। रेणुदीक्षिले ब्रह्मयज्ञमा गरेको **"बद्धाञ्जलिः"** भन्ने उल्लेख चिन्त्य कुरा देखिञ्छ।

न्यास

यद्यपि हरिहरले र गदाधरले पनि ब्रह्मयज्ञपद्धतिमा न्यासको प्रयोग देखा-एका छैनन्, तथापि शतपथब्राह्मणमा पनि सङ्केत भएको न्यासको कात्यायनीय

सर्वानुक्रमणिकामा **"ब्रह्म्मयज्ञारम्भे यथाविधि स्त्रात्त्वा छन्दःपुरुषमेनोनिर्णोदन शरीरन् न्यसेत्"** (४।१३) भन्ने विधान भएकाले ब्रह्मयज्ञका प्रारम्भमा उक्त ग्रन्थमा बताएअनुसार न्यास गर्नु समुचित देखिञ्छ। आह्निकसूत्रावलिकारादिले पनि एस न्यासको प्रयोग देखाएकै छन्। न्यासका दुइ प्रकार हुन सक्छन् भनि सर्वानुक्रमणिकाका भाष्यमा अनन्तले भनेका छन्। तदनुसारै प्रस्तुत पद्धतिमा एक प्रकारको न्यास देखाइएको छ। बालभट्टको आह्निकमा न्यासपछि न्यासको माहात्म्य पनि पड्ने कुरा देखिएकाले याँहाँ पनि तेसै गरिएको छ। यो न्यास गर्दा सके **"अथातो नित्त्य स्त्रानम् नद्द्यादौ"** इत्यादि कात्यायन-त्रिकण्डिक-स्नानसूत्रका विधिले स्नान गरेर नसके दस प्रकारका स्नानमध्ये यथाशक्ति कुनै एक प्रकारको स्नान गरेर सन्ध्योपासन गरि आसनमा बसेर यो न्यास गर्नपर्छ।

ओङ्कारको र सावित्र गायत्रीको प्रयोग

हुन त कात्यायनका स्वाध्यायाध्ययनविधानमा वेदाध्ययनका प्रारम्भमा ओङ्कारको वा ओङ्कारको र सावित्र गायत्रीको उच्चारण गरेर मात्र वेदको प्रारम्भ गर्नु भन्ने विधान छैन तथापि पारस्करगृह्यसूत्रमा वेदका प्रवचनका प्रारम्भमा ओङ्कारको उच्चारण गरि सावित्र गायत्रीको तिनपल्ट उच्चारण गरेर वेदको प्रवचन गर्ने कुरा **"ओङ्कारमुक्क्त्वा त्रिश्च्च सावित्त्रीमद्ध्यायादीन्न् प्रब्रूयात्"** (२।१०।१८) भनि विधान गरिएको हुनाले र कातीय सर्वानुक्रमसूत्रमा पनि **"ओ३मिति परमाक्क्षरस्स्य .... ब्रह्म्मारम्भे बिरामे च .... बिनियोगः"** (४।९) भनि वेदका आरम्भमा र विराममा ओङ्कारको उच्चारण गर्ने कुरा जनाइएको हुनाले ब्रह्मयज्ञमा वेदमन्त्रादिका आरम्भमा ओङ्कारको उच्चारण गरि सावित्र गायत्रीको तिनपल्ट उच्चारण गर्नु समुचित र आवश्यक देखिञ्छ। **"ओङ्कारः स्वाद्ध्यायादौ"** भन्ने उल्लेख शुक्लयजुर्वेदप्रातिशाख्यमा पनि छ (१।१६)। तैत्तिरीयोपनिषद्मा पनि **"ओमिति ब्राह्मणः प्रवक्ष्यन्नाह"** - १।८।१) भन्ने उल्लेख देखिञ्छ, छान्दोग्योपनिषद्मा पनि **"तेनेयं त्रयी विद्या वर्तते ओमित्याश्रवयत्योमिति शंसत्योमित्युद्गायति"** (१।१।९) भन्ने उल्लेख पाइञ्छ; प्रणवोपनिषद्मा **"न मामनीरयित्वा ब्राह्मणा ब्रह्म वदेयुर् यदि वदेयुरब्रह्म तत् स्यात्"** (पृ.३३) भन्ने कुरा छ। पाणिनीय-व्याकरण-भाष्यमा पनि **"ओमित्युक्त्वा वृत्तान्तशश् शमित्येवमादीन् शब्दान् पठन्ति"** (१।१।१) भनिएको छ। मनुस्मृतिमा पनि **"ब्रह्मणः**

